# बाल यौन दुर्व्यवहार

## अपराध अनुसन्धान तथा घटना व्यवस्थापन

# सहयोगी हाते पुस्तक

प्रकाशक

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र

तथा

समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)

**सल्लाह :**

प्रहरी नायब महानिरीक्षक कृष्णबहादुर राना
वरिष्ठ प्रहरी उपरीक्षक इन्द्र न्यौपाने
श्री शान्ति अधिकारी, अध्यक्ष सिविस
श्री सीता घिमिरे, सेभ द चिल्ड्रेन
प्रहरी अतिरिक्त महानिरीक्षक प्रकश कुंवर (**दोस्रो संस्करणका लागि**)
प्रहरी नायब महानिरीक्षक पार्वती थापा मगर (**दोस्रो संस्करणका लागि**)

**संयोजन :**

प्रहरी नायब उपरीक्षक दुर्गा सिंह
प्रहरी नायब उपरीक्षक किरण बज्राचार्य (**दोस्रो संस्करणका लागि**)
श्री युवराज घिमिरे, कार्यक्रम संयोजक, सिविस
श्री ऋतु भट्ट, कार्यक्रम संयोजक, सिविस
श्री प्रेम घिमिरे, कार्यक्रम अधिकृत, सिविस (**दोस्रो संस्करणका लागि**)

**लेखन :**

प्रहरी नायब उपरीक्षक दुर्गा सिंह
प्रहरी नायब उपरीक्षक किरण बज्रचार्य (**दोस्रो संस्करणका लागि**)
प्रहरी निरीक्षक रञ्जु सिग्देल
प्रहरी निरीक्षक छिरिङ किप्पा लामा (**दोस्रो संस्करणका लागि**)
अधिवक्ता कमल गुरागाईं, लिगल एड अफिसर, सिविस (**दोस्रो संस्करणका लागि**)

**सम्पादन :**

अधिवक्ता रामकृष्ण काफ्ले
श्री मिलन धरेल, कार्यकारी निर्देशक, सिविस

**प्रथम संस्करण मिति :** सन् २००८
**दोस्रो संस्करण मिति :** सन् २००९

# शुभकामना सन्देश

प्रकाश कुँवर
प्रहरी अतिरिक्त महानिरीक्षक
**Prakash Kunwar**
*M.A.B.L.*
Additional Inspector General of Police

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग, काठमाडौं
**Police Headquarters**
Crime Investigation Department, Kathmandu



## शुभकामना

समाजमा ठूलो भाग ओगटेको बालबालिकाको वर्तमान अवस्थाबाट राष्ट्रको भविष्य स्वत: अनुमान गर्न सकिन्छ। तसर्थ उनीहरुको हक अधिकार संरक्षणका लागि राज्यले समसामयिकरुपमा पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

बालबालिकासंग सम्बन्धित कुनैपनि अपराध वा संभावित अन्य विषयहरुलाई सही सम्बोधन गर्नका लागि विशेष खालको दक्षता हासिल गरेका प्रहरी कर्मचारीहरुको आवश्यकता पर्दछ। त्यस्ता प्रहरी कर्मचारीहरुलाई उक्त समूहहरुसंगको व्यवहारमा विशेष संवेदनशील बन्नुपर्दछ भन्ने कुराको ज्ञान हुनुपर्दछ।

यसै उद्देश्य परिपूर्तिका लागि नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयले सक्रियताका साथ काम गर्दै आइरहेको छ। बालबालिका बिरुद्ध हुने जटील अपराधको रोकथाम, नियन्त्रण तथा अनुसन्धानमा बहुपक्षीय सहभागिता जुटाउने उद्देश्यले Proactive Policing Aproach अंगिकार गर्ने नेपाल प्रहरीको प्रतिबद्धतालाई अनुसरण गर्दै सरोकारवाला विभिन्न संघसंस्था तथा निकायहरुसंग समन्वय, साझेदारी र सहकार्य गर्ने प्रयास स्वरुप निर्देशनालयले प्रहरी कर्मचारीको क्षमता अभिवृद्धिका लागि समाजसेवा तथा मानव अधिकारमा महिला तथा बालबालिका (सिविस) को संयुक्त प्रयास र Save the Children को सहयोगमा "बाल यौन दूर्व्यवहार अनुसन्धान" विषयक तालिम सञ्चालन गर्दै आएको छ।

नेपाल प्रहरी तथा सिविसको संयुक्त तत्वावधानमा संचालित तालिमको गुणस्तर वृद्धि गरी पूर्णता प्रदान गर्ने उद्देश्यका साथ २०६५ मा प्रकाशित बाल यौन दुर्व्यवहार अपराध अनुसन्धान तथा घटना व्यवस्थापन सहयोगी हाते पुस्तकलाई समसामयिक संशोधन र परिमार्जित गरी प्रकासन हुन लागेको दोश्रो संस्करणले सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई बाल यौन दुर्व्यवहार अनुसन्धान विषयमा दक्ष र पूर्ण व्यवसायिक बनाउने कार्यमा महत्वपूर्ण योगदान पुर्याउने कुरामा म विश्वस्त छु।

अन्तमा, यस पुस्तकको दोस्रो संस्करणको लेखन तथा प्रकाशनमा सहयोग पु-याउने नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय र सिविस (समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका) लाई धन्यवाद दिदै सहकार्यको निरन्तरता र सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

प्रहरी अतिरिक्त महानिरीक्षक
(प्रकाश कुँवर)

Phone : 01-4420541 (Off.), 01-4478283 (Res.), Mobile : 9851092080, Fax : 977-1-4412602, P.O.Box : 407, E-mail : prakashkunwar59@yahoo.co.uk

# मन्तव्य

पार्बती थापा मगर
प्रहरी नायब महानिरीक्षक

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग,
महिला तथा बालबालिका सेवा निर्देशनालय



## मन्तव्य

बालबालिका भविष्यको धरोहर हो । उनीहरुको अधिकार र संरक्षण प्रति विशेष सम्वेदनशिल रहनु पर्ने तथ्यमा विश्वका समाजका सबै तह र तप्काका वर्गहरुले स्विकारेको स्थिती छ । बाल्यकाल देखि नवयुवकका चरण पुरा गर्दाको क्रममा आई पर्ने जोखिमको परिस्थितीबाट जोगाई उज्जवल भविष्यको सुनिश्चिताका लागि विभिन्न क्षेत्रबाट विविध प्रयासहरु भई रहेका छन् । यसै क्रममा संयुक्त राष्ट्र संघको महासभा द्धारा पारित बालबालिका सम्वन्धि महासन्धी (Convention on the Right Of Children -1989 ) लाई सन १९९० मा नेपालले अनुमोदन गरी तत्काल सरकारले बालबालिका सम्वन्धि ऐन २०४८ पारित गरी बालबालिका संरक्षणमा प्रतिवद्धता जनाएको हो ।

समाजको आधुनिकरण र सम्वेदनशिलताको बावजुद पनि बालबालिका उपर बिभिन्न पाशविक तवरले घर, विद्यालय र सामाजिक संघ संस्था र अन्य सार्वजनिक स्थलहरुमा यौन दुर्व्यवहार र शोषणका घटनाहरु उल्लेख्य रुपमा घटि रहेको अवस्थामा यस्ता खालका अपराध नियन्त्रण र रोकथाम गर्ने सन्दर्भमा अझ बढि प्रयास र समन्वयको आवश्यकता महशुस भएको छ । महिला तथा बालबालिकाको विषय वस्तुको गहनता र सम्वेदनशिलतालाई मध्यनजर राखि नेपाल प्रहरीले २०५२ सालमा तत्कालिन महिला सेलको स्थापना गरी कार्य शुरु गरी २०६२ सालमा केन्द्रिय महिला तथा बालबालिका सेवा केन्द्रका रुपमा नामाकरण गरी केन्द्रिय र जिल्ला स्तर सम्म सेवा प्रदान गर्दै आएको छ ।

२०६५।७।२० मा नेपाल भरिका महिला तथा बालबालिका सेवा केन्द्रहरुलाई परिचालन गर्न आवश्यक निति बनाई स्पष्ट निर्देशन दिने र दक्ष जनशक्ति उत्पादन गरी आवश्यक व्यवस्थापन गर्ने उद्देश्य सहित महिला तथा बालबालिका सेवा निर्देशनालयको स्थापना भएको हो ।

महिला तथा बालबालिका विरुद्धका अपराध, यौन शोषणहरु तथा अन्य दुर्व्यवहारको रोकथाम,नियन्त्रण तथा प्रभावित पीडित बालबालिकाहरुको सहायताको लागि बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गर्दै प्रभावकारी ढङ्गले यस क्षेत्रमा काम गर्दै आई रहेको छ। अत : बाल यौन शोषण अपराधको विषय वस्तुको सम्वेदनशिलता, अनुसन्धानमा सैद्धान्तिक तथा व्यवहारीक ज्ञानको अपरिहार्यतालाई मध्यनजर राखी यस "बाल यौन दुर्व्यवहार अपराध अनुसन्धान तथा घटना व्यवस्थापन सहयोगी हाते पुस्तक " पहिलो संस्करण मिति २००८ मा प्रकाशन गरिएकोमा सरकारबाट पारित भएको तथा संशोधन भएका महिला तथा बालबालिका सम्वन्धि ऐन नियमहरु अध्यावधिक र थप गरिनु पर्ने आवश्यकता देखिए अनुरुप संशोधन र परिमार्जन गरी दोस्रो संस्करण प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस पुस्तक कोशे ढुङ्गाको रुपमा साबित भई बाल यौन दुर्व्यवहार सम्वन्धि घटनाको अनुसन्धान गर्ने दक्षता अभिवृद्धी गर्ने दिशामा ठुलो सहयोग पुग्ने विश्वास लिएकी छु ।

अन्तमा यस हाते पुस्तकको दोश्रो संस्करण लेखन, सम्पादन तथा प्रकाशनमा सहयोग पुर्याउनु हुने महिला तथा बालबालिका सेवा निर्देशनालय, सेभ द चिल्ड्रेन र समाज सेवा तथा मानव अधिकारमा महिला तथा बालबालिका (सिविस) लाई धन्यवाद दिन चाहन्छु र भविष्यमा समेत सहकार्य गर्ने अवसर प्राप्त भइरहनेछ भन्ने कुरामा समेत विश्वस्त छु ।

प्रहरी नायब महानिरीक्षक
(पार्बती थापा मगर)
निर्देशक
महिला तथा बालबालिका सेवा निर्देशनालय

Phone: 01-4440582 (Off ),01-4383377 (Res),01-4430411 (Fax), Email : thapaparu@yahoo.com

# प्रकाशकीय

नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
**अपराध अनुसन्धान विभाग**
(केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्र)
(.............................................. शाखा)

☎ ४४१२७८३, ४४२०५४१
फ्याक्स : ४४१२६०२
पो. ब. नं. ४०७
नक्साल
काठमाडौं, नेपाल ।

टेलिग्राम "नेप्पोल"

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-

मिति : २०६५।५।१५ गते ।

**विषय :-** प्रकाशकिय

बालवालिकाहरुको शोषण तथा उत्पीडनले सम्पूर्ण विश्व नै चिन्तित छ । उनीहरुलाई जोखिमको परिस्थितिवाट मुक्त गरी उनीहरुको उज्जवल भविष्यको सुनिश्चितताका लागि विभिन्न क्षेत्रबाट धेरै प्रयासहरु भैरहेका छन् । यसै क्रममा इ.सं. १९८९ मा संयुक्त राष्ट्र संघको महासभाले बालबालिका सम्वन्धि महासन्धी (CRC) पारित गरिसकेको छ । १९९० मा नेपाल पनि सो महासन्धिको पक्ष राष्ट्र भयो र सोही महासन्धिमा आधारित भई विक्रम सम्वत् २०४८ मा बालबालिका सम्वन्धि ऐनको व्यवस्था समेत भईसकेको छ ।

विभिन्न प्रयासहरुका वावजुद पनि वालवालिका उपर पाशविक तवरले विद्यालय, घर लगायतका अन्य सामाजिक संघ संस्थाहरुमा समेत यौन शोषण हुने गरेको तथ्यले यस क्षेत्रमा अझ वढी प्रयास र समन्वयको आवश्यकता महसुस भएको छ । यस विषयलाई ठूलो चुनौतीको रुपमा मनन गरेर यस प्रति विशेष चाँसो देखाई नेपाल प्रहरीमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना भएको हो । स्थापना काल देखि यस सेवा केन्द्रले वाल यौन शोषण अपराधको रोकथाम नियन्त्रण, अनुसन्धान तथा प्रभावित वालवालिकाको सहायताको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय गर्दै आईरहेको छ । बाल यौन शोषण अपराधको विषयवस्तुको सम्वेदनशिलता, अनुसन्धानमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अपरिहार्यतालाई मध्य नजर गरी महिला तथा बालबलिका सेवा केन्द्र तथा समाज सेवा, मानवअधिकारमा महिला तथा बालबीलका ( सिविस ) संस्थाको संयुक्त आयोजनामा जुनियर प्रहरी अधिकृत तथा प्र.ह./प्र.ज का लागि प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ । यसरी संचालित प्रशिक्षण कार्यक्रमलाई अझ वढी गुणस्तरीय र एकरुप बनाउन महिला तथा बालबालिका सेवा केन्द्र र सिविसको सहकार्य र वाल बचाउ नर्वेको आर्थिक तथा प्राविधिक सहयोगमा बालयौन दुर्व्यवहार अनुसन्धान विषयक प्रशिक्षण निर्देशिका तयार पारिएको हो । यस निर्देशिकाले प्रशिक्षकहरुलाई प्रशिक्षण कार्यक्रम संचालन गर्नमा सहयोग पुऱ्याउने र नेपाल प्रहरीमा बालयौन दुर्व्यवहार अनुसन्धान विषयमा क्षमता अभिवृद्धि गरी दक्ष जनशक्ति उत्पादन गर्न समेत टेवा पुऱ्याउने विश्वास लिएका छौं ।

अन्त्यमा यस निर्देशिका प्रकाशनको क्रममा संयोजन तथा लेखन कार्य गरी सहयोग गर्नु हुने महानुभावहरु प्रति आभार व्यक्त गर्दछौं ।

जयनेपाल !
केन्द्रीय प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र,
नक्शाल ।

# कृतज्ञता

बालबालिकाविरुद्ध हाम्रो घर–समाजमा थुप्रै हिंसा, दुर्व्यवहार र शोषणका घटनाहरू भइरहेका छन् । तर सामाजिक लाञ्छना, भ्रमहरू र गलत मान्यताहरूका कारणले अत्यन्तै कम मात्रामा त्यस्ता अपराधहरू बाहिर आउने गरेका छन् । परिणामतः बालबालिकाविरुद्धको अपराधका अनुसन्धान र न्याय प्रक्रिया अपेक्षा गरेअनुरूप प्रभावकारी हुन सकिरहेका छैनन् । अर्कोतर्फ दण्डहीनताका कारण बालबालिकाविरुद्धका अपराधहरू बढिरहेका पनि छन् । यसै सन्दर्भमा समाजको स्थानीय तहसम्म गएर प्रत्यक्ष रूपमा बालबालिकाविरुद्ध हुने सबैखाले हिंसा, शोषण र दुर्व्यवहारका घटनाहरूमा न्यायिक प्रक्रियाको पहिलो निकाय प्रहरी सङ्गठनमा कार्यरत प्रहरी कर्मचारीहरूको यस क्षेत्रमा आवश्यक क्षमता विकास गर्न जरुरी थियो । यसका लागि बालसंरक्षणको क्षेत्रमा विशेष रूपमा क्रियाशील हाम्रो संस्था सिविसले नेपाल प्रहरीसमक्ष अनुरोध गरेको सहकार्यको प्रस्तावलाई स्वीकार गरी बालसंरक्षणको क्षेत्रमा नेपाल प्रहरी र विशेषत : केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रले गरेको अगुवाइप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौँ । यसका लागि आवश्यक आर्थिक तथा प्राविधिक सल्लाह प्रदान गर्नुहुने सेभ द चिल्ड्रेन नर्वे र त्यसका सीता घिमिरेज्यूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । सबैको संयुक्त मेहेनतको एउटा उपलब्धि यो हाते पुस्तक तपाईंहामीसँग आज उपलब्ध छ । हामी आशा गर्दछौँ यसको अत्यन्त प्रभावकारी ढङ्गले हामीले आफ्नो कार्यक्षेत्रमा प्रयोग गर्नेछौँ । साथै यसमा देखिएका कमीकमजोरी र नपुग विषयहरूलाई औँल्याई भविष्यमा अझ परिष्कृत रूपमा प्रकाशनमा ल्याउन हामीलाई तपाईंहरू सबैजनाको सुझावको आवश्यकता पर्दछ ।

यस पुस्तक प्रकाशनका लागि सल्लाह प्रदान गर्नुहुने, संयोजन, लेखन र सम्पादन गर्नुहुने नेपाल प्रहरीका वरिष्ठ प्रहरी अधिकृतज्यूहरू तथा सिविसका सहकर्मी मित्रहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**शान्ति अधिकारी,**
अध्यक्ष

# दोस्रो संस्करणको सन्दर्भमा

नेपाल प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र, सेभ द चिल्ड्रेन तथा सिविसले संयुक्त रुपमा सञ्चालन गरिरहेको (यौन) दुर्व्यवहारबाट बालबालिकाको संरक्षणका लागि प्रहरी सेवाको सबलीकरण सम्बन्धि पहिलो चरणको कार्यक्रमहरु लगभग अन्तिमतिर आइसकेको छ । बालबालिकाहरुको सुरक्षा र उपयुक्त न्यायका लागि प्रहरी सेवाको अत्यन्त महत्वपुर्ण भुमिका रहने गर्दछ । त्यसैले प्रहरी सेवामा रहनुभएका प्रहरी मित्रहरुको यस क्षेत्रमा संवेदनशिलता तथा विशेष क्षमता एवं दक्षता विकास हुनु जरुरी छ । यसै कुरालाई मध्यनजर राख्दै नेपाल प्रहरी र सिविसले सेभ द चिल्ड्रेनको सहयोगमा प्रकाशन गरेको बाल यौन दुर्व्यवहार अपराध अनुसन्धान तथा घट्ना व्यबस्थापन सहयोगी पुस्तिका नेपाल प्रहरीमा कार्यरत प्रहरी मित्रहरुका लागि अत्यन्त उपयोगी र प्रभावकारी भएको प्रतिक्रिया प्राप्त भएको छ । यस पुस्तकलाई सबै प्रहरी कार्यालयहरुमा उपलब्ध गराएर नेपाल प्रहरीले बाल यौन दुर्व्यवहारजस्तो संवैदनशिल विषयमा आफ्नो चासो र सरोकारलाई स्पष्ट गरिदिएको छ । पुस्तकको प्रभावकारीता, बढ्दो माग तथा यस समयमा भएका कानुनी तथा नितिगत संशोधनहरुलाई पनि अद्यावधिक गर्नुपर्ने आवश्यक्ता अनुसार नेपाल प्रहरी महीला तथा बालबालिका सेवा केन्द्रको अनुरोधमा यस पुस्तकको दोस्रो संस्करण प्रकाशन गरिएको छ ।

प्रथम संस्करण जस्तै दोस्रो संस्करणको पनि व्यापक उपयोग र यहाँहरुको् सुझाव एवं प्रतिक्रियाको अपेक्षा व्यक्त गर्दछौं ।

**बिमला ज्ञवाली**

*अध्यक्ष, सिविस*

# विषयसूची

| | |
|---|---|
| पूर्वानुमान | १५ |
| बालबालिका र बालबालिकाविरुद्ध हुने अपराधहरू | १७-२१ |
| बाल-यौनदुर्व्यवहार | २३-३३ |
| बालबालिकाको अधिकार र कानुनी व्यवस्थाहरू | ३५-४८ |
| उजुरी र अनुसन्धान | ५१-६३ |
| अनुसन्धानात्मक सोधपुछ | ६५-७० |
| पीडितको आवश्यकता पहिचान र सहायता | ७१-७९ |
| बालमैत्री परिवेश | ८१-८४ |
| बालदुर्व्यवहारमा अदालती प्रक्रिया | ८५-८७ |
| गोपनीयता | ८९-९३ |
| बालयौन दुर्व्यवहारको रोकथाम | ९५-१०० |
| **अनुसूची** | |
| आफैलाई जाँचौं एक | १०१-१०३ |
| सुझावपत्र | १०४ |
| महिला तथा बालबालिका सेवा केन्द्रका फोन नम्बरहरू | १०६ |

# पूर्वानुमान

## तपाइलाई सही लागेको उत्तरमा (✓) चिन्ह दिनुहोस ।

**१. नेपाली कानुनअनुसार बालबालिका भनेको** ..................

क. १६ वर्षसम्मका व्यक्ति    ख. १० वर्षसम्मका व्यक्ति

ग. १४ वर्षसम्मका व्यक्ति    घ. माथिका सवै

**२. बालदुर्व्यवहार भनेको** .............

क. बेवास्ता गर्नु    ख. कुटपिट गर्नु

ग. बालबालिकामाथि हुने यौनकार्य    घ. अन्य...

**३. बाल–यौनदुर्व्यवहार भन्नाले**........

क. बलात्कार गर्नु    ख. अश्लील प्रदर्शन

ग. अश्लील भाषाको प्रयोग    घ. गोप्य अङ्ग छुने/चलाउने

ङ. माथिका सबै

**४. संसारभर बाल-यौनदुर्व्यवहारको दर निम्नबमोजिम छ** .........

क. प्रत्येक १० मा १    ख. प्रत्येक २० मा १

ग. प्रत्येक २ मा १    घ. प्रत्येक ५ मा १

**५. यौनदुर्व्यवहारकर्ता प्राय** .....

क. अपरिचित व्यक्ति    ख. परिचित व्यक्ति

ग. अन्य    घ. जो-कोही पनि

**६. बाल–यौनदुर्व्यवहार कहाँ–कहाँ हुन सक्छ ?**

क. विद्यालयमा ख. घरमा

ग. बाहिर घ. जहाँ पनि

**७. बाल–यौनदुर्व्यवहार मुद्दामा प्रहरीको भूमिका के हुन्छ ?**

..............................................................................................................................

..............................................................................................................................

**८. पीडित बालबालिकासँग कुरा गर्दा के–के कुरामा सावधानी अपनाउनुपर्ला ?**

..............................................................................................................................

..............................................................................................................................

**९. बाल–यौनदुर्व्यवहारको मुद्दामा अनुसंधान गर्दा प्रहरीले पीडितप्रति कस्तो व्यवहार गर्नुपर्छ ?**


..............................................................................................................................

..............................................................................................................................

**१०. बाल–यौनदुर्व्यवहारको घटनामा अन्य व्यक्ति वा संस्थासँग समन्वय गर्नुपर्छ कि पर्दैन ? कसरी गर्न सकिन्छ कारणसहित उल्लेख गर्नुहोस ?**

..............................................................................................................................

..............................................................................................................................



# बालबालिका र बालबालिकाविरुद्ध हुने अपराधहरू

१

## १. बालबालिकाको परिभाषा

राष्ट्रिय कानुनअनुसार १६ वर्ष र अन्तर्राष्ट्रिय कानुनअनुसार १८ वर्षसम्म उमेरका व्यक्तिहरूलाई बालबालिका भनिन्छ। नेपालको मुलुकी ऐनले बालबालिकाको आपराधिक दायित्व वहन गर्ने प्रयोजनका लागि १२ वर्ष, १४ वर्ष र १६ वर्ष गरी तीन चरणमा बाँडेको छ। श्रमिकका रूपमा काम गराउने प्रयोजनका लागि श्रम ऐन र बालश्रम (निषेध र नियमित गर्ने) ऐनले १४ र १६ वर्षका अलग प्रावधान राखेको छ। नेपालको निर्वाचन ऐनमा भएको व्यवस्थाअनुसार १८ वर्ष नपुगी मतदाता नामावलीमा नाम समावेश गरिदैन। नेपाली नागरिकले नागरिकता पाउनका लागि १६ वर्ष उमेर पूरा गरेको हुनुपर्दछ। यसरी विभिन्न प्रयोजनका लागि बालबालिका र वयस्क (बालिग)का परिभाषा उमेरको आधारमा फरकफरक पाइन्छन्। तर पनि सबैले स्विकार्ने भनेको बालबालिकासम्बन्धी ऐन, २०४८ ले १६ वर्ष उमेर पुगेकालाई बालिग र त्यसभन्दा कम उमेरकालाई नाबालिग भनी परिभाषा गरेको छ।

## २. बालबालिकाविरुद्ध हुने अपराध, हिंसा र दुर्व्यवहारहरू

बलबालिकाविरुद्ध हाम्रो समाजमा विभिन्नखाले हिंसा, दुर्व्यवहार र अपराधहरू भइरहेका छन् । नेपालमा बालबालिकाको अवस्थालाई हेर्ने हो भने अधिकांश बालबालिकाहरू शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अधिकारहरूबाट वञ्चित भएको पाउछौँ । त्यतिमात्र होइन, कानुनले निषेध गरेका कतिपय हिंसा, शोषण र दुर्व्यवहारहरू उनीहरूविरुद्ध भइरहेको पाइन्छ ।

### नेपालमा बालबालिकाको अवस्था

- राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा कूल जनसङ्ख्या २ करोड ३१ लख ५१ हजार ४ सय २३ रहेको छ । उक्त जनसङ्ख्यामध्ये १४ वर्षमुनिका बालबालिकाको संख्या ९० लाख ९८ हजार २ सय १ अर्थात् ३९.३० प्रतिशत रहेको छ । यसैगरी १६ वर्षमुनिका बालबालिकाको सङ्ख्या ९९ लाख ८५ हजार ८ सय ७ अर्थात् कूल जसंख्याको ४३.१३ प्रतिशत रहेको छ भने १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या १ करोड ९ लाख ९६ हजार ५२ अर्थात् कूल जनसङ्ख्याको ४७.५ प्रतिशत रहेको छ ।

- विद्यालय जाने उमेरका बालबालिकाहरूमध्ये ८७.४ प्रतिशत मात्र बालबालिकाहरू विद्यालयमा भर्ना हुन्छन् । त्यसमा पनि बालिकाहरूमा ४८ प्रतिशत मात्र, आदिवासी जनजाति बालबालिकाहरूमा ३८ प्रतिशत मात्र, दलित समुदायका १८ प्रतिशत मात्र र अपाङ्गता भएका बालबालिकाहरूमाफ १ प्रतिशत बालबालिकाहरू मात्र विद्यालय भर्ना भएको पाइन्छ ।

- करिब १३ प्रतिशत बालबालिकाहरू अफै पनि प्राथमिक शिक्षाबाट वञ्चित रहेका छन् ।

- नेपालमा मातृ-मृत्युदर प्रति एक लाखमा २८१, बाल-मृत्युदर प्रति हजारमा ६१, शिशु-मृत्युदर प्रति हजारमा ४८ र नवजात शिशु-मृत्युदर प्रति हजारमा ३४ रहेको छ ।

- उमेरअनुसारको उचाइ नपुग्ने (पुड्कोपन) भएका बालबालिकाहरूको सङ्ख्या करिब ४९ प्रतिशत, उचाइअनुसार वजन नपुग्ने बालबालिकाहरूको सङ्ख्या

१३ प्रतिशत र उमेरअनुसारको वजन नपुगेको बालबालिकाहरूको सङ्ख्या ३९ प्रतिशत रहेको छ।

- नेपालमा रोकथाममूलक रोग झाडापखालाबाट अझैसम्म पनि ३२ प्रतिशत बालबालिकाको मृत्यु हुने गरेको पाइन्छ।
- नेपालमा बालकहरूमा साक्षरता प्रतिशत ६५ प्रतिशत रहेको छ भने बालिकाहरूमा साक्षरता प्रतिशत ४२ प्रतिशत मात्र रहेको छ।
- १४ वर्षभन्दा कम उमेरका करिब १८ लाख बालबालिकाहरू श्रमिकको रूपमा काम गरिरहेका छन्।
- एक लाख सत्ताइस हजार बालबालिकाहरू निकृष्ट तहको बाल श्रममा लगाइएका छन्।
- विद्यालयभित्र, समाज र परिवारमा अनुशासनका नाममा बालबालिकाविरुद्ध यातनापूर्ण सजाय भइरहेको छ।
- विद्यालय गइरहेका ३३.५ देखि ४५ प्रतिशत बालबालिकाहरू यौनदुर्व्यवहारबाट प्रभावित छन्।
- विद्यालय जाने अवसरबाट वञ्चित काठमाडौं उपत्यकाका घरेलु बालश्रमिकहरूमध्ये करिब ५६ प्रतिशत बालबालिकाहरू यौनदुर्व्यवहारबाट प्रभावित छन्।
- १३ देखि १८ प्रतिशत बालबालिकाहरू प्रत्यक्ष खालका यौन दुर्व्यवहारको सिकार भइरहेका छन्।
- ११ देखि १४ वर्ष उमेर–समूहका बालबालिकाहरू नै यस्ता हिंसा, दुर्व्यवहारको सबैभन्दा बढी जोखिममा पाइएको छ।
- हरेक वर्ष सात हजारदेखि १२ हजार महिला तथा बालबालिकाहरू बेचिन्छन्, जसमध्ये २० प्रतिशत १६ वर्षभन्दा कम उमेरका बालबालिकाहरू रहेको पाइएको छ।

- २००७ मा सिविन नेपालमा रेकर्ड गरिएका ८ हजार ८ सय ५ वटा घटनाहरूमध्ये बालबालिकाविरुद्ध घरेलु हिंसाका १६, यातनाका १५४, बालहत्याका ५१, हत्या गर्ने प्रयास गरिएको १४, नवजात शिशुको हत्याका २४ घटनाहरू रहेका छन् । त्यसैगरी श्रमशोषणका १०७, यौनशोषणका २५, बलात्कारका २०१ (१६ वर्षमुनिका १२२), जेलमा परेका बालबालिका ३३, विद्यालयमा अनुशासन कारबाहीका २३१, परित्यक्त र बेवास्ता गरिएका ९० रहेको थियो । सन् २००७ को एक वर्षमा मात्र बालश्रमशोषणका १०७ घटना सार्वजनिक भएका थिए ।

**यस आधारमा हेर्ने हो भने नेपालमा बालबालिकाविरुद्ध निम्न अपराधहरू हुने गरेको पाइएको छ :**

### क) यौनजन्य अपराध :

बालबालिकाविरुद्ध यौन आशयका साथ गरिने विभिन्नखाले अपराधहरूलाई यसअन्तर्गत राख्न सकिन्छ । यसअन्तर्गत बालबालिकाविरुद्ध गरिने सबैखाले यौन दुर्व्यवहारहरू पर्दछन् । जस्तै : जबर्जस्ती करणी, हाडनाता करणी, अप्राकृतिक मैथुन, अश्लील पत्रपत्रिका, चलचित्र र तस्वीरमा प्रयोग, यौनआनन्दका लागि स्पर्श, चुम्बन आदि ।

### ख) श्रमशोषण :

कानुनले तोकेकोभन्दा कम उमेरका बालबालिकाहरूलाई विभिन्नखाले श्रममा संलग्न गराउनुलाई श्रमशोषणअन्तर्गतको अपराध भनीन्छ । यस अन्तर्गत : बँधुवा मजदुर, घरेलु कामदार, होटल, रेस्टुरेन्टमा काम लगाउने, विभिन्न कलकाराखानाहरूमा काम लगाउने, सर्कस आदि क्षेत्रमा काम लगाउने, यातायात, निर्माण, खानी, युद्ध र यससँग सम्बन्धित जोखिमपुर्ण क्षेत्रमा काम लगाउने आदि खालका अपराधहरू पर्दछन् ।

### ग) बाल–बेचबिखन :

बालबालिकाहरूलाई विभिन्न प्रयोजनका लागि ललाइफकाई, जबर्जस्ती वा बाध्यतामा पारी एक स्थानबाट अर्को स्थानमा लैजाने वा लगेर बालबालिकाहरूलाई वा उनीहरूको अङ्ग-प्रत्यङ्ग बिक्री गर्ने अपराधलाई बालबालिकाविरुद्ध बेचबिखनको अपराध भनिन्छ । यसअन्तर्गत श्रमशोषण, देहव्यापार, अङ्ग प्रत्यारोपणलगायतका प्रयोजनका लागि बालबालिकाको ओसारपसार र बेचबिखन गर्ने अपराधहरू पर्दछन् ।

यसको साथै धर्म सन्तान लिने-दिने नाममा गैरकानुनी हिसाबले बालबालिकालाई एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने र बिक्रीवितरण गर्ने अपराध पनि पर्दछन् ।

### घ) देहव्यापार तथा यौनशोषण :

बालबालिकालाई कानुनले निषेध गरेको अनैतिक पेशा, व्यवसाय तथा यौनकार्यमा लगाएमा त्यस किसिमको अपराधलाई बालबालिकाविरुद्धको देहव्यापार तथा यौनशोषणको अपराधअन्तर्गत राखिन्छ । यसअन्तर्गत क्याबिन, डान्स रेस्टुरेन्ट, तथा देहव्यापारका अन्य प्रकृतिका कामहरूमा बालबालिकालाई संलग्न गराउने सबै अपराधहरू पर्दछन् ।

### ङ) बालविवाह :

कानुनले तोकेभन्दा कम उमेरमा अर्थात् संरक्षकको मञ्जुरी भए १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्षभन्दा कम उमेरका व्यक्ति बीचको विवाह गरे/गराएमा त्यसलाई बालविवाहको अपराधअन्तर्गत राखिन्छ । यस अपराधमा जन्ती जाने, लमी बस्ने, पण्डितलगायतका स्वयं बालबालिकाका अभिभावकलाई पनि सजाय हुन्छ ।


### च) यातना :

बालबालिकालाई अनुशासन, सजाय तथा विभिन्न बहानामा शारीरिक, मानसिक यातना दिने सबैखाले व्यवहारहरू यसअन्तर्गत पर्दछन् । यसअन्तर्गत बालबालिकालाई विद्यालयमा दिइने शारीरिक, मानसिक यातना पनि पर्दछ ।

### छ) अपहेलना र परित्यक्त :

बालबालिकालाई विभिन्न बहानामा भेदभाव, दुर्व्यवहार, हेला र अपहेलना गर्ने तथा साना बालबालिकाहरूलाई विभिन्न कारण देखाइ सडक, गाउँ घर, विद्यालय तथा अस्पतालहरूमा त्यसै छाडिदिने लयागतका अपराधहरू यसअन्तर्गत पर्दछन् ।

यीबाहेक पनि बालबालिकाको अपहरण, हत्यालगायतका गम्भीर अपराधहरू हुने गरेको पाइएको छ ।



# बाल–यौनदुर्व्यवहार

२

## १. बालदुर्व्यवहार

सामान्यतः कुनैपनि किसिमको अपाच्य व्यवहार दुर्व्यवहार हो। बालबालिकाको शारीरिक, मानसिक, भावनात्मक, विकास अवरुद्ध हुने गरी यौन तथा श्रमशोषण गर्नु, शिक्षाको अवसरबाट वञ्चित गर्नु, जबर्जस्ती काममा लगाउनु उनीहरूउपरको दुर्व्यवहार हो । उनीहरूलाई अप्ठेरो हुने गरी यौनाङ्ग चलाइदिनु वा चलाउन लगाउनु, अश्लील चलचित्र वा पत्रिका देखाउनु वा पढ्न दिनु, अश्लील शब्द बोल्न लगाउनु वा बोलेर सुनाउनु वा सङ्केत गर्नु पनि बालदुर्व्यहार हो। सानो गल्तीमा पनि सम्झाइबुझाइ नगरी कुटपिट गरिनु चरम दुर्व्यवहार हो । खास गरी बालबालिकाको विकासमा बाधा पर्ने गरी गरिने र गराइने हरेक कामकारबाही बालदुर्व्यवहार हुन् । बालदुर्व्यवहारको परिणाम दीर्घकालीन र घातक हुन्छ। यसले बालबालिकाको शारीरिक, मानसिक र भावनात्मक क्षति हुन्छ।

## २. बाल–यौनदुर्व्यवहार

कुनै पनि वयस्क वा ठूला बालबालिकाले बालबालिकासँग यौन आशयका साथ गरिने कुनै पनि व्यवहारलाई बाल-यौनदुर्व्यवहार भनिन्छ । यसअन्तर्गत बालबालिकालाई शारीरिक रूपमा छोएर वा नछोइकन नै गरिने दुबैखाले दुर्व्यवहारहरू पर्दछन् । बुँदागत रूपमा हेर्ने हो भने बाल-यौनदुर्व्यवहार भनेको :

- वयस्कहरूले बालबालिकासँग गर्ने कुनै पनि यौनव्यवहार
- बालबालिकाहरूमध्ये पनि ठूलो वा शाक्तिशाली बालबालिकाले साना वा निर्धा बालबालिकसँग गर्ने कुनै पनि यौन व्यवहार ।
- बालबालिकालाई यौनव्यवहारमा उत्प्रेरित गर्ने कुनै पनि गतिविधि, जस्तै छोएर गरिने वा नछोइकन गरिने अश्लील व्यवहारहरू ।

त्यसैले, **बाल-यौनदुर्व्यवहार भनेको बलात्कार मात्र होइन । बाल-यौनदुर्व्यवहार भन्नाले :** अश्लील हाउभाउ देखाउनु , बालबालिकालाई अश्लील चित्र, सामाग्रिहरू देखाउनु , टेलिफोनबाट अश्लील कुराहरू गर्नु , बालबालिकलाई यौनसम्बन्ध गरिराखेको जानीजानी हेर्न वा सुन्न लगाउनु, अश्लील शब्दहरू प्रयोग गरी यौनशोषणको प्रयास गर्नु , बालबालिकालाई अफठ्यारो हुने गरी उनीहरूको यौनअङ्गहरूमा छुनु , अफठ्यारो हुने गरी सुम्सुम्याउनु , बालबालिकालाई अफठ्यारो हुने गरी चुम्बन गर्नु,बालबालिकाको गुप्ताङ्गहरू हेर्नु , यौनशोषण गर्न खोज्ने व्यक्तिको गुप्ताङ्ग बालबालिकालाई करकाप गरी हेर्न वा छुन लगाउनु , बालबालिकाको अश्लील चलचित्र बनाउनु, प्रदर्शन गर्नु वा यौनव्यवसायको काममा बालबालिकालाई सामेल गराउनु , बालबालिकासँग मुख वा हस्तमैथुन गर्नु बाल-यौनदुर्व्यवहार हो ।

यौनदुर्व्यवहार बालबालिका र उसको परिवारको लागि अत्यन्त पीडादायी र मर्माहात पार्ने अपराध हो । यस्तो अपराध गर्ने अपराधीलाई कुनै पनि बहानामा कानुनी, सामाजिक वा नैतिक रूपमा माफी दिन सकिदैन ।

### यौनदुर्व्यवहारको खतरामा रहेका बालबालिकाहरू

बाल-यौनदुर्व्यवहार जुनसुकै उमेरका बालबालिकालाई पनि हुन सक्छ । यही उमेर वा वर्षका बालबालिकाहरू मात्र यौन दुर्व्यवहारबाट प्रभावित हुन्छन् भन्ने कुरा

छैन । सानासाना बालबालिकाहरूले आफुमाथि भएका यौनदुर्व्यवहारका घटनाहरू आफ्नो शारीरिक असक्षमता वा डरत्रासका कारणले बताउन सक्दैनन् । त्यसैले धेरै मानिसहरूलाई अलिक उमेर पुगेका बालबालिकाहरू मात्र यौनदुर्व्यवहारको सिकार हुन्छन् भन्ने भ्रम रहेको छ ।

## बाल-यौनदुर्व्यवहार कहाँ हुन सक्छ ?

जहाँसुकै पनि : घरभित्र, घरबाहिर, छिमेकमा, विद्यालयमा, आवास-गृह, बाटोघाटो, बजार, मेला, एकान्त तथा भिडभाड भएका सबै ठाउँहरूमा बालबालिकाहरू यौनदुर्व्यवहारको खतरामा पर्न सक्छन् ।

## कसले बाल-यौनदुर्व्यवहार गर्दछ ?

जो सुकैले गर्न सक्छ । अझ बढी त बालबालिकासँग नजिकिएका व्यक्तिहरूबाट नै यस्तो खतरा रहन सक्छ ।

## के बालबालिकाकै सहमतिमा यौनदुर्व्यवहार हुन सक्दैन र ?

अहँ, हुन सक्दैन । बालबालिका तथा वयस्कहरूबीच शक्ति तथा ज्ञानको ठूलो फरक रहेको हुन्छ । वयस्कहरूले बालबालिकाहरूमाथि आफ्नो शक्ति र ज्ञानको माध्यमबाट नियन्त्रण गरेका हुन्छन् । यस किसिमको भिन्नताले गर्दा यौनव्यवहारमा दुबै पक्षको उत्तिकै साझेदारी हुन सक्दैन । बालबालिका र वयस्कहरूको सम्बन्धको आधारमा शक्ति-सम्बन्ध निर्धारण भएको हुन्छ ।

- वयस्कहरूको शक्ति उसको सामाजिक तथा शारीरिक एवं आर्थिक सम्बन्धको हैसियतबाट प्राप्त भएको हुन्छ, जसको आधारमा उसले बालबालिकालाई जबर्जस्ती वा ललाइफकाई गरी आफूले चाहेको व्यवहार गर्न बाध्य बनाउँदछन् ।
- वयस्कहरूको शाक्ति बालबालिकालाई मानसिक रूपले प्रभावित गर्न सक्नेखालको हुन्छ । यसको आधारमा वयस्कहरूले उसलाई खतरा, डरधम्की देखाएर वा आर्थिक प्रलोभन देखाएर आफूले चाहेको व्यवहार गर्न बाध्य बनाउँदछन् ।
- ज्ञानको आधारमा रहेको भिन्नताको कारणले पनि बालबालिकाहरूले सहमति दिएको मान्न सकिदैन । वयस्कहरू आफ्नो उमेर र अनुभवका कारणले पनि बालबालिकाहरूभन्दा धेरै यौनव्यवहार तथा त्यसका राम्रा-नराम्रा प्रभावहरूका

बारेमा बढी जानकार हुन्छन् । त्यसैले बालबालिकाहरूलाई यौनदुर्व्यवहारबाट हुन सक्ने नकारात्मक व्यवहारबाट जोगाउने जिम्मेवारी वयस्कहरूको नै हो ।

- साथै यौनदुर्व्यवहारको घटनामा दुर्व्यवहारकर्ताले आफूलाई बालबालिकाले उत्प्रेरित गरेको र उसको यौनइच्छा पूरा गर्न मात्र त्यस्तो व्यवहार गर्न बाध्य भएको प्रमाणित गर्ने प्रयत्न गरे पनि यथार्थमा त्यस्ता व्यवहारमा शक्ति, उमेर, शारीरिक परिपक्वता तथा सामाजिक सम्बन्धका कारणले बराबरी यौनसन्तुष्टि भने कहिल्यै हुन सक्दैन । त्यसैले दुर्व्यवहारकर्ताले यस्ता भ्रमपूर्ण तर्क राखी आफ्नो अपराधबाट उम्कन खोजेको मात्र हो ।

- कानुनले तोकेको उमेर अर्थात १६ वर्ष मुनिको वालवालिकासँग सहमत लिएर गरेको यौन सम्पर्क पनि कानुनत यौन दुर्व्यवहार भित्र पर्दछ ।

## किन केही वयस्कहरू बालबालिकाले यौनदुर्व्यवहारको समस्या बताउँदा विश्वास गर्दैनन् ?

यसका पछाडि थुप्रै कारणहरू छन् । धेरैजसो वयस्कहरू बाल-यौनदुर्व्यवहारका बारेमा रहेका भ्रमपूर्ण मान्यताहरूमा विश्वास गरिरहेका हुन्छन् ।

वयस्कहरू बाल-यौनदुव्यर्वहारका विषयमा सुन्न नचाहने वा विश्वास गर्न नचाहनुको एउटा कारण बाल-यौनदुर्व्यवहारको सामाजिक यथार्थतालाई बहिष्कार गर्ने एउटा उपायको रूपमा लिइरहेका हुन्छन् ।

वयस्कहरू परिवारभित्रकै कुनै व्यक्तिले यौनदुर्व्यवहार गर्दछ भनी विश्वास नगर्नुको अर्को कारण भनेको परिवारबाट उसलाई गुमाउनुपर्ने डर पनि हो । अझ त्यस्तो व्यक्ति परिवारको मुख्य कमाइ गर्ने व्यक्ति रहेछ भने बालबालिकाको र समग्र परिवारको भविष्यप्रतिको चिन्ताको कारणले गर्दा पनि उनीहरू यस्ता घटना सुन्न नचाहने वा विश्वास नगरेकोजस्तो गर्ने गर्छन् ।

साथै यदि दुर्व्यवहारकर्ता सामाजिक प्रतिष्ठा, हैसियत एव शक्तिशाली व्यक्ति रहेछ भने परिवारका वयस्कहरू सम्भावित शारीरिक, आर्थिक एवं अन्य हानीको खतराबाट बढी चिन्तित हुने हुँदा पनि यस्तो कुराको विश्वास नगरेजस्तो र बालबालिकालाई साथ नदिने गर्दछन् ।

त्यस्तै सामाजिक प्रतिष्ठा एवं सम्मानमा आँच आउने कारणले गर्दा पनि परिवारका वयस्क सदस्यहरू यस्ता घटनालाई लुकाउन चाहन्छन् ।

तर यी सबै सोचाइ र व्यवहारहरू गलत हुन् । दुर्व्यवहारकर्ता जतिसुकै शक्तिशाली किन नहोस् सच्चाई सार्वजनिक भएको दिन उसले सामजिक सजाय त पाउँछ नै र आवश्यक कानुनी प्रक्रिया निडरताका साथ सम्पन्न गरेमा त्यस्ता अपराधीहरूलाई कानुनले पनि सजाय दिलाउँछ । रह्यो कुरा सामाजिक प्रतिष्ठाको, यदि हामीले समाजमा यस्ता विषयहरूलाई चेतनामूलक ढङ्गले अगाडि बढायौं भने पनि यस्ता समस्या समाधान हुन्छन् । साथै अहिले थुप्रै सामाजिक सङ्घसंस्थाहरूले यसरी प्रभावित बालबालिका तथा परिवारलाई विभिन्नखाले सामाजिक, स्वास्थ्य एवं कानुनी सहयोगहरू पनि प्रदान गर्दै आइरहेका छन् ।

## बाल–यौनदुर्व्यवहारको अवस्था

तथ्याङ्कहरूले देखाएअनुसार हरेक ५ मध्ये १ बालबालिका यौनदुर्व्यवहारबाट प्रभावित वा त्यसको खतरामा छन् । यसमा पनि बालिकाहरूमा हरेक ४ मध्ये १ र बालकहरूमा हरेक ६ मध्ये १ यौनदुर्व्यवहारको खतरामा रहेका छन् । नेपालमा भएका विभिन्न अध्ययन अनुसन्धानहरूका अनुसार :

- काठमाडौं उपत्यकाका विद्यालयहरूमा अध्ययन गरिरहेका झन्डै ४५ प्रतिशत बालबालिकाहरू यौनदुर्व्यवहारको सिकार हुने गरेका छन् । जसमध्ये
    - ४५ प्रतिशत बालबालिकाहरूले आफूहरूले अश्लील शब्दको समाना गर्नुपरेको बताएका छन् ।
    - २९ प्रतिशत बालबालिकाहरूले अश्लील दृश्य तथा चित्रहरू देखेको बताएका छन् ।
    - १३.७ प्रतिशत बालबालिकाहरूले एक वा सोभन्दा बढी खालका प्रत्यक्ष यौन दुर्व्यवहार (चुम्बन गर्ने, मुखमैथुन तथा यौनसम्पर्कजस्ता गतिविधि)बाट पीडित रहेका छन् । जसमध्ये १३ प्रतिशत बालकहरू र १५ प्रतिशत बालिकाहरू रहेका छन् ।
    - ४०.४ प्रतिशत बालबालिकाहरूले सडक तथा बजारमा र ३०.२ प्रतिशतले स्कुलमा आफ्ना छिमेकी तथा अपरिचित व्यक्तिहरूबाट अश्लील शब्दहरूको प्रयोग भएको बताएका छन् ।

- ३५ प्रतिशत बालक तथा २० प्रतिशत बालिकाहरूले अश्लील सामाग्रीहरू अरू नचिनेका व्यक्तिहरूसँग बसेर हेरेको बताएका छन् भने ३० प्रतिशत बालिकाहरू र ७ प्रतिशत बलकहरूले यस्ता अश्लील सामाग्रीहरू आफ्नै परिवारका सदस्यहरूसँग हेर्न परेको बताएका छन् ।
- ११ वर्षमुनिका १२.३ प्रतिशत बालिकाहरू तथा ७.१ प्रतिशत बालकहरूले नातेदारहरूले यौनदुर्व्यवहार गर्ने गरेको बताएका छन् ।

- काठमाडौँबाहिरका विभिन्न ५ जिल्लामा गरिएको अध्ययनअनुसार विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूमध्ये ३५ प्रतिशत बालबालिकाहरू यौनदुर्व्यवहारको सिकार हुने गरेका छन् ।
- विद्यालय जाने अवसरबाट वञ्चित घरेलु बालश्रमिकहरूमा ५६ प्रतिशत बालबालिकाहरू यौनदुर्व्यवहारको सिकार हुने गरेका छन् ।
- विद्यालय जाने अवसर नपाएका यौनदुव्यर्वहारबाट प्रभावित घरेलु बालश्रमिकहरूमध्ये ३२.१४ प्रतिशतले आफूलाई यौनदुर्व्यवहार गर्ने चिनेजानेको मानिस भएको बताएका छन् ।
- ८० प्रतिशतभन्दा बढी यौनदुव्यर्वहारका घटना बालबालिका एक्लै कुनै वयस्कसँग बस्नुपरेको अवस्थामा घटेको छ ।
- आर्थिक वर्ष २०६३/६४मा मात्र  नेपालका प्रहरी कार्यालयहरूमा २३५ वटा बाल-यौनदुर्व्यवहारका घटनाहरू दर्ता भएका छन् ।

## बाल-यौनदुर्व्यवहारबारे रहेका भ्रमहरू

- दुर्व्यवहार गर्नेहरू सामान्य मानिसहरूभन्दा फरक प्रकृतिका हुन्छन्, चालचलन पनि भिन्नै हुन्छ र सजिलै चिन्न सकिन्छ ।
- यदि सानै उमेरमा (कलिलो अवस्थामा) नै बालबालिकाहरू यौनदुर्व्यवहारको सिकार भएका छन् भने यसले खासै असर गर्दैन किनभने उनीहरूले आफ्नो घटना बिर्सिसकेका हुन्छन् ।
- बालबालिकाहरू आफ्नै गल्तीले यौनदुर्व्यवहारको सिकार हुन्छन् ।

- यौनदुर्व्यवहार गर्नेहरू यौननिराशाको कारणले गर्दा यौनदुर्व्यवहार गर्दछन् ।
- धेरै साना उमेरका बालबालिकामाथि दुर्व्यवहार हुँदैन, यो त किशोरीहरूमाथि हुने गर्दछ ।
- यौनदुर्व्यवहार भन्ने कुरा बल प्रयोग गरेर वा शारीरिक हिंसाको प्रयोग गरेर गर्ने गरिन्छ ।
- बालबालिकाहरू फिल्म हेरेर र कथा पढेर रमाइलोको लागि आफूलाई कसैले यौनदुर्व्यवहार गरेको बताउने गर्दछन् ।
- सामान्यतया चुम्बन गर्ने, गुप्ताङ्गहरू छुने, चलाउने, अश्लील शब्दको प्रयोग गर्ने , अश्लील फिल्म र फोटो देखाउने तथा बालबालिकाको अश्लील फोटो खिच्ने काम यौनदुर्व्यवहार होइनन् ।
- यौनदुर्व्यवहारको सिकार भएका बालबालिका जीवनभर मानसिक र शारीरिक रोगी बन्छन् ।
- बालिका तथा महिलाहरूले छोटो लुगा लगाउँदा वा फेसन गर्दा बढी यौनदुर्व्यवहारको सिकार हुन्छन् ।

## ३. बाल-यौनदुर्व्यवहारका कारणहरू

बालबालिकाहरू वयस्कहरूबाट हुन सक्ने यौनदुर्व्यवहारको बढी खतरामा रहेका हुन्छन् किनभने उनीहरूलाई आफूभन्दा ठूला मानिसले भनेको कुरा मान्नुपर्दछ भनी सिकाइएको हुन्छ र यसको फाइदा दुर्व्यवहारकर्ताले उठाउँछ । त्यसैगरी भावनात्मक रूपले घरपरिवारभित्रै बेवास्ता गरिएका तथा घृणा र एकात्मकताको सिकार भएका बालबालिकाहरूलाई दुर्व्यवहारकर्ताले सजिलै मायालुजस्तो व्यवहार देखाएर आफ्नो प्रभावमा लिन सक्दछन् ।

त्यस्तै बालबालिकाहरू वयस्कहरूको तुलनामा उमेरमा साना र शक्तिहीन हुन्छन् । उनीहरूले आफूमाथि भएका दुर्व्यवहारलाई बताउँदा सामान्यतया वयस्कहरूले विश्वास नगर्ने गरेको पनि पाइएको छ र दुर्व्यवहार गर्नेहरू यसै कुराको फाइदा उठाउँछन् । दुर्व्यवहार गर्नेले आफ्नो शक्तिको प्रभाव बालबालिकाहरूमाथि बढी नै कायम गर्न सक्ने हुँदा बालबालिकाहरू वयस्कहरूबाट हुन सक्ने यौनदुर्व्यवहारको खतरामा बढी रहेका हुन्छन् ।

**बालबालिकाको अवस्थालाई हेर्ने हो भने मुलतः तीन वटा कारणहरू देखिन्छन् :**

**क. अबोधपन :** बालबालिका आफैँमा अबोध र अपरिपक्व उमेरका व्यक्तिहरू हुन् र उनीहरूको यस अबोधपनको फाइदा उठाएर अपराधीहरूले बालबालिकासँग विभिन्न यौनव्यवहारहरू गरिरहेका हुन सक्छन् अथवा यस्ता गलत व्यवहार गर्नतर्फ उक्साइरहेका हुन्छन् ।

**ख. शक्तिविहीनता :** बालबालिकाहरूलाई सामाजिक-पारिवारिक संरचनामा कमजोर बनाइएको छ । अझ त्यसमा पनि उपल्लो जातिका बालबालिकाभन्दा तल्ला जातिका बालबालिका, सहरकाभन्दा गाउँका बालबालिका, धनीकाभन्दा गरिबका बालबालिका, परिवारविहीन बालबालिका र बालकभन्दा बालिकाहरूलाई सामाजिक संरचनामा शक्तिविहीन बनाइदिँदा उनीहरू अभियुक्तभन्दा शारीरिक र सामाजिक दुबै हिसाबले कम शक्तिशाली भएकोले बालबालिकाहरू बढी मात्रामा यौनदुर्व्यवहारको सिकार भइरहेका हुन्छन् ।

**ग. परनिर्भरता :** बालबालिकाहरू सधैं अभिभावकत्वको आवश्यकतामा हुन्छन् र यस सन्दर्भमा गलत व्यक्ति वा वयस्कको अभिभावकत्व वा हेरचाह पर्न गएमा उसले मौकाको फाइदा उठाई बालबालिकाविरुद्ध दुर्व्यवहार गर्न सक्दछ । त्यस्तै गरी वयस्कहरूप्रतिको सामाजिक-आर्थिक निर्भरताका कारणले पनि बालबालिकाहरू आफूविरुद्ध भइरहेको अपराधको उजुरी वा प्रतिरोध गर्न सक्दैनन् ।

**दुर्व्यवहार गर्ने अभियुक्त वा अपराधिको अवस्थालाई हेर्ने हो भने मुख्यतया चारवटा कारणहरू देखिन्छन् :**

**क. अपराधिक प्रवृत्ति :** केही व्यक्तिहरू अपराधिक प्रवृत्तिका हुन्छन्, जसले गर्दा उनीहरू सामाजिक अपराधहरू गर्नेतर्फ बढी क्रियाशील हुन्छन् । यस्ता व्यक्तिहरू कुनै कारणले गर्दा वा बिनाकारण नै पनि बालबालिकाहरूलाई आफ्नो अपराधको सिकार बनाउने गर्दछन् ।

**ख. शक्तिवान् अवस्था :** सामाजिक-आर्थिक संरचनाका कारणले कुनै एक समूह, व्यक्ति वा समुदाय बढी शक्तिशाली भएको अवस्थामा उसले आफ्नो शक्तिको दुरूपयोग बालबालिकाविरुद्ध पनि गर्ने गर्दछ र धेरैजस्तो अवस्थामा बालबालिकाविरुद्धको यौनदुर्व्यवहार यिनै शक्तिहरूको दुरूपयोग गरी हुने गरेको पाइन्छ ।

**ग. मानसिक विचलन :** केही अवस्थामा यौनदुर्व्यवहार गर्नेहरू मानसिक विचलन भएका मानसिक रोगीहरू पनि हुने गर्दछन् ।

**घ. यौन समस्याहरू :** केही अपराधीहरू आफ्नो क्षणिक यौनआवेगलाई नियन्त्रण गर्न नसक्ने, आफूसरह उमेरका व्यक्तिहरूसँग यौनसम्बन्ध राख्न नसक्ने कारणले गर्दा व्यापक यौनकुण्ठा जम्मा भई बालबालिकाविरुद्ध प्रयोग गर्ने गर्दछन् ।

### त्यसैगरी सामाजिक रूपमा हेर्ने हो भने बाल-यौनदुर्व्यवहारका तीन वटा मुख्य कारणहरू देखिन्छन :

**क. सांस्कृतिक कारणहरू :** हाम्रो विभिन्न समुदाय र स्थानहरूमा रहेका सांस्कृतिक व्यवहार र प्रचलनहरूका कारणले गर्दा बालबालिकाविरुद्ध हुने यौनदुर्व्यवहारका खतरापूर्ण परिवेशहरूको सृजना गर्ने गरेको पाइन्छ ।

**ख. सामाजिक एवं पारिवारिक कारणहरू :** समाजमा देखिएका विभिन्नखाले विभेद, विकृति, विसङ्गतिहरू र तीनले युवा पिँढी र समाजका अन्य वर्गहरूमा पार्ने नकारात्मक कारणहरूले गर्दा पनि बालबालिकाविरुद्धका यस्ता विभिन्न अपराधहरूलाई प्रश्रय मिलेको पाइन्छ ।

**ग. आर्थिक कारणहरू :** समाजमा व्याप्त बेरोजगारी, आर्थिक गरिबी, 'हुने खाने' र 'हुँदा खाने'हरूबीचको बढ्दो विभेद आदि विभिन्न आर्थिक जर्जरता र यसले उत्पन्न गरेका व्यक्तिको सामाजिक र व्यक्तिगत सुरक्षाका समस्याहरूले गर्दा पनि यौनदुर्व्यवहारका घटनाहरूलाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेकै पाइन्छ ।

जेजस्ता कारणहरूले गर्दा भए पनि बालबालिकाहरू यौनदुर्व्यवहारबाट पीडित भइरहेको हाम्रो यथार्थ हो र बालबालिकाविरुद्ध हुने यस किसिमको अपराधलाई कुनै पनि हालतमा माफी दिन सकिदैन र अपराधीलाई कानुनी सजायको दायराभित्र ल्याउन जरुरी छ ।

## ४. बाल-यौनदुर्व्यवहारका असरहरू

बाल-यौनदुर्व्यवहारका कारणले बालबालिकाको व्यक्तिगत जीवनमा थुप्रै शारीरिक, मानसिक समस्या तथा परिवार र समाजमा पनि धेरै नकारात्मक असरहरू पर्दछन् ।

बाल-यौनदुर्व्यवहारका कारणले बालबालिकाको व्यक्तिगत जीवनमा पर्ने शारीरिक तथा मानसिक असरहरू तल उल्लेख गरिएका छन् :

**बालबालिकामा पर्ने शारीरिक असर**

- शरीरमा घाउचोट लाग्नु
- भित्री वा बाहिरी अङ्गमा घाउचोट लागि गुप्ताङ्गबाट रगत बग्नु
- एच. आइ भि. एड्सलगायतका यौनसँग सम्बन्धित सरुवा रोग लाग्नु
- बाल्यअवस्थामा नै गर्भ रहनु  र
- बालबालिकाको हत्या हुनु ।

**बालबालिकामा पर्ने मानसिक असर**

- ज्यादै चिन्ता वा व्याकुलता, नैराश्य, हीनताबोध गर्ने
- बढी एकान्त रुचाउने, सामाजिक सम्बन्ध स्थापना गर्न नसक्ने
- खानामा रुचि कम हुदैं जाने वा एकदमै धेरै खान थाल्ने
- बोल्नमा अप्ठ्यारो महसुस गर्ने र अप्ठ्यारो गरी बोल्ने
- राती नसुत्ने, निद्रा कम लाग्ने
- शरीरका विभिन्न भागहरूमा कन्याउने, कोट्याउने गरिरहने
- उमेरअनुरूपको यौनव्यवहार नदेखाउने, उमेरभन्दा पनि एकदमै उत्तेजित व्यवहार गर्ने
- उमेर नमिल्दो व्यवहार (जस्तै औला चुस्ने) गर्ने
- पढाउँदा र कुरा गर्दा ध्यान केन्द्रित गर्न नसक्ने
- झर्किने, रिसाउने वा अत्यन्त डराउने
- आफैमा अपराधबोध गर्ने र थप आपराधिक गतिविधिमा संलग्न हुने
- नशालु पदार्थ तथा लागूऔषधहरूको दुरूपयोगतर्फ आकर्षित हुने
- आत्महत्याको बारेमा सोच्ने र त्यसको चाहना तथा प्रयास गर्ने

## पीडित बालबालिकाको परिवारमा पर्ने असर

- पीडित परिवारको सामाजिक बहिष्कार, अपमान
- पीडक र पीडित परिवारबीच वैमनश्य
- लोकलज्जाका कारण घटना लुकाउदा थप मानसिक तथा शारीरिक प्रतारण खप्न पर्ने
- पीडकबाट पीडित परिवारलाई डरत्रास र धाकधम्कीको सम्भावना
- पीडित परिवारले सञ्चारमाध्यमको सामना गर्दा छुट्टै हैरानी सामना गर्नुपर्ने ।
- बदलाको भावनाबाट अर्को अपराधिक घटना घट्न सक्ने सम्भावना

## असरसम्बन्धी थप जानकारी

- एक पटक गरिने यौनदुराचारले भन्दा पटकपटक गरिने यौनदुराचारले बालबालिकालाइ बढी र खतरनाक असर गर्दछ ।
- अन्य किसिमका यौनदुर्व्यवहारभन्दा बलात्कार (शारीरिक तथा मानसिक तवरले) बढी हानिकारक हुन्छ ।
- ललाइफकाई गरिनेभन्दा जबर्जस्ती धम्क्याएर गर्ने यौनदुर्व्यवहारले बढी घातक असर गर्दछ ।
- नौलो व्यक्तिबाट हुने यौनदुर्व्यवहारभन्दा चिनेजानेका वा नातेदारबाट हुने यौनदुर्व्यवहार मानसिक रूपले बढी हानिकारक हुन्छ ।
- यौनदुराचार गर्ने र गरिने व्यक्तिको उमेरमा जति धेरै फरक हुन्छ, त्यति नै धेरै असर गर्दछ ।
- यसरी व्यक्ति र परिवारमा पर्ने सामाजिक, शारीरिक तथा मानसिक असरका सामाजिक अपराध तथा विकृतिहरू बढ्दै जाने सम्भावना बढ्दछ ।




# बालबालिकाको अधिकार र कानुनी व्यवस्थाहरू

३

## १. बालअधिकार :

बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासका लागि चाहिने न्यूनतम आवश्यकताहरू, जस्तै : पोषिलो खाना, औषधी-उपचार, माया-स्नेह, संरक्षण, शिक्षा आदि नै बालअधिकार हो । अर्थात्, बालबालिकाहरूको आधारभूत आवश्यकताहरू नै बालअधिकार हुन् । बालअधिकारलाई अझ सजिलोसँग बुझ्न यसलाई चारवटा विभिन्न अधिकारको रूपमा हेर्न सकिन्छ । ती हुन् : बचाउको अधिकार, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागिताको अधिकार । सबै बालबालिकाका लागि, जुनसुकै जातजाति, लिङ्ग, समुदाय, राष्ट्रियता, आर्थिक वा शारीरिक अवस्थाको भए पनि समान रूपमा यी अधिकारहरू प्राप्त हुन्छन् ।

### बाँच्न पाउने अधिकार :

सबै बालबालिकाहरूको बाँच्न पाउने अधिकार छ । कुनै पनि कारणले बालबालिकाहरूको मृत्यु हुनबाट रोक्नु हामी सबैको कर्तव्य हो । यसअन्तर्गत बालबालिकाहरू स्वस्थ र सुरक्षित जन्मनका लागि गर्भवती आमाको सुरक्षा र स्याहार, जन्मेपछि रोगहरूसँग लड्नका लागि खोप तथा आवश्यकता परेको समयमा

उचित औषधी-उपचार पाउने अधिकारहरू पर्दछन् । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा ६, ८ र २७ मा उल्लेख गरिएको छ ।

### विकास गर्न पाउने अधिकार :

कुनै पनि भेदभावबिना नै बालबालिकाहरूले आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्दछ। यसका लागि सबै बालबालिकाहरूले शिक्षा पाउने, आफुले जानेको र रुचि राख्ने खेलकुदमा क्षमताअनुसार सहभागी हुन पाउने, मनोरञ्जन गर्न पाउने, सीप सिक्न पाउनुपर्दछ । यसैलाई बालबालिकाको विकास गर्न पाउने अधिकार भनिन्छ । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा १८,१९,२८,२९,३० र ३१ मा उल्लेख गरिएको छ ।

### संरक्षण पाउने अधिकार :

बालबालिकाहरू शारीरिक तथा मानसिक हिसाबले हुर्कँदै गरेको अवस्थाका व्यक्तिहरू भएकाले उनीहरूलाई हाम्रो समाज, घर तथा विश्वमा थुप्रै अप्ठचारा तथा खतराहरू आइपर्न सक्छन् । ती सबै अप्ठचारा परिस्थितिबाट उनीहरूलाई सुरक्षित गर्नुपर्दछ । यसअन्तर्गत उमेर नपुगेका बालबालिकाहरूलाई श्रममा लाग्नबाट जोगाउने, बेचबखिन, यौनदुर्व्यवहार, यौनशोषण, हिंसा, लडाइ-झगडा, गरिबी, प्राकृतिक प्रकोप र यसबाट उत्पन्न भएका अप्ठचाराहरू, कुलत, दुर्व्यसन आदिबाट उनीहरूले सुरक्षा पाउनुपर्ने अधिकार पर्दछन् । यसरी उनीहरूलाई विभिन्न जोखिमहरूबाट संरक्षण गर्न सरकारले कानुन बनाएर लागू गर्नुपर्ने कुरा पनि यसैअन्तर्गत पर्दछ। यस अधिकारलाई बालअधिकारसम्बन्धीमहासन्धिको धारा ९, २०, २१, २२, २३, २६, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४०मा उल्लेख गरिएको छ ।

### सहभागिताको अधिकार :

बालबालिकाहरूले आफ्नो जीवनमा असर पार्ने विषय र गतिविधिहरूमा र त्यससम्बन्धी नीति-निर्णयहरू गर्दा आफू सहभागी हुन र आफ्नो विचार राख्न पाउनुपर्दछ। यसैलाई बालबालिकाको सहभागिताको अधिकार भनिन्छ । बालबालिकाहरूले आफ्नो घर, टोल समाज, विद्यालय, संस्था, समूह, राष्ट्र र अन्तर्राष्ट्रिय तहमा पनि बालबालिकाका बिषयमा हुने छलफल, कुराकानी तथा नियम-कानुन र कार्यक्रमहरू बनाउँदा आफ्नो विचार ठीक तरिकाले ठीक ठाउँमा राख्न पाउने अधिकार नै यस अधिकारभित्र पर्दछ। यसअन्तर्गत बालबालिकाहरूले सूचना पाउने र प्रदान गर्ने तथा आफ्नो सङ्गठन र समूहहरू बनाएर बालअधिकारको संरक्षण र लागू गर्ने काम पनि गर्न

सक्छन् । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धिको धारा १२, १३, १४ र १५ मा उल्लेख गरिएको छ ।

२. बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरू :

क) अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू

बालबालिकालाई उसको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले गर्दा विशेष संरक्षण र स्याहारका अतिरिक्त जन्मनुअघि र पछि खास प्रकारको कानुनी संरक्षणको जरुरत पर्दछ । विश्वका अन्य विकासशील देशका विभिन्न भागमाजस्तै नेपालमा पनि बालबालिकाहरू अत्यन्तै कठिन अवस्थामा बाँचिरहेका हुनाले उनीहरूको संरक्षण र स्याहारमा विशेष ध्यान दिनु जरुरी छ । बालबालिकालाई विशेष स्याहार चाहिन्छ । यस कुरालाई १९२४मा पारित बालबालिकाका अधिकारबारेको जेनेभा घोषणापत्र, संयुक्त राष्ट्रसङ्घले १९५९ मा पारित गरेको बालअधिकारको घोषणापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा मान्यता दिइएको छ । बालबालिकाहरूको लागि अझ विशेष संरक्षण र अवसरका लागि नागरिक तथा राजनैतिक अनुबन्धका धारा २३ र २४ मा तथा आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १०समेतलाई मध्यनजर राख्दै बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९८९ का तर्जुमा गरी लागू गरिएको छ र यसलाई हाम्रो देश नेपालले पनि अनुमोदन गरिसकेको छ । त्यसैले बालअधिकार महासन्धिसँग हाम्रो कुनै पनि कानुन बाझिएमा स्वतः बालअधिकारसम्बन्धी महासन्धिको प्रावधान नै लागू हुन्छ ।

## बालअधिकारसम्बन्धी महासन्धिमा भएका प्रमुख प्रावधानहरू

**धारा १ :** राष्ट्रिय कानुनले बाल्यावस्थाको न्यूनतम उमेर नतोकिदिएसम्म १८ वर्षमुनिका सबैलाई बालबालिका मानिनेछ ।

**धारा २**ः प्रत्येक बालबालिकाले कुनै पनि प्रकारको भेदभाव वा पक्षपातबिना सबै अधिकारहरू उपभोग गर्न पाऊन् भन्ने कुरा राज्यहरूले सुनिश्चित गर्नुपर्दछ ।

**धारा ३ र ४** : अदालतहरूले, कल्याणकारी संस्थाहरूले वा प्रशासनिक निकायहरूले बालबालिकाका विषयमा कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितहरूप्रति प्राथमिक ध्यान दिनपुर्नेछ । बालबालिकाको मामलामा विवेकपूर्ण ध्यान पुऱ्याउनुपर्दछ ।

**धारा ६** : प्रत्येक बालबालिकाको बाँच्न पाउने जन्मसिद्ध अधिकार छ। अतः राज्यहरूले बालबालिकाको जीवनको अधिकतम रक्षा र विकास सुनिश्चित गर्नुपर्दछ।

**धारा ७ र ८** : प्रत्येक बालबालिकालाई नाउँ र राष्ट्रियता पाउने जन्मसिद्ध अधिकार हुन्छ।

**धारा १० र ११** : बालबालिकाको कल्याणका लागि योग्य अधिकारीहरूले बालबालिकालाई आफ्नो देशको सिमानाभित्र वा बाहिर भ्रमण गर्ने अनुमति दिएर परिवारको पुनर्मिलनका लागि सुविधा प्रदान गर्नुपर्दछ।

**धारा ६, २६ र २७** : बालबालिकालाई हुर्काउने-बढाउने मुख्य जिम्मेवारी बाबुआमाको हुन्छ। तर, राज्यहरूले उनीहरूलाई यसको लागि उचित सहयोग जुटाइदिनुपर्छ र शिशु-स्याहारसम्बन्धी सस्थाहरूको विकास गर्नुपर्दछ।

**धारा १९, ३४ र ३६ :** राज्यहरूले बालबालिकालाई यौनदुर्व्यवहार वा शोषणलगायत शारीरिक तथा मानसिक यातना, हेलाबाट जोगाउनुपर्दछ।

**धारा २० र २१ :** राज्यहरूले टुहुरा तथा उपेक्षित बालबालिकाहरूका लागि सुहाँउदो वैकल्पिक हेरचाहको प्रबन्ध मिलाउनुपर्दछ। बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्ने प्रक्रियालाई विवेक पुऱ्याई नियमबद्ध पार्नुपर्ने धर्मपिता वा धर्ममाताले बालक वा बालिका जन्मिएको मुलुकबाट अन्यत्र लैजान चाहन्छन् भने बालबालिकाको संरक्षण तथा कानुनी मान्यता सुनिश्चित पार्ने अन्तर्राष्ट्रिय नियमपत्रहरू तयार पार्नुपर्दछ।

**धारा २३** : अपाङ्गता भएमा बालबालिकाले विशेष उपचार, शिक्षा र हेरचाह पाउने अधिकारलाई राज्यहरूले सुनिश्चित गर्नुपर्दछ।

**धारा २४ :** स्वास्थ्यलाभ गर्ने अधिकार बालबालिकाको जन्मसिद्ध अधिकार हो। राज्यहरूले बालबालिकालाई लाग्ने रोगका रोकथामका उपायहरू, स्वास्थ्य-शिक्षा र बालमृत्युदर घटाउने कुरामा जोड दिएर सबै बालबालिकालाई स्वास्थ्यसम्बन्धी सेवा र हेरचाहबारेमा सुनिश्चित पार्नुपर्दछ।

**धारा २८ र २९** : प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउनुपर्दछ। हरेक नियम कानुनले बालबालिकाको अस्तित्वको सम्मान राख्नुपर्दछ। शिक्षा, बालबालिकामा समझदारी, शान्ति र सहिष्णुताको भावना बढाउने र संरक्षण गर्ने खालको हुनुपर्दछ।

**धारा ३१** : बालबालिकाले आराम लिने र खेल्ने समय पाउनुपर्दछ। यसको साथै सांस्कृतिक तथा सृजनशील क्रियाकलापहरूका लागि बिनाभेदभाव समान अवसरहरू पाउनुपर्दछ।

**धारा १४, ३०**: अल्पसङ्ख्यक जातिका र स्वदेशी मूलका बालबालिकाहरूले आफ्नै संस्कृति, धर्म र भाषा निर्बाध रूपले प्रयोग गर्न पाउनुपर्दछ।

**धारा ३२:** राज्यहरूले बालबालिकालाई आर्थिक शोषणबाट र मजदुरी गर्नबाट तथा शिक्षामा बाधा पुऱ्याउने काम वा उनीहरूका स्वास्थ्य र कल्याणमा हानि पुऱ्याउने कामबाट जोगाउनुपर्दछ।

**धारा ३३:** राज्यहरूले बालबालिकालाई लागूपदार्थको गैरकानुनी प्रयोगबाट र लागूपदार्थ उत्पादन गर्ने र ओसारपसार गर्ने काममा सरिक हुनबाट जोगाउनुपर्दछ।

**धारा ३५**: बालबालिकाको अपहरण र ओसारपसार गर्ने काम निर्मूल गर्न सबैखाले प्रयत्नहरू गरिनुपर्दछ।

**धारा ३७ र ४०:** १८ वर्ष पुग्नुभन्दा अघि गरिएका अपराधहरूमा मृत्युदण्ड वा आजीवन कारावासको सजाय दिइनुहुँदैन। थुनामा राखिएका बालबालिकालाई थुनामा रहेका अन्य वयस्कहरूबाट अलग राखिनुपर्दछ। उनीहरूलाई यातना दिनुहुँदैन। निर्मम या अपमानजनक व्यवहार गरिनुहुँदैन। बालबिज्याँइसम्बन्धी मुद्दाहरू किनारा गर्न छुट्टै बालअदालतको गठन गर्नुपर्दछ।

**धारा ३८** : कुनै पनि बालबालिकालाई सशस्त्र सेनामा भर्ना गर्न र लडाँइमा प्रत्यक्ष भाग लिन लगाउनु हुँदैन। सशस्त्र मुठभेड चलेको ठाउँमा रहेका बालबालिकालाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ।

**धारा ३९:** दुर्व्यवहार, हेला भोग्नुपरेका वा थुनामा परेका बालबालिकाले पुनः स्वास्थ्यलाभ र पुनर्स्थापनका लागि उचित व्यवहार र प्रशिक्षण पाउनुपर्दछ।

**धारा ४२:** राज्यहरूले वयस्कहरू तथा बालबालिका दुबैलाई महासन्धिमा उल्लेखित बालअधिकारहरूबारे व्यापक रूपमा जानकारी दिनुपर्दछ।

महासन्धिका राज्यपक्षहरूले महासन्धि अनुमोदन गरेको २ वर्षपछि पहिलो र त्यसपछि हरेक ५ वर्षमा महासन्धिअनुरूप भएका तथा हुन नसकेका काम-कारबाहीसम्बन्धी प्रतिवेदन दस जना विशेषज्ञहरू भएको संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिमा बुझाउनुपर्दछ ।

## बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००

- पक्ष राष्ट्रहरूले यो इच्छाधीन आलेखले व्यवस्था गरेबमोजिम बालबाललिकाहरूको बेचबिखन, वेश्यावृति र अश्लील चित्रण गर्ने कार्यलाई निषेध गर्नेछन् ।
- बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणको व्याख्या गरेको छ ।
- माथि उल्लेखित कार्यहरूलाई पक्ष राष्ट्रहरूले आफ्नो देशको फौजदारी र दण्डसम्बन्धी कानुनमा समेट्न निर्देशन गरेको छ ।
- बाल-यौनदुर्व्यवहार रोकथाम कार्यक्रम पुनर्स्थापना पीडित र साक्षीको संरक्षणका लागि पक्ष राष्ट्रहरूले पहल गर्नको लागि निर्देशन गरेको छ ।

## सशस्त्र संघर्षमा बालबालिकाको संलग्नतासम्बन्धी ऐच्छिक सन्धिपत्रमा भएका मूल प्रावधानहरू :

- १८ वर्षमुनिकालाई प्रत्यक्ष सङ्घर्षमा संलग्न हुनबाट रोक्ने ।
- राष्ट्रिय सशस्त्र दलमा स्वैच्छिक संलग्नताको उमेर बढाउने र १८ वर्षमुनिकालाई राष्ट्रिय सशस्त्र दलमा संलग्न गराउन विशेष सुरक्षा अपनाउनुपर्ने, अभिभावकको स्वीकृति लिनुपर्ने, सैनिक सेवामा पूरा गर्नुपर्ने जिम्मेवारीबारे पूर्ण जानकारी गराउनुपर्ने र यो वास्तवमै 'स्वैच्छिक' हुनुपर्ने । राज्यको सशस्त्र दलबाहेक कसैले पनि १८ वर्षमुनिकालाई सशस्त्र कारबाहीमा संलग्न गराउन नपाउने गरी सबै आवश्यक उपाय अपनाउने ।

## रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १३८ सन् १९७३ ।

**नेपालले सन् १९९७ मे ३० मा यस महासन्धिलाई अनुमोदन गरेको छ ।**

- राज्यले बालश्रम उन्मूलन गर्ने कार्य निश्चित गर्न तथा रोजगारीमा वा काममा संलग्न हुने न्यूनतम उमेर तोक्न तथा कम उमेरका व्यक्तिहरूको पूर्ण शारीरिक तथा मानसिक विकाससँग मिल्ने गरी प्रगतिशील रूपमा बढाउँदै लैजान तयार गरिएको राष्ट्रिय नीति अवलम्बन गर्नेछन् । (धारा १)
- रोजगारीका लागि न्यूनतम उमेर अनिवार्य शिक्षा पूरा गर्दा पुग्ने उमेरभन्दा कम हुनेछैन । साथै यो उमेरको हद कुनै पनि अवस्थामा १५ वर्षभन्दा कम हुनेछैन । (धारा २.३)
- आर्थिक, शैक्षिक सुविधा पर्याप्त विकसित नभएको यस महासन्धिको पक्ष राष्ट्रले सम्बन्धित रोजगारदाता तथा कामदारहरूको सङ्गठन भएमा तिनीहरूसँग सल्लाह गरी सुरुमा न्यूनतम उमेर १४ वर्ष कायम गर्न सक्नेछन् । (धारा २.४)
- रोजगारीका लागि न्यूनतम उमेर १४ वर्ष तोकेका हरेक पक्ष राष्ट्रहरूले महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिवेदनमा न्यूनतम उमेर १४ वर्ष तोक्नुका कारण र विचाराधीन रहेका प्रावधानअन्तर्गतका आफूले प्राप्त गर्न पाउने अधिकारहरू परित्याग गर्न तोकिएको मिति खुलाउनुपर्दछ ।
- रोजगारी वा कार्यको प्रकृति वा कार्यसम्पादन गर्दा परिस्थितिले कम उमेरका व्यक्तिहरूको स्वास्थ्य, सुरक्षा वा नैतिकता खतरामा पर्नसक्ने कुनै पनि प्रकारको कार्य, रोजगारीमा संलग्न हुने न्यूनतम उमेर १८ वर्षभन्दा कम हुनेछैन ।

## निकृष्ट अवस्थाको बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ – जुन १, सन् १९९९

नेपालले यस महासन्धिलाई सन् २००० को जनवरीमा अनुमोदन गरिसकेको छ । यस महासन्धिले १८ वर्षमुनिका सबै बालबालिकालाई जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ ।

## महासन्धिले निकृष्ट बालश्रमभित्र निम्न कुराहरूलाई समेटेको छ :

१. दासत्व वा सोसरहका सबै स्वरूपहरू, बालबालिकाको बेचबिखन, ओसारपसार, ऋण-बँधुवा, बाँधाश्रम, सशस्त्र सङ्घर्षका लागि बालबालिकाको अनिवार्य वा जबर्जस्ती भर्नालगायत कुनै पनि जबर्जस्ती वा अनिवार्य श्रम ।

२. देहव्यापार, अश्लील चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण ।

३. गैरकानुनी क्रियाकलापहरू, खास गरी लागूऔषधहरूको उत्पादन तथा ओसारपसारको लागि बालबालिकाको प्रयोग, प्राप्ति वा अर्पण ।

४. बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानि पुऱ्याउनसक्ने कार्यहरू ।

## अन्तर्राष्ट्रिय श्रम संगठनको सिफारिस नं. १९०

नेपालले यस महासन्धिलाई सन् २००० को जनवरीमा अनुमोदन गरिसकेको छ । यसले निम्न कार्यहरूलाई जोखिमपूर्ण कार्यका रूपमा परिभाषित गरेको छ :

१. शारीरिक, मनोवैज्ञानिक र यौनदुर्व्यवहार हुनसक्ने कार्य

२. जमिनमुनि, पानीमुनि, खतरनाक उचाइ वा बन्द स्थानमा गर्नुपर्ने कार्य

३. खतरनाक यन्त्रहरू, उपकरणहरू र औजारहरूसँगको कार्य वा गह्रौं वजनहरू हातैले सञ्चालन वा ओसारपसार गर्नुपर्ने कार्य

४. अस्वस्थ्य वातावरणमा गरिने कार्य, अत्याधिक ताप, ध्वनि, कम्पनमा गर्नुपर्ने कार्य

५. कठिन बन्देजमा गर्नुपर्ने कार्य, लामो समयसम्म गर्नुपर्ने, रातमा गर्नुपर्ने कार्य, थुनामा राखेर गरिने कार्य ।

यस महासन्धिको तत्काल कार्यान्वयनका लागि यसलाई अनुमोदन गर्ने राष्ट्रहरूले अत्यन्त खराब वा जोखिमयुक्त श्रमको पहिचान गरी सोको निर्मूलनका लागि रोजगारदाता, ट्रेड युनियनलगायतसँग परामर्श गरी कार्ययोजना बनाउनुपर्ने तथा श्रमिक बालबालिकाको राहत, पुनर्स्थापना एवं सामाजिक पुनर्एकीकरणको लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने, उनीहरूको लागि निःशुल्क आधारभूत शिक्षा र व्यवसायिक तालिम उपलब्ध गराउनुपर्नेजस्ता दायित्व पनि प्रष्ट तोकेको छ ।

यस कार्यमा विशेषतः कलिला बालबालिकाहरू, खासगरी बालिकाहरू जोखिममा पर्ने अदृश्य श्रमक्षेत्रहरू, जस्तै :– घरेलु बालश्रमलगायत अन्य विशेष अवस्थामा रहेको बालबालिकालाई प्राथमिकता दिनुपर्ने कुरा पनि उल्लेख छ ।

## ख) क्षेत्रीय महासन्धिहरू

दक्षिण एसियाका नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, भुटान, श्रीलङ्का र माल्दिभ्स गरी ७ वटा देशहरूको काठमाडौँमा २००२ जनवरी ५ मा भएको एघारौ सार्क शिखर सम्मेलनले दक्षिण एसियाली बालबालिकाको हकहितका लागि एउटा तथा यस क्षेत्रमा व्याप्त रहेको देहव्यापारका लागि महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार गर्ने अपराधको विरुद्ध अर्को गरी जम्मा दुईवटा सार्क महासन्धि पारित गरेका थिए । यी क्षेत्रीय महासन्धिहरूले यस क्षेत्रको बालअधिकारको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्छन् ।

### दक्षिण एसियामा बालबालिकाको हित प्रवर्द्धन गर्ने क्षेत्रीय प्रावधानको निम्ति सार्क महासन्धि जनवरी ५, २००२

- राज्यपक्षहरूले कुनै पनि प्रकारका भेदभाव, दुरुपयोग, उपेक्षा, शोषण, यातना वा तल्लो स्तरको व्यवहार, ओसारपसार र हिंसाबाट राष्ट्रिय कानुनहरूले बालबालिकालाई संरक्षण प्रदान गर्ने कुरा निश्चित गर्नेछन् ।

  *(भाग २ धारा ४.३.क)*

- जोखिमपूर्ण तथा हानिकारक श्रममा बालबालिकाको प्रवेशलाई निरुत्साहित गर्न र सार्क क्षेत्रबाट बदनाम बालश्रमलाई उन्मूलन गर्ने नवौं सार्क शिखर सम्मेलनको निर्णयलाई कार्यान्वियन गर्ने कुरालाई सुनिश्चित गर्ने ।

  *(भाग २ धारा ४.३.ख)*

- राज्यपक्षहरूले बालश्रमिक उपलब्ध गराउन खोज्ने परिवारहरूलाई प्राथमिक तहका अवसरहरूको उपलब्धता तथा सहयोगात्मक सामाजिक सुरक्षा सञ्जाललगायतका बहुमुखी रणनीति अनुशरण गर्नेछन् ।

  *(भाग २ धारा ४.३.ख)*

### देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न तथा यसविरुद्ध लड्नका लागि सार्क महासन्धि जनवरी ५, २००२

- यो महासन्धि सार्क क्षेत्र (नेपाल, भारत, भुटान पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स)भित्र लागू हुनेछ ।

- मानव बेचबिखन/ओसारपसारविरुद्ध ७ देशभित्र एकआपसमा अपराधमा संलग्न व्यक्तिहरूको बयान लिने, प्रमाण जुटाउनेलगायतका कानुनी सहायता प्रदान गर्ने ।
- अपराधमा संलग्न व्यक्तिहरूमाथि मुद्दा चलाउने र मुद्दा चलाउने देशले माग गरेमा सम्बन्धित देशमा फिर्ता गर्ने ।
- बेचबिखन/ओसारपसार गर्ने कार्यलाई रोक्नको लागि संलग्न निकाय, संस्था तथा व्यक्तिहरूका बारेमा नियमित जानकारी आदानप्रदान गर्ने ।
- पीडितहरूको हेरचाह, उपचार, पुनर्स्थापना र स्वदेश फिर्ता हुनका लागि आवश्यक पहल गर्ने

उपर्युक्त प्रावधानहरूलाई कार्यान्वयन गर्न राष्ट्रिय रूपमा निम्न संयन्त्रहरूको विकास गरिएको छ । सन्धि ऐन,२०४७ को दफा ९ अनुसार नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानलाई राष्ट्रिय कानुनसरह लागू गरिनुपर्दछ । तर यस प्रावधानलाई प्रगतिशील रूपमा लागू गर्नुभन्दा पनि हाम्रा अदालतहरू अत्यन्त परम्परागत चिन्तन राख्दछन् र सन्धि ऐनको दफा ९ ले मात्र अन्तर्राष्ट्रिय महासन्धिका प्रावधान लागू गर्न पर्याप्त नहुने हुँदा राज्यले तदनुरूप कानुन नै निर्माण गर्नुपर्ने हठपूर्ण र यान्त्रिक सोचाइ राख्दछन् ।

## ग) राष्ट्रिय कानुनी व्यवस्थाहरू:

### नेपालको अन्तरिम संविधान,२०६३

धारा २२ मा बालबालिकाको हक तथा धारा २९ मा शोषणविरुद्धको हकको व्यवस्था छ ।

### धारा २२ : बालबालिकाको हक :

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ ।

(४) असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका,सडक-बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ। शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुनेछ।

(५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइनेछैन।

## धारा २९. शोषणविरुद्धको हक :

(१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ।

(२) प्रथा, परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइनेछैन।

(३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइनेछैन।

(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइनेछैन।

## मुलुकी ऐन (बाह्रौं संशोधन)

## आशय करणीको महल १३

१ आशय करणी यौन दुर्व्यवहार गरेको वा गर्न खोजेको अपराध हो। निम्न कार्य गरे वा गर्न लगाए आशय करणी वा यौन दुर्व्यवहार गरको ठहर्छ :

कुनै महिलाको मञ्जुरीबिना

- निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा
- निजको भित्री पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा
- निजलाई अस्वभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा
- कसैले आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा
- निजलाई अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्बिर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा
- निजलाई करणीका आशयले समातेमा

कसैले यस्ता माथि उल्लेखित कार्य गरे निर्धक्क भएर नजिकको प्रहरी कार्यालयमा उजुरी दिऔँ । प्रहरी कार्यालयमा उजुरी दिन कुनै किसिमको व्यवधान वा असजिलो भए नजिको सङ्घसस्था, महिला समुह आदिको सहयोग लिई उजुरी गर्न सकिन्छ ।

### सजाय

आशय करणी (यौन दुर्व्यवहार) को कसुर गर्ने व्यक्तिलाई १ वर्षसम्म कैद र १० हजार रुपैँयासम्म जरिवाना हुनेछ ।

आफू वा अरूसँग गैर कानुनी रूपमा करणी गर्न स्वास्नी मानिसलाई फकाउने र वेश्या गमनको लागि सम्पर्क र व्यवस्था गरिदिनेलाई ६ महिनादेखि २ वर्षसम्म कैद वा ५ सयदेखि ६ हजार रुपैँयासम्म जरिवाना वा दुबै हुन्छ ।

### हदम्याद (उजुरी गर्ने समय सीमा)

आशय करणी (यौन दुर्व्यवहार) भएमा सो कुरा जानकारीमा आएको मितिले ३५ दिनभित्रमा उजुरी (नालिस) दिनुपर्छ ।

### जबर्जस्ती करणीसम्बन्धी महल १४

- यदि एउटा मानिसले १६ वर्षभन्दा मुनिको बालिकालाई सहमति लिए पनि वा नलिए पनि तथा १६ वर्षभन्दा माथिको आइमाईलाई सहमतिबिना कुनै पनि तरिकाले करणी गरेमा त्यसलाई जबर्जस्ती करणी वा बलात्कार भनिन्छ ।

जबर्जस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुन्छ :

- १० वर्षभन्दा मुनिकी बालिका भए १० देखि १५ वर्षसम्म कैद सजाय हुन्छ ।
- १० वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमरेकी बालिका भए ८ देखि १२ वर्षसम्म कैद सजाय हुन्छ ।
- १४ वर्ष वा सोभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका भए ५ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुन्छ ।
- १६ वर्ष वा सोभन्दा बढी २० वर्षभन्दा कम उमेरकी महिला भए ५ वर्षदेखि ८ वर्षसम्म कैद सजाय हुन्छ ।
- २० वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए ५ देखि ७ वर्षसम्म कैद सजाय हुन्छ ।

तर लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा ३ महिनादेखि ६ महिनासम्म कैद सजाय हुन्छ। साथै महिलालाई सामूहिक रूपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गर्नेलाई माथि लेखिएको सजायमा थप ५ वर्ष कैद हुन्छ। त्यस्तै कसैले आफूलाई एच्आइभी पोजिटिभ रोग भएको थाहा पाउँदा पाउँदै निजले कसैलाई जबर्जस्ती करणी गरेमा थप १ वर्ष सजाय हुन्छ। कसैले कुनै नाबालकसँग अप्राकृतिक मैथुन गरे गराए थप १ वर्षसम्म कैद सजाय हुन्छ।

जबर्जस्ती करणी गर्न मद्दत दिनेलाई जनही ३ वर्षसम्म कैद हुन्छ। १६ वर्ष मुनिकी स्वास्नी मानिसका सम्बन्धमा भने दोब्बर सजाय हुन्छ। साथै नाबालकको उमेर र परेको मर्कालाई विचार गरी त्यस्तो पीडित नाबालकलाई क्षतीपूर्ति भराई दिनुपर्ने व्यवस्थासमेत गरेको छ।

- यौनसम्बन्धी मुद्दाको सुनुवाईमा सम्बन्धित कानुन व्यवसायी, अभियुक्त, पीडित स्वास्नीमानिस र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारी मात्र मुद्दाको कारबाही भइरहेको इजलासमा उपस्थित हुन सक्ने व्यवस्था गरेको छ।
- जबर्जस्ती करणीको मुद्दामा पीडितको बयान गराउँदा महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहबरमा अन्य प्रहरी कर्मचारीले पनि बयान गराउन सक्छ।

**हदम्याद :**

उल्लेखित कार्य भए गरेको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा उजुर गरी सक्नुपर्नेछ, अन्यथा उजुरी लाग्दैन।

## बालबालिकासम्बन्धी ऐन, २०४८ तथा बालबालिकासम्बन्धी नियमावली, २०५१

### यौनदुर्व्यवहारबाट संरक्षणको व्यवस्था :

- १६ वर्ष उमेर नपुगेसम्मकालाई बालबालिका मानिन्छ। (दफा २)
- अनैतिक पेशामा लगाउन नहुने, अनैतिक पेशामा लगाउने उद्देश्यले फोटो खिच्न, प्रकाशन गर्न, चरित्रमा आघात पर्ने व्यक्तिगत घटना-विवरण प्रकाश गर्न, मादक पदार्थ, लागूऔषध वा नशालु पदार्थको बिक्रीवितरणमा संलग्न गराउन नहुने।

सजाय : माथि उल्लेखित कार्य गरेमा वा सो कार्य गर्न प्रोत्साहन गरेमा वा सो कार्य गर्ने उद्योग गरेमा १० हजार रूपैँयासम्म जरिवाना वा एक वर्षसम्म कैद सजाय वा दुवै हुनेछ । बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले खिचेको फोटो प्रकाशन गर्ने उद्देश्यले मुद्रण गरिएको सबै प्रकाशनहरू जफत हुनेछन् ।

**अन्य संरक्षणका व्यवस्थाहरू :**

- क्रुर वा यातनापूर्ण व्यवहार गर्न नहुने ( दफा ७ )
- बाबुआमासँग भेटघाटको सुविधा दिनुपर्ने ( दफा ८,९)
- १० वर्षमुनिकालाई कुनै सजाय नहुने
- १०-१४ वर्ष - जरिवाना हुने अपराध गरे हप्काई-सम्झाई-बुझाई गर्ने, कैद हुने अपराध गरे बढीमा ६ महिनासम्म कैद हुने
- १४-१६ वर्ष - उमेर पुगेकालाई हुने सजायको आधा सजाय
- कानुन व्यवसायी नभएमा बालबालिकाको मुद्दाको कारबाही किनारा नहुने (दफा १९)
- हकको प्रचलन : यस हकको प्रचलनका लागि बालबालिकाको तर्फबाट जोसुकैले बालबालिका बसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्ने (दफा २०)
- एकाघरका कोही नहुने बालबालिकाको हेरचाह र निजको सम्पति जिम्माको लागि बालकल्याण अधिकारी वा प्र.जि.अ.ले निजको सम्पतिको फाँटबारी राखी, संरक्षक नियुक्ति गर्ने वा बालकल्याण गृहमा राख्ने ।

**बालश्रम निषेध र नियमित गर्ने ऐन,२०५६ का सम्बन्धित प्रावधान :**

- १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रमजन्य काममा लगाउन नहुने ।
- १४ वर्षभन्दा माथिका बालबालिकालाई प्रतिष्ठानमा काममा लगाउनेले अभिभावकको मञ्जुरी, श्रम कार्यालयको स्वीकृतिसमेत लिनुपर्ने ।
- त्यस्ता कामदारको फोटोसहितको विवरण १५ दिनभित्र जिल्ला बालकल्याण समितिमा र श्रम कार्यालयमा पठाउनुपर्ने ।

- १६ वर्ष मूनिका बालबालिकाहरुलाई घरेलु श्रमिक वा जोखिमपूर्ण व्यवसायमा लाउनु हुँदैन् ।
- रोजगारदाताले श्रमिकका रूपमा काममा लगाउँदा योग्यताको प्रमाणपत्र लिनुपर्ने ।
- बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन नहुने ।
- बालबालिकालाई  दिनको ६ घण्टा र हप्तामा ३६ घण्टाभन्दा बढी काममा लगाउन नहुने ।
- बालबालिकालाई लगातार ३ घण्टा काम गरेपछि आधा घण्टा विश्राम र हप्ताको एक दिन बिदा दिनुपर्ने ।

## जोखिमपूर्ण श्रम भनी अनुसूचीमा तोकिएका कार्यहरू:

चुरोट–बिँडी बनाउने, आवास गलैचा बुन्ने, जुवाघर(क्यासिनो, बार, होटल, रेस्टुरेन्ट, पदयात्रा, पर्वतारोहण, पर्यटनसँग सम्बन्धित व्यवसायहरू, प्रयोगशाला, कार्यशाला, पशुवधशाला, शीतभण्डारजस्ता सेवामूलक व्यवसायहरू, सार्वजनिक परिवहन, निर्माण व्यवसायहरू , रङाउने, छाला प्रशोधन, सिमेन्ट उत्पादन तथा प्याकिङ गर्ने, सलाई  तथा विष्फोटक पदार्थ उत्पादन र बिक्री गर्ने, मदिरा, बियरजस्ता पेय पदार्थ उत्पादन र विक्री गर्ने ,कीटनाशक औषधी, तेल उत्पादन, फोहरमैला उत्पादन तथा प्रशोधन, रबर, सिन्थेटिक, प्लास्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू, जलस्रोत, कोइला, प्राकृतिक तेल वा ग्याँस बायोग्याँस तथा उर्जा उत्पादन र पैदा गर्ने , प्रसारण र वितरण गर्ने कार्यहरू, खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन र वितरणसम्बन्धी कार्यहरू, रिक्सा, ठेलागाडा, कटिङ मेसिन, जमिनमुनि, पानीमुनि र धेरै उचाइमा चढी गर्नुपर्ने कार्य , रासायनिक पदार्थसँग सम्पर्क हुने कार्य आदि ।



# उजुरी र अनुसन्धान

४

## १. उजुरी :

बालबालिकाविरुद्ध हुने अपराधहरूको उजुरी विभिन्न तरिकाबाट प्रहरी कार्यालयसम्म आइपुग्न सक्छ। यस्ता समस्याका उजुरीहरू आउने त्यस्ता केही स्रोतहरू निम्न हुन् : बालबालिका स्वयं, बालबालिकाका अभिभावक तथा बाबुआमा, बालबालिका अध्ययन गर्ने विद्यालय, स्थानीय बालसरोकार समूहहरू, गैरसरकारी सङ्घसंस्थाहरू तथा अस्पतालहरू। हाम्रो देशको प्रचलित कानुनअनुसार न्याय प्रयोजनका लागि बालबालिकामाथि हुने कुनैपनि गैरकानुनी कार्य तथा बालसंरक्षणको विषयमा निम्न व्यक्ति वा समूहहरूले उजुरी दिनसक्ने व्यवस्था गरिएको छ :

- प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारीले
- सम्बन्धित इलाकाको प्रहरीले
- सम्बन्धित बालक वा निजको आमा, बाबु वा संरक्षकले
- सम्बन्धित गा.वि.स. वा नगरपालिकाले
- प्रतिष्ठानस्तरको ट्रेड युनियनले
- बालकको हकहितको संरक्षणका निमित्त कार्यरत प्रचलित कानुनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले
- थाहा पाउने जोसुकैले

विभिन्न कानुनी व्यवस्थाहरूले उजुरी दिने हदम्याद विभिन्न ढङ्गले तोकेको छ, जस्तो कि :– मुलुकी ऐनले यौन दुर्व्यवहार र बलात्कार भएमा घटना भएको ३५ दिनभित्र उजुरी दिइसक्नुपर्ने उल्लेख गरेको छ भने बालबालिकासम्बन्धी ऐननियमहरूअनुसार अपराध कार्य भए-गरेको मितिले एक वर्षभित्र उजुरी गरिसक्नुपर्दछ। कानुनी व्यवस्थामा यस्तो प्रावधान भए पनि उजुरी गर्दा सकेसम्म छिटो गर्नु उत्तम हुन्छ। छिटै उजुरी गर्न सकिएमा प्रमाण लोप हुँदैन, अपराधी भाग्न-उम्कन पाँउदैन साथै अनुसन्धान र कानुन कार्यान्वयन गर्न सजिलो हुन्छ।

## उजुरीमा कमी

बालबालिकाविरुद्ध हुने अपराध तथा हिंसा दुर्व्यवहारका घटनाहरू अत्यन्त कम मात्र प्रहरी निकायसम्म आइपुग्ने गर्दछन्। अझ यौनदुर्व्यवहारजस्ता घटनाहरू त झनै कम मात्रामा आउने गर्दछन् र आइपुगेका कतिपय सूचना र उजुरीहरू पनि पूर्ण र पर्याप्त खालका हुँदैनन्। यसका पछाडि थुप्रै सामाजिक, शैक्षिक कारणहरू छन्। त्यसमध्ये केही कारणहरू निम्न हुन् :

- घरभित्रका घटना हुनाले, मानिसहरू सामाजिक इज्जत-प्रतिष्ठा जाने डरले गर्दा उजुरी गर्दैनन्।
- सम्बन्धित अपराधी वा उसका समर्थकहरूले फकाएका वा धम्क्याएका हुन सक्छन्।
- कतिपय अवस्थामा पीडितलाई कानुनी व्यवस्था र प्रक्रिया तथा उपलब्ध सेवाहरूका बारेमा जानकारी हुँदैन।
- प्रहरी चौकी भौगोलिक हिसाबले पीडितको पहुँचभन्दा टाढा हुनाले
- प्रहरी र उनीहरूको व्यवहारका बारेमा नकारात्मक खबरहरू फैलिनाले

**त्यसैले प्रहरी–निकाय र कर्मचारीहरूले बालबालिकाविरुद्ध हुने अपराध, हिंसा र दुर्व्यवहारका घटनाहरूलाई प्रहरी चौकीसम्म ल्याइपुऱ्याउन आवश्यक थुप्रै कदमहरू सञ्चालन गर्नुपर्दछ। उदहारणका लागि निम्न कार्यहरू गर्न सकिन्छ :**

- उजुरी दिन आउने नागरिकहरूसँग नम्र र सहयोगी व्यवहार गर्ने
- परेका उजुरीहरूउपर तत्काल प्रभावकारी छानबिन गर्ने

- पीडकलाई तत्काल पक्राउ गर्ने र आवश्यक अनुसन्धान-प्रक्रिया थालनी गर्ने
- पीडित, उसको परिवार, साक्षी तथा प्रमाणको सुरक्षाको आवश्यक व्यवस्था गरिदिने
- पीडित, उसको परिवार, साक्षी तथा प्रमाणका आवश्यक गोप्यता कायम गर्ने
- अभियोजन कार्यमा सघाउने
- प्रहरी-प्रक्रिया तथा उपलब्ध सेवा र सफल घटनाहरूको प्रचारप्रसार गर्ने
- समुदाय, सञ्चार-माध्यम र सामाजिक सङ्घसंस्थाहरूसँग सहकार्य तथा समन्वय गर्ने
- पीडित बालबालिकासँग कुराकानी गर्दा बिना वर्दीमा संरक्षकको सामुन्नेमा गोपनियता अपनाई कुराकानी गर्ने ।

### २. बाल-यौनदुर्व्यवहारसम्बन्धी घटनामा अनुसन्धान र कार्यविधि

बालबालिकाविरुद्ध हुने अपराध, हिंसा र दुर्व्यवहारसम्बन्धी अपराधमा प्राप्त उजुरी तथा सूचनाहरूको सन्दर्भमा प्रहरी निकायले निम्न चरणहरूबाट कार्य गर्नुपर्दछ :

एक : सूचना-सङ्कलन

दुई : पीडितसँग सम्पर्क

तीन : स्वास्थ्यपरीक्षण घाउ-जाँच मुचुल्का

चार :सबुत प्रमाण-सङ्कलन

पाँच : पीडितसँग बयान

छ : साक्षीको बयान

सात : खानतलासी

आठ : सनाखत

नौ : पक्राउ

दश : अभियुक्तको बयान

एघार : प्रहरी प्रतिवेदन र प्रस्तावित राय

## प्रमाणमुखी अनुसन्धान र बयानमुखी अनुसन्धान

### बयानमुखी अनुसन्धान

सबै अनुसन्धान नै पीडितको बयान र आरोपी या अभियुक्तको साबिती बयानमा नै निर्भर हुने अनुसन्धान प्रक्रियालाई बयानमुखी अनुसन्धान भनिन्छ। यस प्रक्रियामा साबिती बयानलाई नै सफल सूचकको रूपमा हेरिन्छ। तर, प्रहरीको

सामुन्ने भएको साबिती बयानको कुनै महत्व हुँदैन, अभियुक्तले अदालतमा इन्कारी बयान दिनसक्छ। साथै अभियुक्तलाई आफूविरुद्ध प्रमाण लाग्ने बयान दिन कर नलाग्ने कानुनी व्यवस्था उपलब्ध छ। तथा, प्रहरीले बयान गराउन यातना दिन पाउँदैन। मानवअधिकारको संरक्षण प्रहरीको कर्तव्य हो। तसर्थ अभियुक्तको मानवअधिकारको समेत सम्मान गर्नुपर्ने हुन्छ। यसले गर्दा अपराधीको अपराध प्रमाणित नहुन सक्दछ र पीडित झन् पीडित हुने खतरा देखिन्छ।

## प्रमाणमुखी अनुसन्धान

कुनै पनि अपराधिक घटना घटेको हो र सो घटना घटाउनमा अभियुक्तको संलग्नता छ भन्ने पुष्टि गर्ने खालका सबै चिजबस्तुहरू सबुत प्रमाणहरू हुन्। यिनै सबुत प्रमाणका आधारमा अपराध पुष्टि हुन्छ। यसरी अपराधलाई सबुत प्रमाणहरूको खोजी गरी तिनै सबुत प्रमाणको आधारमा प्रमाणित गर्ने अनुसन्धान प्रक्रिया नै प्रमाणमुखी अनुसन्धान हो। यस अनुसनधानमा प्रमाणको सुरक्षा अत्यन्त संवेदनशील कार्य हुन जान्छ।

### क) सूचना-सङ्कलन

सुचना-सङ्कलन उजुरी जाहेरीसँगै प्राप्त हुन्छ। कुनै पनि घटनाबारे सूचना प्राप्त गर्दा न्यूनतम रूपमा पनि निम्न प्रश्नहरूको खोजी गर्नुपर्दछ :

| | | |
|---|---|---|
| के भएको हो ? | कहाँ भएको हो ? | कहिले भएको हो ? |
| कसले गरेको हो ? | कसलाई वा कोविरुद्ध घटना भएको हो ? | |
| कसरी घटना भयो ? | घटना हुनुको पछाडि के कारणहरू छन् ? | |

यदी जाहेरी दराखास्त प्राप्त भएको छ भने जाहेरी दरखास्त ठीक छ कि छैन जाँच गर्नुपर्दछ र सच्याएर ठीक तरिकाले लेख्न सहयोग गर्नुपर्दछ। नमुनाको लागि जाहेरी दरखास्त यहाँ दिइएको छ :

### ख) पीडितसँग सम्पर्क :

उजुरी, जाहेरी वा सूचना प्राप्त भएपछि ढिलो नगरिकन प्रहरीले पीडितसँग सम्पर्क गर्नुपर्दछ। यस चरणमा प्रहरीले पीडितको अवस्थाको बारेमा सचेत हुने, घटनाको विस्तृत जानकारी लिने, पीडित र उसको परिवारको आवश्यक संरक्षणको व्यवस्था

# नमुना

## श्री जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा चढाएको

### जाहेरी दरखास्त

१. जाहेरवालाको नाम, थर, वतन : सुखनारायणको नाती समशेरदिलको छोरा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.७ चावहिल घर भई हाल जिल्ला.कञ्चनपुर, महेन्द्रनगर नगरपालिका वडा नं.१४ वस्ने वर्ष ४४ को शेरदिल श्रेष्ठ ।

२ कुन अपराध बारे उजुरी गरेको : बाल–यौनशोषण तथा जबर्जस्ती करणीको उद्योग ।

३. अपराध गर्नेको नाम, थर, वतन, उमेर र हुलिया: स्वाठ दासको छोरा जिल्ला कञ्चनपुर महेन्द्रनगर नगरपालिका वडा नं.१४ वस्ने गहुँगोरो वर्ण, मोटो, होचो कदको अन्दाजी वर्ष ५६को लम्फु दास ।

४. अपराध भएको मिति ,समय र ठाँउ : मिति २०६५ साल वैसाख महिना १४ गतेका दिन साँझको अन्दाजी ७:४५ बजेको समयमा निज लम्फु दासको घरको कोठामा ।

५. अपराधको विवरण : म जाहेरीकर्ता विगत २ वर्षदेखि निजको घरसँगैको घरधनी प्रफुल्ल दासको घरमा डेरामा बस्दै स्थानीय एक गैरसरकारी संस्थामा काम गरिआएको छु । माथि प्रकरण ३ मा लेखिएका व्यक्तिले घरमा काम गर्न सघाएमा पढाइदिन्छु भनी जिल्ला रोल्पा, लिवाङ गा.वि.स. वडा नं. ४ सिठुवा बस्ने माइला मगर भनिने राममान गुर्माछानेकी काँहिली छोरी अन्दाजी वर्ष १३ की जूनसरा गुर्माछानेलाई कसैको अनुमति नलिई काममा लगाइ आउनुभएको रहेछ । प्रकरण ४ मा उल्लिखित मिति, ठाँउ र समयमा आफूलाई सन्चो नभएको भनी निज बालिकालाई चिया ल्याउन भनेछन् । चिया दिई निज बालिका कोठाबाट बाहिरिन लाग्दा 'जूने मेरो शरीर दुखेको छ, मालिस गर्दे' भनेपछि निज बालिकाले अप्ठेरो मानी आनाकानी गर्दाको अवस्थामा 'ओहो, तँलाई के भयो, ल हेर मलाई भन्नुपर्दैन ? तेरो छातीमा घाउ आएछन् नि त ,

खै खै यता आ त !' भन्दै तानेर निज जूनसरालाई काखमा बसाई कपडाभित्र हात हाली निजका स्तनहरू खेलाउन, गाला र नितम्व तथा योनीसमेत चलाई बिछ्यौनामा सुताउँदै आफ्ना र निज बालिकाको तल्लो अङ्गका कपडाहरू खोल्न हटाउन थालेछन् । निज पीडितले टोक्दै, चिथोर्दै हल्ला गर्न लाग्दा 'हल्ला गरिस् भने ठीक हुँदैन , चुप लाग् । भनेको मानिस भने तँलाई भोलिदेखि धेरै काममा लगाउँदिन र बजारबाट मीठो खानेकुरा पनि लुकाएर ल्याइदिन्छु' भन्दै गर्दाको अवस्थामा निजकी पत्नी लखन्धरी दासले जूनसरालाई काममा बोलाएकीले हत्तपत्त छाडिदिएछन् र मात्र बालिकामाथि थप बिज्याई एवम् अपराध हुन पाएनछ । २०६५ साल बैसाख महिना १५ गतेका बिहान बजारमा दुध लिन जाँदाको अवस्थामा भेट हुँदा पसलमा छिमेकका टेकबहादुर राई, नवराज धिताल र पसले जुजुकाजी प्रधानसमेतको रोहबरमा निज जूनसराले डराई–डराई मलाई सबै विवरण बताएकीले निज पीडित जूनसराका तर्फबाट पीडक लम्फु दासलाई कानुनी कारबाही गरी पाउन जाहेरी गर्न आएको छु । जाहेरी दरखास्त दर्ता गरी, प्रमाणको सुरक्षाका साथ अभियुक्तलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरी हदैसम्मको कारबाही गरिपाऊँ ।

६. <u>अपराधबारेको सबुद प्रमाण</u> : निज बालिका जूनसरालगायतका प्रमाणका मानिस टेकबहादुर राई, नवराज धिताल र पसले जुजुकाजी प्रधानसमेत बुझी सर्जमिन समेत गरिपाँऊ । पीडितको र अभियुक्तसमेतको शारीरिक परीक्षण गराइपाँऊ ।

व्यहोरा जानेवुझेसम्म सहीसत्य हो । झुठा ठहरे कानुनबमोजिम सहुँला, बुझाउला । प्रहरीद्वारा अपराध अनुसन्धान हुँदा र अदालतद्वारा मुद्दा चल्दाका बखत जनाउ पाएमा सोहीबमोजिम उपस्थित हुनेछु ।

जाहेरवाला

निज शेरदिल श्रेष्ठ

इति सम्वत् २०६५ साल बैशाख महिना १५ गते रोज १ शुभम्......

*यसमा उल्लेख गरिएका नाम, ठेगाना सबै काल्पनिक मात्र हुन् । कसैसँग मेल खाएमा संयोग मात्र हुनेछ ।*

मिलाउने, उपलब्ध भौतिक सबुतहरूको सङ्कलन गर्ने र सकेसम्म भौतिक सबुतहरूलाई नष्ट हुन नदिने, अभियुक्तको बारेमा जानकारी लिने र उसलाई भाग्न, उम्कन नदिन आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

### ग) स्वास्थ्यपरीक्षण तथा घाउ-जाँच मुचुल्का

तेस्रो काम भनेको सम्बन्धित पीडित बालबालिकाको घाउ जाँच गर्न तथा आवश्यक स्वास्थ्यउपचार परीक्षणका लागि तोकिएको स्वास्थ्यसंस्थामा पठाउनुपर्दछ। यस चरणमा ध्यान दिनुपर्ने कुराहरू निम्न हुन्:

- अनुसन्धान अधिकृतले अपराधसँग सम्बन्धित पीडित आफै उजुर गर्न आएमा अवस्था हेरेर स्वास्थ्यपरीक्षण गराउन सक्नेछ।
- अनुसन्धान अधिकृतलाई अभियुक्त र पीडितको स्वास्थ्यपरीक्षण गराउँदा अपराधसँग सम्बन्धित प्रमाण उपलब्ध हुन सक्दछ भन्ने विश्वास लागेमा प्राप्त सेम्पलहरू मान्यता प्राप्त प्रयोगशालामा परीक्षणको लागि पठाउन सक्नेछ।
- पीडित महिला तथा बालबालिकाको स्वास्थ्यपरीक्षण गर्दा उनीहरूको गोपनीयताप्रति संवेदनशील हुनुपर्छ।
- पीडित महिला तथा बालबालिकाको स्वास्थ्यपरीक्षण गर्दा महिला स्वास्थ्यकर्मीद्वारा गर्नुपर्नेछ। महिला स्वास्थ्यकर्मी उपलब्ध नभएमा महिला सुरक्षाकर्मी वा कुनै महिला समाजसेवीको उपस्थितिमा स्वास्थ्यपरीक्षण गराउनुपर्नेछ।
- अभियुक्तको पनि आवश्यकताअनुसार स्वास्थ्यपरीक्षण गराउनुपर्नेछ। स्वास्थ्यपरीक्षण गराउँदा महिला अभियुक्तको हकमा पनि बुँदा नं. ३ को (ग) र (घ) अनुसार नै गराउनुपर्नेछ।

### घ) घटनास्थलको संरक्षण तथा सबुत प्रमाण-सङ्कलन

अपराध अनुसन्धानको क्रममा अर्को महत्वपूर्ण काम भनेको सबुत प्रमाणहरूको सङ्कलन गरी सुरक्षितसाथ राख्नु हो। यसका लागि प्रहरी निकायका व्यक्तिहरूले सर्वप्रथम त घटना भएको स्थालनलाई सुरक्षित घेराभित्र राखी मानिसहरूको आवतजावत हुनबाट र त्यहाँ भएका विभिन्न सामानहरू छुन, चलाउनबाट रोक्नुपर्दछ। सबुत प्रमाणहरू घटनास्थलबाट, पीडित स्वयंबाट र पीडक वा अभियुक्तबाट सङ्कलन

गर्न सकिन्छ। घटनास्थलको र प्राप्त प्रमाणहरूको सम्पूर्ण विवरण खुल्ने गरी तस्वीरसहित घटनास्थल प्रकृति-मुचुल्का उठाउनुपर्दछ।

घटनास्थलको सुरक्षा र तलासी कसरी गर्ने ?

- घटनास्थललाई घेराउ गर्ने, बाहिरी घटनास्थलमा सकभर डोरीको प्रयोग गर्ने।
- अनावश्यक भिड र रमितेलाई जम्मा हुन नदिने।
- घटनास्थल प्रवेश गर्ने र निस्कने ठाँउहरूको विषेश ख्याल र सुरक्षा गर्ने। प्रवेश गर्ने ठाँउ र बाहिर निस्कने ठाँउलाई विशेष ख्याल गरी अरु चिजबाट प्रभावित/दुषित हुन नदिने।
- घटनास्थलका कुनै पनि चिजबस्तु यथास्थानबाट नचलाउने र अरुलाई पनि चलाउन नदिने।
- तलासी गर्दा 'SPACES' को अवधारणा अनुसार गर्ने। SPACES भन्नाले Search Properly And Completely Everything Systematically भन्ने बुझिन्छ।
- महत्वपूर्ण सबुत प्रमाणहरू लाई सङ्केत राख्दै जाने।
- आवश्यकताअनुसार तस्वीर र भिडियो खिच्ने।
- घटनास्थलको रेखाङ्कन गर्ने।
- पीडित घटनास्थलमा नै उपस्थित भएमा वा भेटिएमा सुरक्षितसाथ छुट्टै स्थानमा सार्ने।
- अभियुक्त र पीडित फेला परेमा भिन्दाभिन्दै राखी आवश्यकताअनुसार स्वास्थ्यपरीक्षणको लागि पठाउने।
- पीडित र अभियुक्तको भित्री लुगाहरू सुरक्षित राख्ने।
- शारीरिक घाउ-चोटको अवलोकन गरी फोटोसमेत खिच्ने।
- पीडितलाई स्वास्थ्यपरीक्षण नगरेसम्म नुहाउन, गुप्ताङ्ग सफा गर्न वा मुख कुल्ला गर्न नदिने, मुखमैथुनका घटनामा पेय पदार्थ पिउन र खान पनि दिनुहुँदैन।
- पीडितले लगाएका कपडाहरू, विशेषगरी भित्री कपडा, धुन र सफा गर्न नदिएमा सुरक्षितसाथ राख्नुपर्छ।

- अभियुक्त घटनास्थलमा नै भेटिएमा निजलाई भाग्न, उम्किन नदिने र सुरक्षित ठाँउमा राख्ने ।
- अभियुक्तलाई पनि स्वास्थ्यपरीक्षण नगरेसम्म नुहाउन, गुप्ताङ्ग सफा गर्न र मुखमैथुन भएको अवस्थामा मुख कुल्ला गर्न र पेय पदार्थहरू समेत खान दिनुहुँदैन ।
- अभियुक्तले लगाएका कपडाहरू पनि धुन र सफा गर्न नदिई सुरक्षितसाथ छुट्टै राख्नुपर्छ ।
- साक्षीहरूको पहिचान गरी छुट्टै ठाँउमा राख्ने ।
- छिटोभन्दा छिटो Control Room मा खबर गर्ने र इन्चार्जलाई पनि खबर गर्ने ।

<u>सबुद प्रमाणहरू के-के हुन सक्छन् ?</u>

- घटनास्थलमा प्राप्त गर्न सकिने सबुद प्रमाणहरू (सङ्घर्षका चिन्हहरू, यौनसम्पर्क गर्न प्रयोग भएका चिजबस्तुहरू (condom, lubricants), अश्लील चित्रहरू )
- शारीरिक परीक्षणबाट प्राप्त हुने सबुद प्रमाणहरू ( पीडित र पीडक ) । जस्तैः Simen, Sperm, blood, saliva, secretion of genitals, pubic hairs, wounds and injuries, rashes
- परिस्थितिजन्य प्रमाणहरू (चक्लेट, खेलौना, अश्लील सि.डीहरू, बालबालिकाका कपडाहरू, अफउगतभच, :यदषभि, उचयलयनचबउजष्अ धभदकष्तभक )
- अभियुक्तले दिएका निर्दोषीका प्रमाणहरूलाई झुठा ठहर गर्ने खालका प्रमाणहरू
- साक्षीहरू
- अपराधसम्बन्धी पहिलो रिपोटिङ्ग
- अभियुक्तको चरीत्र र आपराधिक मनसाय प्रमाणित गराउने खालका सबुत प्रमाणहरूलाई पूरक प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ ।

<u>सबुद प्रमाणहरूको संकलन र संरक्षण</u>

घटनास्थलमा प्राप्त हुन सक्ने निम्न सबुद प्रमाणहरूलाई अनुसन्धान अधिकृतले संकलन (Lifting) गर्नुपर्दछ ।

- Swabs
- Whole object
- Cut pieces/ control pieces

- Scratched materials/ control pieces
- Sample pieces (hairs, nail)
- Foot prints ( photographs, cement)
- Fingerprints ( powder, tape, glue)
- प्राप्त सबुत प्रमाणलाई छुट्टाछुट्टै सङ्कलन गरी छुट्टाछुट्टै प्याकिङ्ग गर्ने ।
- प्याकेटहरूलाई सङ्केत दिई विवरण भर्ने ।
- घटनास्थल अनुसन्धान गर्दा सधै रबर वा प्लास्टिकको पञ्जा प्रयोग गर्नु उपयुक्त हुन्छ ।
- सबुत प्रमाण सङ्कलन गर्ने काम उपलब्ध भएसम्म घटनास्थल अनुसन्धान अधिकृतले गर्नुपर्छ ।
- घटनास्थल अनुसन्धान-मुचुल्का पनि महत्वपुर्ण कार्य हो ।
- अदालती कारबाहीको लागि उपलब्ध हुने साक्षीहरूको पहिचान गर्ने ।

<u>प्रमाणहरूको परीक्षण कार्य</u>

सङ्कलित सबुद प्रमाणलाई विशेषज्ञको रायको लागि परीक्षण गर्न प्रयोगशालामा पठाउनुपर्छ । तब मात्र अपराध घटित भएको र सो अपराधको सम्बन्ध अभियुक्त र पीडितसँग रहेको प्रमाणित गर्न सकिन्छ । हाल हाम्रो देशमा उपलब्ध वैज्ञानिक परीक्षणहरू निम्नलिखित छन् :

- Toxicology
- Serology,
- Chemicals\narcotics
- Fingerprints
- Questioned documents
- Ballistics
- Explosives
- Physical tests
- Tool marks
- Photography

**ङ) पीडितसँगको अन्तवार्ता**

पीडितसँग गरिने अनुसन्धानात्मक अन्तवार्ता अर्को महत्वपूर्ण कार्य हो । यसबाट घटनाको विस्तृत विवरण, सम्भावित सबुद प्रमाणहरू र अभियुक्तको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । पीडितसँग अन्तवार्ता गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्न हुन् :

- सादा पोसाकमा महिला प्रहरीले अन्तवार्ता लिनु पर्दछ ।
- अन्तवार्ता लिँदा सम्बन्धित बालबालिकाको अभिभावक वा बाबुआमाको उपस्थिति हुनु जरुरी छ ।
- यस प्रक्रियामा बालमनोविज्ञ, मनोसामाजिक कार्यकर्ता वा यस क्षेत्रमा

क्रियाशील बालअधिकारकर्मीहरूलाई पनि सहभागी गराउनुपर्दछ।

- अन्तवार्तातको वातावरण र परिवेश बालमैत्री हुनु जरुरी छ।
- सम्भव भएसम्म अन्तवार्ता-कोठामा बालबालिकाले मन पराउने चित्र, तस्वीर, पुतली, पुस्तक, खेल सामाग्रीहरू उपलब्ध हुनुपर्दछ।
- अन्तवार्ताको क्रममा सोधपुछ गर्दा सरल र खुला प्रश्नहरू गर्नुपर्दछ।
- पीडितको गोपनीयता र उसको संरक्षण सुनिश्चित गरिनुपर्दछ।

### च) साक्षी तथा साक्षीको बयान

कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा प्रत्यक्ष रूपमा देख्ने, थाहा पाउने व्यक्ति वा कुनै घटना वा अवस्थावाट पीडित व्यक्तिलाई साक्षीको रूपमा लिन सकिन्छ। अनुसन्धान अधिकारीले तहकिकातको सिलसिलामा साक्षीहरूको बयानअनुसारको लिखत तयार गरी अदालतमा पेश गर्नुपर्दछ। साक्षीले अदालतमा उपस्थित भई उक्त बयानलाई बकपत्र गरिदिएपछि मात्र साक्षीको बयानले प्रमाणको रूपमा मान्यता पाउँछ।

### छ) खानतलासी

कुनै पनि शङ्कास्पद स्थान, घर वा सामाग्रीको खानतलासी गर्न प्रहरी निकायले आवश्यक पत्र काट्न सक्दछ। खानतलासीको उद्देश्य अपराधलाई प्रमाणित गर्न सहयोग पुग्ने थप सबुद प्रमाणहरूको सङ्कलन गर्नु हो। बाल-यौनदुर्व्यवहारका घटनाहरूमा खानतलासी गर्दा अभियुक्तसँग वा शङ्कास्पद स्थानहरूमा निम्न सामाग्रीहरू फेला पार्ने प्रयत्न गर्नुपर्दछ :

- अश्लील पत्रपत्रिका, CD,Video,Computer,Camera, memorystick, Lubricants
- बालबालिकालाई प्रलोभन गराउने खालका खेलौना, मिठाई, कपडा, Comics
- त्रसित गराउने छडी, डोरी तथा अन्य सामाग्रीहरू

<u>खानतलासी गरीसकेपछि खानतलासी मुचुल्का र बरामदी मुचुल्का उठाउनुपर्दछ।</u>
<u>खानतलासी गर्दा ध्यान दिनुपर्ने कुराहरू :</u>

- अनुसन्धान गर्ने प्रहरी कर्मचारीलाई अपराधसँग सम्बन्धित कुनै सबुद प्रमाण कुनै व्यक्ति वा ठाउँमा छ भन्ने शङ्का लागेमा सूचना दिएर खानतलासी लिन सक्दछ।

- महिलाको जिउको तलासी लिनुपर्दा महिला प्रहरीबाटै गराउनु पर्नेछ। महिला प्रहरी उपलब्ध नभएको अवस्थामा कुनै महिला समाजसेवीद्वारा शरीरको तलासी लिन लगाउनुपर्दछ।

- खानतलासी गरेपश्चात् प्राप्त भएसम्मका सबुद प्रमाणहरूको विवरण खुल्ने गरी खानतलासी मुचुल्का तयार गर्नुपर्दछ। खानतलासी मुचुल्कामा साक्षी बस्नुपर्ने व्यक्तिले इन्कार गरेमा वा सहीछाप नगरिदिएमा उक्त व्यक्तिलाई सम्बन्धित अदालतले रु.१००।– सम्म जरिवाना गर्नसक्दछ।

**ज) सनाखत**

कुनै पनि अभियुक्तको सनाखत गराउनुपर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले सनाखत गराउन सक्दछ। प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले कानुनको रित पुऱ्याई प्राप्त सबुद प्रमाण वा वस्तुहरूको सनाखत गराउनुपर्दछ।

**झ) पक्राउ**

आवश्यक अनुसन्धान पूरा गरिसकेपछि वा अनुसन्धानको क्रममा अभियुक्तलाई प्रहरी निकायले आवश्यक प्रक्रिया पूरा गरी पक्राउ गर्नुपर्दछ। पक्राउ गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्न छन् :

- पक्राउ गरिएको व्यक्तिलाई बाटोका म्यादबाहेक २४ घण्टाभित्र मुद्दा सुन्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्दछ।

- प्रचलित ऐनअन्तर्गत कसुर गर्ने व्यक्तिलाई घरको चोक-आँगनसम्म गई पक्राउ गर्न सकिन्छ। सो ठाउँमा जाँदा पक्राउ हुन सकेन भने जानकारी दिई सूर्योदयदेखि सूर्यास्तसम्म घरभित्र पसेर भए पनि पक्राउ गर्न सकिन्छ।

- कुनै व्यक्तिलाई पक्राउ गर्नुपुर्व कुन अभियोग वा कसुरमा पक्राउ गर्न लागिएको हो भन्ने कुराको सूचना वा जानकारी (पक्राउ पुर्जी) दिनुपर्दछ। पक्राउ परेको व्यक्तिलाई निजले रोजेको कानुन व्यवसायीसँग भेट्न र कानुनी सल्लाह लिन दिनुपर्दछ।

- पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको स्थलबाट प्रहरी कार्यालयमा ल्याउन र प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउँदा बाटोमा लाग्ने अवधिलाई थुनाको अवधिमा गणना गरिदैन ।

**ञ) अभियुक्तको बयान**

सम्बन्धित अपराधको अभियुक्तसँग बयान लिनु अपराध अनुसन्धान र न्यायप्रक्रियाको अर्को महत्वपूर्ण कदम हो । यसरी अभियुक्तसँग बयान लिँदा विस्तृत रूपमा उसमाथि लगाइएको आरोपको सन्दर्भमा बयान लिनुपर्दछ । यसरी बयान लिँदा सम्बन्धित अभियुक्तसँग उसको बचाउमा ऊ के भन्दछ भनी सोधपुछ गर्नुपर्दछ । बयानको आफ्नो महत्व भए पनि वैज्ञानिक अनुसन्धानमा प्रमाणको भूमिका अत्यन्त ठूलो हुने हुँदा सम्बन्धित प्रहरी कर्मचारीहरूले प्रमाणमुखी अनुसन्धानतर्फ बढी ध्यान दिनुपर्दछ । अभियुक्तको बयान लिँदा ध्यान दिनुपर्ने कुराहरू :

- प्रहरी कर्मचारीले कुनै पनि फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा थुनामा रहेको कुनै पनि अभियुक्तलाई बयान गराउँदा सरकारी वकिलको रहोबरमा गराउनुपर्दछ । अपराध अनुसन्धान अधिकारीले बयानमुखीभन्दा पनि प्रमाणमुखी अनुसन्धानमा जोड दिनुपर्दछ ।
- प्रहरी कर्मचारीले जबर्जस्ती र यातनाको प्रयोग गरी अभियुक्तको बयान लिनुहुँदैन । फौजदारी न्यायको सिद्धान्तअनुसार अभियुक्तलाई आफूविरुद्ध नबोल्ने वा चुप रहन सक्ने अधिकार प्राप्त छ ।

**ट) प्रहरी प्रतिवेदन तथा प्रस्तावित राय**

सम्पूर्ण अनुसन्धान भइसकेपछि प्रहरीले सम्बन्धित सरकारी वकिलको साथमा आफ्नो विस्तृत अनुसन्धान प्रतिवेदन, त्यससँग सम्बन्धित प्रमाण र आफ्नो रायसहित खुलाई सम्मानित अदालतमा मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्दछ ।

यसरी हेर्दा अनुसन्धानको प्रक्रिया लामोजस्तो लागे पनि महिला, बालबालिका र असक्तविरुद्ध हुने अपराधहरूलाई प्रहरी प्रशासनले विशेष चासोका साथ र विशेष सक्रियताका साथ काम गरेमा यो छोटो समयमा नै सम्पन्न हुन सक्दछ । जति छिटो हामीले सबै अनुसन्धान सम्पन्न गऱ्यौँ, त्यति छिटै अपराधीलाई सजाय र पीडितलाई न्याय प्राप्त हुन सक्दछ ।



# अनुसन्धानात्मक सोधपुछ

५

सोधपुछ अपराध अनुसन्धान-प्रक्रियाको एक महत्वपुर्ण अङ्ग हो । कुनै पनि अपराधको सफल अनुसन्धानमा यसको महत्वपूर्ण स्थान हुन्छ । अपराधबारे सूचना दिन प्रहरी कार्यालय पुगेतापनि बालबालिकाहरू आफैँमा रहेको सङ्कोच, अपराधीको धम्की र अन्य सामाजिक लाञ्छना आदिका कारणहरूले गर्दा उनीहरूले आफूमाथि भएको अपराधको विस्तृत विवरण र आफ्ना समस्याहरू स्पष्ट रूपमा त्यहाँ नराख्न सक्छन् । त्यसैले बालबालिकाविरुद्ध भएका अपराधहरूमा सोधपुछ गर्दा स्वयं पीडितसँग पनि आवश्यक सोधपुछ गर्नु अत्यन्त जरुरी हुन्छ । यसरी अनुसन्धानात्मक सोधपुछ गर्दा अनुसन्धान अधिकृतले सोधपुछ गर्नुपर्दछ र पीडित बालबालिकाकासँगको अनुसन्धानात्मक सोधपुछका क्रममा आवश्यक बालमनोविज्ञ वा सामाजिक कार्यकर्ताको पनि उपस्थिति हुनु जरुरी छ । सोधपुछ गर्नका लागि निम्न कुराहरूको आवश्यकता पर्दछ ।

## क) अनुकुल वातावरण

सोधपुछको लागि सर्वप्रथम आवश्यक कुरा हो अनुकुल वातावरण । अनुकुल वातावरण भन्नाले सोधपुछ गरिने व्यक्तिको व्यक्तिगत अवस्था तथा तत्कालीन सामयिक परिवेश दुबै पक्ष पर्दछ । यसअन्तर्गत अनुसन्धानात्मक सोधपुछ गर्ने कर्मचारीले निम्न कुराहरूलाई ध्यान दिनुपर्दछ :

**सम्बन्धित व्यक्तिको मानसिक अवस्था :** तनावपूर्ण अवस्थामा वा मानसिक हालत बिग्रिएको अवस्थामा गरिएको सोधपुछबाट सही सूचना प्राप्त नहुन सक्दछ, साथै त्यस्ता सोधपुछलाई अदालतले पनि मान्यता नदिन सक्दछ । त्यसैले सही र ठीक मानसिक अवस्था भएको समयमा मात्र सोधपुछ सञ्चालन गर्नुपर्दछ ।

**सम्बन्धित व्यक्तिको शारीरिक अवस्था :** पीडित वा प्रभावित व्यक्तिहरूको शारीरिक अवस्था, उनीहरूको शारीरिक समस्या, अपाङ्गता आदिको अवस्था हेरी सम्बन्धित व्यक्तिको शारीरिक अवस्थामा सहयोग पुग्ने खालको वातावरण छ कि छैन भनी ख्याल गर्नुपर्दछ ।

**तत्कालीन स्थिति, समय र परिवेश :** तत्कालीन परिस्थिति, सञ्चार-माध्यम, दबाब-समूह आदिको उपस्थिति, भिड तथा उत्तेजना आदि भएको परिवेशमा पनि सही ढङ्गले सोधपुछ हुन सक्दैन । त्यसैले, शान्त, सुरक्षित र गोपनीयता कायम हुने वातावरण छ/छैन ख्याल गरी मात्र सोधपुछ सुरु गर्नुपर्दछ ।

## ख) अनुसन्धानात्मक सोधपुछको विधि

अपराध अनुसन्धानका विविध पक्षहरूमा समयानुसार परिर्वतनहरू आएझैँ सोधपुछ गर्ने प्रणालीमा पनि सकारात्मक परिर्वतनहरू आएका छन् । हालसम्म व्यवहारमा लागू गरिएकामध्ये सबैभन्दा सरल, सफल र प्रभावकारी रूपमा लागू गर्न सकिने PEACE Model हो । PEACE Model अन्तर्गत निम्न व्यवहारहरू पर्दछन् :

**योजना र तयारी : (Planning & Preparation)**

- सोधपुछ गर्नुभन्दा पहिले आवश्यक खबर गर्ने र प्राप्त सूचना तथा प्रमाणहरूको सही विश्लेषण गर्नुपर्दछ ।
- सोधपुछ गर्दा स्पष्ट गर्नुपर्ने कुराहरूको विषयमा र सोधपुछ गरिने व्यक्तिको विषयमा पूर्ण जानकारी लिनुपर्दछ ।
- सोधपुछका लागि उपयुक्त स्थानको व्यवस्था गर्नुपर्दछ ।
- उपयुक्त समय मिलाउने र त्यसअनुसार समयमा नै सम्बन्धित व्यक्तिहरूलाई खबर गर्नुपर्दछ ।
- सोधपुछ गरिने स्थान र विषयमा अन्यत्र ध्यानाकर्षण गर्ने कुराहरू हटाउने र आवश्यक उपयुक्त उपकरणहरू (टेप, भिडियो) को व्यवस्था गर्ने

- आवश्यक कागजातहरू तयार गर्ने तथा
- सोधपुछ-कार्यमा संलग्न व्यक्तिहरूको भूमिका र जिम्मेवारीको विषयमा स्पष्ट हुनु जरुरी हुन्छ ।

**परिचय तथा विषयवस्तु प्रवेश (Engage & Explain)**

- सोधपुछ गरिने व्यक्तिसँग परिचय आदानप्रदान गर्ने,
- निजले सजिलो महसुस गरेको छ वा छैन निश्चित गर्ने र
- उसले देखेका, जानेका कुराहरू सबै विस्तृत रूपमा भनिदिनको लागि अनुरोध गर्ने तथा
- नबुझेको भएमा कुनैपनि बेला प्रश्न सोध्न सक्ने सहज वातावरण तयार गरिदिने ।

**घटनाको विवरण (Account of Event)**

- घटनाको बारेमा थाहा भएसम्मका सबै कुराहरू पूर्ण स्मरण गर्न लगाउने र
- अनावश्यक हस्तक्षेपबिना पूरै घटना विवरण भन्न दिनुपर्दछ ।
- सोधपुछ गरिने व्यक्तिले आफनो कुरा भनिसकेपछि, WH Question जस्तै : कुन, कहाँ, किन, कसरी, कतिजस्ता खुल्ला प्रश्नहरू राख्ने ।

**सारांश (Closure)**

- सोधपुछ गरिने व्यक्तिको स्वभाव र प्रतिक्रियाको अध्ययन गरी वास्ताविकता थाहा पाउने र जानकारी लिने
- यसअर्न्तगत पीडित तथा साक्षीहरूलाई थाहा भएका कुराहरू पूनः स्मरण गराउन लगाइन्छ ।
- यसो गर्दा सोधपुछकर्ताले अनावश्यक हस्तक्षेप नगरी पूरा घटना-विवरण भन्न दिनुपर्छ र
- आफूले आवश्यकता हेरी बेलाबेलामा तथ्यगत प्रश्न सोधी बढीभन्दा बढी जानकारी प्राप्त गर्नुपर्दछ ।

- सोधपुछबाट आफूले प्राप्त गरेको कुराहरू निजलाई समेत सुनाई सबै कुराहरू हुन् वा होइनन् निश्चित गर्ने
- नबुझेका कुराहरू प्रष्ट गरी निजलाई धन्यवाद दिई, आफ्नो ठेगाना दिने र
- फेरि आउनुपर्ने भए कहिले, कहाँ र कसरी आउने भन्ने जानकारी गराउने ।

**समापन तथा मूल्याङ्कनः** (Evaluation)

- पीडित तथा साक्षीहरूसँगको सोधपुछमा छलफल गरिएका कुराहरू, प्राप्त जानकारी वा त्यसपछि गरिने कार्यको विश्लेषण गरी सोधपुछ कार्यको समापन गरिन्छ ।
- पीडित वा अभियुक्तको सोधपुछमा व्यक्तिका कुराहरूबाहेक औपचारिक बयानको रूप दिई समापन गरिन्छ ।
- वास्तवमा सोधपुछ कार्यको समापन वा अन्त्य तब मात्र हुन्छ, जब सोधपुछकर्तालाई चाहेको जानकारी प्राप्त हुन्छ ।
- सोधपुछपछि मूल्याङ्कनमा तीन कुरालाई हेर्नुपर्दछ,

  १ प्राप्त र उपलब्ध तथ्यसँग तुलना गर्ने

  २ वास्तविकता के हो, सम्पूर्ण गरिएका कार्यहरूमा के त्रुटि रहेको छ पहिचान गर्ने

  ३ थप के गर्नु पर्ने हो विश्लेषण गर्ने

सोधपुछकर्ताले निम्न प्रश्नहरूको आधारमा आफनो सोधपुछ कार्यको आत्ममूल्याङ्कन गर्नुपर्दछ ।

- मैले कस्तो गरेँ ?,
- आवश्यक जानकारी हासिल गर्न सकेँ कि सकिन ?,
- के मिलेन ?,
- सुधार गर्नुपर्ने के-के हुन् ? आदि ।

## ग) विविध पक्षसँग गरिने सोधपुछमा ध्यान दिनुपर्ने कुराहरू

**बालबालिकालाई गरिने सोधपुछ :**

१) बालबालिकाको मानसिक अवस्थामा ध्यान दिने ।

२) बालबालिकाको आवश्यकता जस्तै : खाना, पानी, खेलौना, फुर्सद, कागज, कलम, पेन्सिल आदि ।

३) न्यूनतम पनि २ जना सोधपुछकर्ताको आवश्यकता पर्दछ । २ जना सोधपुछकर्तामध्ये एक पटकमा एक जना मात्र बोल्ने ।

४) सोधपुछकर्ता सकेसम्म सादा पोसाकमा हुनुपर्दछ ।

५) बालबालिकाका अभिभावकलाई सँगै राख्ने ।

६) उमेर, समय, दूरी, गतिजस्ता कुराहरू छुट्याउन नसक्ने अवस्थामा उदाहरण दिएर र तुलना गर्दै प्रष्ट हुने ।

७) बालबालिकालाई अनावश्यक सल्लाह नदिने ।

८) सकेसम्म सरल भाषाको प्रयोग गर्ने ।

९) कोठामा बालबालिकाको ध्यान अनावश्यक आकर्षण गर्ने चिजबस्तु नराख्ने ।

१०) सोधपुछको क्रममा कोठामा टेलिफोन र अन्य बाधा पुऱ्याउने साधनहरू नराख्ने ।

११) बालबालिकाले इच्छाएको ठाउँमा सोधपुछ गर्ने ।

१२) बालबालिकालाई अपराध गरेको महसुस नगराउने ।

१४) सोधपुछको क्रममा खेल्न चाहेमा सो गर्न दिने ।

१५) धैर्य राख्ने ।

१६) भन्न नसकेको कुरालाई चित्रमार्फत् गर्न लगाउने ।

**साक्षीसँग गरिने सोधपुछ :**

१. परिचय आदानप्रदान गर्ने ।

२. सोधपुछको तरिकाबारे जानकारी दिने ।

३. घटना पुनःस्मरण गराउने ।

४. घटना सम्झन उपयुक्त समय र वातावरण मिलाइदिने ।

५. घटना-विवरणमा समय, ठाउँ, मौसम, दुरी आदिको टिपोट लिने ।

६. पटकपटक अनावश्यक प्रश्न नगर्ने ।

७. सवारीसाधन, हतियार, चिजबस्तुको रङ्ग, मोडेल र स्थानजस्ता कुरामा साक्षीको ध्यान केन्द्रित गराउने ।

८. साक्षीले दिएको विवरण समय-समयमा भनिरहने, जसले गर्दा उसलाई सम्झन सहयोग पुग्छ ।

९. घटनाक्रमलाई अंश-अंशमा विभाजन गरी प्रत्येक अंशलाई सुरुदेखि अन्तसम्म र अन्तदेखि सुरुसम्म भन्न लगाउने ।

**अभियुक्तसँग गरिने सोधपुछ :**

१. सोधपुछ गर्ने स्थानको वातावरण र समय अनुसन्धान अधिकृतलाई उपयुक्त हुने खालको बनाउने ।

२. अपराधसम्बन्धी विस्तृत विवरण जानकारी हुनुपर्ने ।

३. सबुद प्रमाणहरूको आधारमा प्रश्न गर्ने ।

४. पीडित र साक्षीको बयानबारे अवगत हुनुपर्ने ।

५. २ जना सोधपुछकर्ताको आवश्यकता ।

६. WH Questionहरू राखी उसैको शब्दबाट टिप्ने ।

७. अभियुक्तले आफूलाई बचाउ गर्ने किसिमको दावाहरूमाथि विचार गर्ने ।

८. सहज वातावरण सृजना गराइदिने ।

९. समय-समयमा उसको बयान दोहोऱ्याउने ।

१०. आवश्यकताअनुसार छुट कुराहरू लाई दोस्रो सोधपुछकर्ताले पुनः प्रश्नहरू सोधी स्पष्ट हुने ।

११. टिपोटको आधारमा बयान तयार गरी सुनाई सहीछाप गर्ने ।




# पीडितको आवश्यकता पहिचान र सहायता

६

## १. पीडितको आवश्यकता

अपराधबाट पीडित व्यक्ति पहिलोपटक प्रहरी वा अन्य कुनै निकायको सर्म्पकमा आउनसक्छन् । पीडितमाथि कुन अपराध भएको हो र पीडितको मानसिक र शारीरिक अवस्था हेरी आवश्यकता पहिचान गरी सोहीअनुसारको सहयोग उपलब्ध गराउने निकायसँग सम्पर्क र समन्वय गरिदिनुपर्छ ।

समान्यतया यौनदुर्व्यवहार भएका बालबालिकाकाको सन्दर्भमा निम्न आवश्यकताहरू हुन सक्छन् :

**(१) सुरक्षाको आवश्यकता :** पीडित बालबालिका, साक्षी र उसको परिवारलाई अभियुक्त तथा उसका सहयोगीहरूबाट धम्की, डरत्रास र लोभ्याउने-फकाउने काम हुनसक्छ । साथसाथै राजनैतिक दबाबहरू आउने पनि सम्भावना हुनसक्दछ । यसको साथै समाज, परिवार र साथीभाइलगायतका अन्य समूहहरूबाट सामाजिक लाञ्छनाहरू, बेइज्जती र इज्जत-प्रतिष्ठामाथि पनि खतरा रहन सक्दछ । त्यसैले सर्वप्रथम यसरी प्रभावित र पीडित व्यक्ति, साक्षी र उसको परिवारको उपयुक्त सुरक्षा व्यवस्था गरिनुपर्दछ । पीडितलाई गोपनीय र सुरक्षित स्थानमा बस्ने व्यवस्था मिलाउनुपर्दछ ।

**(२) शारीरिक अवस्था :** पीडित व्यक्तिको शारीरिक अवस्थामा पनि ध्यान दिनुपर्दछ । घटनाको क्रममा पीडितको शारीरिक स्वास्थ्यमा नकारात्मक असरहरू परेका

हुनसक्छन् । त्यसैगरी उसलाई विभिन्न खालका चोटपटकहरू लागेका हुनसक्छन् । त्यसैले पीडितको स्वास्थ्य जाँच गराई आवश्यक उपचारको व्यवस्था पनि तत्काल गरिहाल्नुपर्दछ ।

**(३) मानसिक तथा भावनात्मक अवस्था :** घटनाको कारणले पीडित र उसको परिवार भावनात्मक हिसाबले विक्षिप्त भएको हुनसक्छ । पीडित स्वयं पनि मानसिक तनाब र समस्याहरूमा रहेको हुन सक्दछ । त्यसैले पीडित व्यक्ति र उसको परिवारलाई अवस्था हेरी आवश्यक मनोविमर्श तथा मानसिक स्वास्थ्य-सेवा उपलब्ध गराउनुपर्दछ ।

**(४) कानुनी आवश्यकता :** पीडित तथा उसका परिवारले घटनाको उजुरी गर्दा आवश्यक ज्ञानको अभावमा सही तरिकाले र सबै सूचनाहरू नराखी उजुरी गरेको हुन सक्दछ । यसको साथै पीडित र उसको परिवारलाई कानुनी व्यवस्थाहरूको जानकारी नहुन पनि सक्दछ । कानुनको सहयाताबिना पीडित र उसको परिवारले न्याय प्राप्त गर्न सक्दैन । तसर्थ जाहेरी दरखास्तदेखि अन्य आवश्यक समयमा पीडित र उसको परिवारलाई कानुनी परामर्श र सहायता उपलब्ध गराउनुपर्दछ ।

**यसरी हेर्ने हो भने यौन दुर्व्यवहारबाट पीडित तथा प्रभावित बालबालिका र उसको परिवारको अवस्था, आवश्यकता र सम्भावित सहायताका पक्षहरू निम्न हुन सक्छन् :**

| आवश्यकता | सहायता |
|---|---|
| (क) सुरक्षा (खतराको विश्लेषण अभियुक्त, समाज, समुदाय, समूह र अन्यबाट) | ♦ न्यायमा पहुँचको सहयोग<br>♦ स्वास्थ्य-सेवा सहयोग |
| (ख) शारीरिक अवस्था तथा समस्या | ♦ अस्थायी पुनर्स्थापना सहयोग |
| (ग) मानसिक अवस्था तथा समस्या | ♦ कानुनी सरसल्लाह सहयोग |
| (घ) भावनात्मक अवस्था तथा समस्या | ♦ मनोसामाजिक विमर्श |

## २. सहायता

### १) उद्धार गर्ने :-

घटना तत्कालै भएको रहेछ र पीडितलाई ज्यानकै जोखिम रहेको अवस्था छ भने सुरक्षित उद्धार गर्नका लागि स्थानीय सामाजिक कार्यकर्ता, सङ्घसंस्थाहरूसँग समन्वय गरी उद्धार कार्यका लागि पहल गर्नुपर्छ र आवश्यक सुरक्षाको समेत व्यवस्था गरिदिनुपर्दछ ।

## २) उजुरी लिने :

घटनाको प्रकृतिको विश्लेषण गरिसकेपछि तत्कालै कुन मुद्दाअन्तर्गत कारबाही अगाडि बढाउनुपर्ने हो, सोको पहिचान गरी कानुनी प्रक्रियाका लागि पहल गर्नुपर्दछ । साथै पीडितको तत्कालीन आवश्यकता पहिचान गरी सोहीअनुसार छिटा छरितो ढङ्गबाट सेवा उपलब्ध गराउनेतर्फ पहल गर्नुपर्छ । पीडितलाई प्रहरीले दिन सक्ने सेवा र सहयोगबारे जानकारी गराउनुपर्दछ ।

## ३) स्वास्थ्यपरीक्षण

पीडितलाई चोटपटक लागेको भए तत्कालै मान्यताप्राप्त स्वास्थ्य केन्द्र/अस्पतालमा स्वास्थ्यपरीक्षण गराउनुपर्दछ । साथै तत्काल उपचारको आवश्यकता भएमा सोका लागि सम्बन्धित सेवा उपलब्ध गराउने संस्थासँग समन्वय गर्नुपर्दछ ।

<u>उमेर प्रमाणीकरणः-</u> पीडितको उमेरको सम्बन्धमा प्रष्ट नभएमा र उमेर खुल्ने खालको कुनै प्रमाण नभएमा उमेर प्रमाणीकरण गराउन पनि स्वास्थ्यपरीक्षण गराउनुपर्ने हुन्छ ।

## ४) अस्थायी बसोबास

पीडितको सुरक्षालाई प्राथमिकता दिई घरमा बस्न नसक्ने अवस्था रहेछ भने अस्थायी बसोबासको व्यवस्थाका लागि अस्थायी पुनर्स्थापना केन्द्रमा समन्वय गरिदिनुपर्छ । यसरी घरबाट अन्यत्र अस्थायी पुर्नस्थापनाका लागि लग्दा परिवारका सदस्यहरूको रायलाई पनि विचार पुऱ्याउनुपर्छ । यौनदुर्व्यहार भएका बालबालिकालाई अस्थायी पुनर्स्थापनाका लागि पठाइएको भए उनीहरू रहेको स्थान गोप्य राख्नुपर्दछ ।

## ५) मनोसामाजिक मनोविमर्श

यौनदुर्व्यहार भएका बालबालिकालाई मानसिक रूपमा असर परेको हुनसक्छ । यस्तो अवस्थामा मनोसामाजिक विमर्श सेवा उपलब्ध गराउने संस्थासँग समन्वय गरिदिनुपर्दछ ।

## ६) कानुनी सहायता

यौनदुर्व्यहार भएका व्यक्ति तथा उसको परिवारलाई कानुनी प्रक्रियाबारेमा जानकारी गराई निःशुल्क कानुनी सहायताको आवश्यकता परेमा सेवा उपलब्ध गराउने निकायहरूसँग समन्वय गरिदिनुपर्दछ ।

# ३. सहकार्य र समन्वयका लागि सञ्जाल

अघिल्लो पाठमा हामीले पीडित र उसका अभिभावक तथा पक्षधरहरूको सुरक्षा, संवेदनशीलता तथा अन्य विविध आवश्यकताहरूको परिपूर्ति गर्न सके मात्र अपराधीलाई सजाय र पीडितलाई न्याय प्रदान गरी प्रहरी सङ्गठनप्रति आम जनविश्वासलाई अझ दरिलो बनाउन सकिन्छ भन्ने छलफल गर्‍यौँ । यसरी सम्बन्धित पीडित तथा प्रभावित व्यक्तिका सबै आवश्यकताहरू प्रहरी सङ्गठन एक्लैको प्रयासले मात्र पूरा गर्न सकिँदैन र सबै सरोकारवालाहरूसँगको आवश्यक सहकार्य, समन्वय र सञ्जाल हुनु जरुरी छ ।

## सहकार्य र समन्वयको आवश्यकता

सहकार्य र समन्वयको आवश्यकता प्रहरीलाई पर्दछ किनभने समाजमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्ने मुख्य जिम्मेवारी प्रहरी सङ्गठनकै हो । तर कमजोर र हेपिएका समुदायहरूको सुरक्षा र सामाजिक सुव्यवस्था कायम गर्नका लागि गर्नपर्ने थुप्रै कामहरूको लागि प्रहरी सङ्गठनभित्र आवश्यक समय, स्रोतसाधन, ज्ञान-सीप तथा मानव स्रोतको अभाव हुन सक्छ । साथै प्रहरी निकायप्रति जनसमुदायको उच्च आशा र एकै व्यक्ति वा निकायले धेरैखाले जिम्मेवारी पूरा गर्नपर्ने बाध्यता आदिका कारणले कतिपय महत्वपूर्ण कार्यहरू गर्न प्रहरी सङ्गठनले सकेको पाइदैंन । यस अभावलाई पूरा गर्नका लागि सहकार्य र समन्वयको आवश्यकता पर्दछ ।

**सहकार्य** भन्नाले एकै उद्देश्यका लागि विभिन्न व्यक्ति, समूह वा निकायहरू मिलेर सँगै काम गर्नु भन्ने बुझिन्छ । यो अस्थायी प्रकृतिको हुन्छ र निश्चित गरिएको काम सम्पन्न भएपछि वा तय गरिएको उद्देश्य प्राप्त भएको ठहर भएपछि सहकार्य टुट्न वा यसले अर्को मोड लिन सक्दछ । प्रहरी निकायहरूले स्थानीय स्तरमा कार्यरत विभिन्न निकाय तथा समूहहरूसँग छोटो समयका लागि यस्ता कामहरू गर्न सक्दछन्, जस्तै : लागूऔषध दुर्व्यसन दिवस मनाउन विभिन्न विद्यालय तथा कलेजहरूसँग संयुक्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्नु ।

**समन्वय** भन्नाले विभिन्न निकाय, व्यक्ति वा समूहहरूले गरिरहेका विभिन्न गतिविधिहरूमाझ एकरूपता ल्याउने र त्यसको अधिकतम प्रतिफल प्राप्त गर्न उनीहरूबचि आवश्यक संवाद र सम्बन्ध स्थापित गरिदिने प्रक्रिया हो । यो दिगो र लामो समयका लागि हुनसक्छ । यस सन्दर्भमा विभिन्न निकायहरूलाई नयाँ काम गर्न उत्प्रेरणा दिनेभन्दा पनि उनीहरूले गरिरहेका कामहरूमा नै एकअर्कामाझको

अन्तरसम्बन्ध कायम गरिदिनु हो, जस्तै : सामुदायिक प्रहरीहरूले गरिरहेका कामहरूमाझ एकरूपता ल्याउन गरिने कार्यहरू ।

**कार्य-सञ्जाल** भनेको निश्चित अभियान वा मुद्दामा सम्बन्धित सरोकारवालाहरूको स्थायी र स्पष्ट भूमिकासहितको कार्यविभाजन भएको औपचारिक वा अनौपचारिक साङ्गठनिक समूह स्थापना गरी सम्बन्धित मुद्दालाई अझ विशेष चासोका साथ अगाडि बढाउनु हो, जस्तै : बालदुर्व्यवहारविरुद्ध क्रियाशलि संस्था तथा निकायहरूको स्थायी समूह निर्माण गरी उनीहरूको सहयोग र सहकार्यलाई निरन्तरता दिनु ।

## आवश्यक मान्यता

प्रहरी निकायले मात्र माथि उल्लेखित सबै सेवा र सुविधाहरू उपलब्ध गराउन सक्दैन र कतिपय अवस्थामा प्रहरी एक्लैले कामहरू गर्दा विभिन्न सामाजिक, राजनैतिक दबाबहरू पनि आउने गर्दछन् । तसर्थ बालबालिकालाई संरक्षण प्रदान गर्न प्रहरी र सम्बन्धित सरकारी-गैरसरकारी निकायहरू मिलेर कार्यसम्पादन गर्दा उद्देश्य हासिल हुने कुरामा बढी सहज र विश्वासको वातावरण बन्न सक्दछ । त्यस्तै यसरी एकआपसमा मिलेर कार्य गर्दा बालबालिकाको पक्षमा आपसी अन्तरसम्बन्धले सहयोगको भावना र नयाँ कार्यहरू थालनी गर्न पनि मद्दत मिल्दछ भने स्वभाविकै रूपमा एक जनाको मात्र विचारभन्दा बहुपक्षीय र धैरै जनासँग गरिएको छलफल, विचार र योजना बढी प्रभावकारी तथा दिगो हुन्छ । त्यसैले स्थानीय प्रहरी निकायहरूले स्थानीय रूपमा यस्ता विषयमा सरोकार राख्ने निकायहरू, सङ्घसंस्थाहरू र सञ्चार-माध्यमहरू कोको छन् निश्चित गरी उनीहरूसँग कार्यसञ्जाल स्थापना गर्नुपर्दछ ।

## कार्यजालो स्थापना-प्रक्रिया

- सहकार्य गर्न सकिने निकाय तथा संस्थाहरूको संयुक्त रूपमा कार्य गर्ने क्षेत्र तथा प्रक्रियाको पहिचान गर्ने
- सहकर्मी संस्थाहरूसँग सहज काम गर्न सकिने वातावरणको विश्लेषण गर्ने र त्यसअनुरूप तयारी गर्ने
- सहकर्मी संस्थाहरूसँगको समान उद्देश्य तथा परिकल्पनाबारे छानबिन गर्ने र तय गर्ने
- संलग्न संस्था तथा आपसी संस्थागत क्षमता तथा कमजोरीहरूको मूल्याङ्कन गर्ने

- संस्थागत सहभागिता, संस्थाहरूको लगानी क्षमता र प्रक्रियाबारे स्पष्टता हासिल गर्ने
- संयुक्त कार्यक्रम, विषयको कार्यविधि र अवधिबारे एकआपसमा सहमति ( सकेसम्म लिखित) गर्ने ।
- सम्बन्धित निकायको नेतृत्व तथा व्यवस्थापन पक्षबारे यकिन गर्ने
- कार्यसञ्जालको कार्य अनुगमन तथा मूल्याङ्कनका आधारहरू निर्माण गर्ने र त्यसैअनुरूप आवधिक समिक्षा गर्ने
- सम्भावित आपसी विवादको समाधान प्रक्रिया तथा मध्यस्थताको प्रावधानवारे स्पष्टता कायम गर्ने

**कार्यजालो स्थापना गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू**

- सहकर्मी संस्थाहरूमाझ आपसी हित हुने कुराहरूको खोजी गर्नु जरुरी छ ।
- सहकर्मी संस्थाहरूमाझ निरन्तर सञ्चार र संवाद हुनु जरुरी छ ।
- एकआपसमा सहकर्मी संस्थाहरूले लचिलो र समतापूर्ण व्यवहार गर्नु जरुरी छ ।
- सहकर्मी संस्थाहरूमाझ सामूहिक अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ र आवश्यकताअनुसार सम्भव भएसम्म अन्तरसम्बन्धका लागि परिवर्तनशीलता आवश्यक छ ।
- सहकर्मी संस्था (प्रहरी निकायसहित) र तिनका व्यक्तिहरूमा व्यवहारगत र धारणागत परिवर्तन हुनुपर्दछ । सम्बन्धित व्यक्तिहरू नकारात्मकबाट सकारात्मक हुनुपर्दछ । जस्तो :

| नकारात्मक अवस्था | परिवर्तन हुनुपर्ने सकारात्मक अवस्था |
|---|---|
| ■ अज्ञानताको अवस्था | ■ ज्ञान : सम्बन्धित विषयमा ज्ञान लिन तयार हुनुपर्दछ । |
| ■ रुखो व्यवहारको अवस्था | ■ मिलनसार : सम्बन्धित व्यक्तिहरूसँग मिलनसार व्यवहार गर्नुपर्दछ । |
| ■ अन्तर्मुखी शैली | ■ बहिर्मुखी : बहिर्मुखी शैली र विचार आदानप्रदान गर्ने हुनुपर्दछ । |
| ■ निर्णायक शैली | ■ स्वीकार्य : अरुको सही विचार र सुझावलाई स्विकार्ने हुनुपर्दछ । |
| ■ सुषुप्त  कार्यप्रक्रिया | ■ क्रियाशील : घटना र आवश्यक प्रक्रियामा सक्रियता बढ्नुपर्दछ । |

**बाालबालिकासम्बन्धी संघसंस्था तथा समितिहरूसँगको समन्वय :**

**क)** **जिल्ला बालकल्याण समितिसँगको समन्वय :** जिल्ला बालकल्याण समितिसँग बालबालिकासम्बन्धी विभिन्न विवरणहरू हुन्छन् (नभए हुनुपर्दछ) । खास गरी बालबालिकाकासम्बन्धमा सामाजिक अध्ययन गर्नेहरू, मनोविमर्श सेवा प्रदायकहरू, कानुनी सहायता उपलब्ध गराउनेहरू, बाल सुधारसम्बन्धी सेवाहरू र बालबालिकालाई आवश्यक पर्ने अन्य सेवा र सहयोगहरू उपलब्ध गराउन चाहने व्यक्ति वा सङ्घसंस्थाको छुट्टाछुट्टै सूची हुने हुनाले प्रहरी तथा बालअधिकारका क्षेत्रमा काम गर्नेहरूले जिल्ला बालकल्याण समितिसँग समन्वयमा काम गर्दा कार्यमा एकरूपता हुन्छ ।

**ख)** **सामाजिक सङ्घसंस्थाहरूसँगको समन्वय :** विभिन्न प्रहरी निकायहरूले आफ्ना कामकारबाहीमा सघाउ पुग्ने गरी स्थानीय सङ्घसंस्थाहरूसँगसमेत समन्वय र सहकार्य गर्नुपर्छ । यस्ता सङ्घसंस्थाहरूमा टोलसुधार समितिहरू, स्थानीय प्यारालिगल कमिटिहरू, क्लबहरू, महिला तथा अन्यखाले बचत समूहहरूसमेतसँग समन्वय र सहकार्य गर्नु जरुरी छ ।

**ग)** **जिल्ला बालश्रम समन्वय समितिसँगको समन्वय :** नेपाल सरकारले आइ.एल.ओ.सँगको सम्झौता र समन्वयमा घनिभूत बालश्रम भएका भनिएका

२२ जिल्लामा बालश्रमविरुद्ध समन्वयात्मक कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ। यस समितिमा जि.वि.स.-सभापतिको अगुवाइमा जिल्ला बालकल्याण समिति, बालबालिकासँग सम्बन्धित अन्य सरकारी निकाय तथा गैरसरकारी निकायसमेत सदस्य रहने व्यवस्था छ। यस समितिसँग समेत समन्वय र सहकार्य गर्नु जरुरी छ।

घ) **अस्पतालहरूसँगको समन्वय :** पीडित तथा प्रभावित बालबालिकालाई विभिन्न स्वास्थ्य-सेवा उपलब्ध गराउन र सम्बन्धित बालबालिकाको घाउ जाँच गर्न नजिकका अधिकारप्राप्त अस्पतालहरूसँग आवश्यक समन्वय गर्नुपर्दछ। यसका लागि सम्बन्धित अस्पताल तथा क्रियाशील सामाजिक सङ्घसंस्थाहरूसँग संयुक्त बैठक बसी आवश्यक प्रक्रिया, सेवा तथा अन्य प्रावधानहरू तय गर्ने र आवधिक रूपमा त्यसको समीक्षा गर्नुपर्दछ।

## ४. सञ्चार-माध्यम र उत्तेजित भिडसँग गर्नुपर्ने व्यवहार

### सञ्चार-माध्यम

सञ्चार-माध्यम बालबालिकाविरुद्ध हुने दुर्व्यवहारको विरुद्ध गरिने सबैखालका कामहरूमा अत्यन्त सशक्त र सहयोगी समूह हुन सक्छन्। अभियुक्तविरुद्ध सामाजिक दबाब सृजना गर्ने, न्यायप्रक्रियाको गतिलाई बढाउने र पीडित पक्षहरूको पक्षमा जनमत जुटाउनका लागि सञ्चार-माध्यम अत्यन्त सशक्त हुने गर्दछ। यसकौ साथै प्रहरी निकायले गरिरहेका कामहरूको असल प्रचारका लागि र नागरिक समुदायमा प्रहरी प्रशासनप्रति विश्वसनीय वातावरण बनाउन पनि सञ्चार-माध्यम निकै प्रभावकारी हुने गर्दछ। तर, यदि सञ्चार-माध्यमसँग यस्ता घटनाहरूमा सही ढङ्गले व्यवहार गर्न जानिएन वा सकिएन भने परिणाम नकारात्मक मात्र नभई पीडित बालबालिकालाई अत्यन्त खतरामा पारिदिने तथा तथा स्वयं प्रहरी निकायहरूविरुद्ध नकारात्मक प्रचारप्रसार हुन सक्ने खतरा रहन्छ भने कतिपय अवस्थामा अभियुक्त भाग्ने, प्रमाणहरू नष्ट गर्ने र साक्षीहरूलाई प्रभावित गर्ने वातावरण पनि बन्न सक्दछ। त्यसैले कुनै पनि घटनामा सञ्चार-माध्यमसँग सम्पर्क गर्द निम्नलिखित कुराहरूमा ध्यान दिनु जरुरी हुन्छ :

- सञ्चार माध्यमसँग अत्यन्तै संयमतापूर्वक, मिजासिलो भएर र उनीहरूको सहयोग आवश्यकता छ भन्ने बारेमा बुझाएर व्यवहार गर्नुपर्दछ।
- सञ्चार-माध्यमहरूमा सूचना दिनुपर्दा अनुसन्धानमा प्रतिकुल असर नपर्ने

गरी सूचना दिन कार्यालयले नियुक्त गरेको व्यक्तिले मात्र सूचना दिने गर्नुपर्दछ ।

- सञ्चार-माध्यमहरूसँग कुरा गर्दा पीडित, उसको परिवार, साक्षी र स्वयं अभियुक्तको पनि गोपनीयताको विशेष ख्याल गर्नुपर्दछ ।
- अभियुक्त फरार रहेको अवस्थामा अभियुक्तको हुलिया प्रदान गरी सञ्चार-माध्यमहरूको सहयोग लिन सकिन्छ ।
- समय-समयमा सञ्चार-माध्यमलाई अनुसन्धानमा भइरहेका प्रगतिहरूको बारेमा जानकारी दिनुपर्दछ, तर यसो गर्दा गोप्य राख्नुपर्ने सूचनाहरू भने बताउनुहुँदैन ।

## उत्तेजित भिड

बालबालिकाविरुद्धको यौनदुर्व्यवहार तथा हिंसाका घटनाहरूमा उत्तेजित भिड पनि सँगसँगै प्रहरी कार्यालय आउन सक्छन् । यसरी आउने भिड अभियुक्तविरुद्ध र पीडितको पक्षमा दह्रो शक्ति भए पनि यसको सही व्यवस्थान र व्यवहार गर्न सकिएन भने यो प्रत्युत्पादक पनि हुनसक्दछ । सामान्यतया यस्तो उत्तेजित भिडमा बालबालिका र सामाजिक सरोकारका विषयमा क्रियाशील स्थानीय नागरिक समूहहरू, युवा तथा बालक्लबहरू, राजनीतिक सङ्गठनहरू तथा सामान्य नागरिकहरू हुनसक्छन् । कहिलेकाँही अभियुक्तका सहयोगीहरू पनि भिडको फाइदा उठाउन भिडमा नै आएका हुनसक्छन् । त्यसैले उत्तेजित भिडसँग व्यवहार गर्नुपर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

- प्रहरी निकाय र सम्बन्धित कर्मचारीहरूले भिडसँग संयमित र नम्र बोली-व्यवहार गर्नुपर्दछ ।
- उत्तेजित भिडमा अभियुक्त, साक्षी र पीडितको सुरक्षामा विशेष ध्यान दिनुपर्दछ ।
- पीडित, साक्षी र अभियुक्त तथा प्रमाणहरूको गोपनीयतामा विशेष ध्यान दिनुपर्दछ ।
- भिडलाई नियमित रूपमा अनुसन्धानमा भइरहेको प्रगति-विवरणको जानकारी गराउने तर गोप्यता कायम गर्नुपर्ने कुराहरूमा विशेष ख्याल राख्नुपर्छ ।
- भिडको नेतृत्व गरिरहेका व्यक्तिहरूको पहिचान गर्ने र उनीहरूसँग आवश्यक अन्तरसंवाद कायम गरी अनुसन्धान र न्यायप्रक्रियामा उनीहरूको उचित सहयोगको आवश्यकता भएको बुझाउनुपर्दछ ।



# बालमैत्री परिवेश

७

बालबालिकाहरू उनीहरूविरुद्ध भएको हिंसा, दुर्व्यवहार तथा अन्य अपराधका कारण अत्यन्त धेरै मानसिक तनावमा रहेका हुन्छन् । अझ कहिल्यै प्रहरी कार्यालय नगएका वा पोसाकमा रहेका प्रहरीसँग धेरै घुलमिल नभएका, तथा विभिन्न कारणले प्रहरीप्रति डर वा नरकारात्मक भावना भएका बालबालिकाहरू छन् भने उनीहरू प्रहरी कार्यालयमा रहँदा अत्यन्तै तनावपुर्ण र त्रासमा रहेका हुने गर्दछन् । त्यसमाथि उत्तेजित भिड, सञ्चार-माध्यमका प्रश्न, सामाजिक लाञ्छना आदिका कारणले उनीहरूको यो तनावलाई अझै बढाइदिएको हुन सक्छ । त्यसैले प्रहरी कार्यालयमा बालबालिकाविरुद्ध हुने अपराधको उजुरीलाई बढाउन तथा त्यसलाई प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न बालमैत्री परिवेशको सृजना गर्नुपर्दछ ।

## १. बालमैत्री परिवेश

बालमैत्री परिवेश भन्नाले बालबालिकालाई सहज हुने र उनीहरूका लागि अत्यावश्यक कुराहरू उपलब्ध भएको अवस्था भन्ने बुझ्नुपर्दछ । बालमैत्री परिवेश भन्नाले निम्न कुराहरू उपलब्ध अवस्था हुन् :

**क) सहज र रमणीय परिवेश :** बालबालिकालाई राखिने कोठा सहज र रमणीय हुनुपर्दछ । प्रशस्त मात्रामा उज्यालो र हावा आउने कोठा, सकेसम्म भुँईमा चकटी वा कार्पेट राखेर बस्ने व्यवस्था गरिएको । वरिपरिका भित्ताहरूमा रमाइला र

सकारात्मकतातर्फ प्रेरित गर्ने प्रकृतिका तस्वीरहरू रहेको तथा साना बालबालिकाहरूलाई उपयोगी हुने र आत्मविश्वास जगाउने खालका बाल-पुस्तक र खेलौनाहरू उपलब्ध कोठा हुनु जरुरी छ ।

**ख) सुरक्षित :** बालबालिकालाई राखिने कोठा सुरक्षित पनि हुनु जरुरी छ । यसका लागि भिड तथा सञ्चार-माध्यमहरूसँग सम्पर्क नहुने र धेरै मानिसहरूको आवतजावत नभइरहने र शान्त परिवेश भएको कोठाको व्यवस्था हुनुपर्दछ । यसकै साथै बालबालिकालाई आफू पूर्ण रूपले सुरक्षित छु भन्ने महसुस गर्ने अवस्था सृजना गरिनु जरुरी छ ।

**ग) सरल संवाद र व्यवहार :** सम्बन्धित प्रहरी कार्यालयमा बालबालिकाहरूसँग संवाद गर्ने व्यक्ति सकेसम्म प्रहरी-पोसाकमा नआई, आम पोशाकमा उपस्थित हुने र बालबालिकासँग संवाद गर्दा मायालु र सरल शब्दहरूको प्रयोग गर्ने तथा उसको विगत तथा उसको व्यक्तिगत जीवनका नकारात्मक पक्षका बारेमा भन्दा पनि सकारात्मक पक्षका बारेमा छलफल गरिने गर्नुपर्दछ । ऊसँग सजाय र सम्भावित खतराजस्ता विषयहरूको बारेका कुरा गरेर डर बढाउनु हुँदैन । यसका निम्ति निम्न व्यवहारहरू गर्न जरुरी हुन्छ :

- बालकको नजिको व्यक्ति, नातेदारको खोजी गर्ने वा पहिचान गर्ने र सकेसम्म बालकसँगै रहन दिने ।
- बालकलाई सबै प्रक्रिया र चरणहरूको विस्तृत रूपमा सत्यतथ्य जानकारी गराउने ।
- हरेक प्रयास र प्रतिफलको बारेमा पनि जानकारी गराउने ।
- बालकको साथमा रहने वयस्क व्यक्तिलाई सम्पूर्ण प्रक्रियाको बारेमा जानकारी गराउने र ऊसँग आवश्यक सहकार्य गर्ने ।
- स्वास्थ्यपरीक्षण आवश्यक भएमा यसको उद्देश्य, आवश्यकता र सहजताको बारेमा जानकारी गराउने ।
- बालकलाई सजाय र नकारात्मक कुरा गरेर नतर्साउने ।
- बालकलाई कुनै पनि घटनाको दोषी नठहऱ्याउँने र ऊ दोषी होइन भन्ने कुरा सम्झाउने ।
- बालकलाई आफ्ना कुराहरू भन्न र सकरात्मक जीवनतर्फ प्रोत्साहित गर्नुपर्छ ।

- असामान्य अवस्थापछि पुनः स्थिति सामान्य हुने कुरा सम्झाउनुपर्छ ।
- बालक एक्लो नभएको र उसको पक्षमा तपाइँ लगायत अरू धेरै मानिसहरू प्रयासरत हुनुहुन्छ भन्ने कुरा सम्झाउने ।

## २. बालमैत्री संवाद र व्यवहार

बालकका प्रतिक्रियाहरूलाई आत्मसात् गर्दै वा स्विकार्दै बिस्तारै उनीहरूलाई आफूले चाहेको व्यवहारमा ढाल्नुपर्छ । यस प्रक्रियालाई Pacing and Leading भनिन्छ । यसअन्तर्गत सात वटा चरणहरू छन्, जसको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ :

**प्रथम चरण :** आफ्नो परिचय दिने । यसअन्तर्गत आफ्नो नाम, काम, प्रक्रियाको बारेमा सरल र मिजासिलो रूपमा पीडित बालबालिकालाई बताउने र उसको बारेमा पनि भन्न लगाउने ।

**दोस्रो चरण :** Mirroring पीडित बालबालिका प्रस्तुत भएको ढाँचामा आफूलाई पनि ढाल्ने । उसको बोलाइ, हिँडाइ, बसाइ, शारीरिक हाउभाउ आदिको ख्याल गर्ने र आफ्नो व्यवहारलाई त्यसैअनुरूप सरल र सहज बनाउने ।

**तेस्रो चरण** : Creating Yes sets of Question सकारात्मक प्रश्नावलीहरू तयार पार्ने र उनीहरूलाई सोध्ने । यसका लागि बालबालिकालाई आफ्ना कुराहरू भन्नका लागि सहज वातावरण सृजना गर्नु जरुरी छ । सकारात्मक प्रश्नावली भन्नाले बालबालिकाले 'हो' वा 'हुन्छ' भन्ने उत्तर दिने खालका प्रश्नहरू सोधिनु हो । यसले गर्दा उनीहरू आफ्नो समस्यालाई सकारात्मक हिसाबले व्यक्त गर्न सक्षम हुन्छन् ।

**चौथो चरण :** परीक्षण गर्ने । बालबालिकाले देखाइरहेको व्यवहार, उत्तरहरू र आफूले पाएको प्रमाण र जानकारीहरू तथा आफ्नो व्यवहार र त्यसले बालबालिकामा पारेको प्रभावलाई जाँच्दै आवश्यकताअनुसार परिवर्तन गर्दै जानुपर्दछ ।

**पाँचौ चरण :** बालकलाई रोजाइ र निर्णयको अवसर दिने । यौन दुर्व्यवहार भएको बालबालिकालाई अब के गर्ने, छलफललाई अगाडि बढाउने कि हाललाई रोक्ने, अथवा ऊ केहीबेर आराम चाहान्छ भने त्यस्तो रोजाइको अवसर बालबालिकालाई नै प्रदान गर्नुपर्दछ र उसको रोजाइ र चाहनामा आधारित भएर निर्णय गर्नुपर्दछ ।

**छैठौं चरण : संवेदनामा केन्द्रित हुने ।** बालबालिकालाई संवादको क्रममा तर्कपूर्ण व्याख्या गरी सिकाउनेभन्दा पनि उसप्रतिको आफ्नो भावना र समानुभूति व्यक्त गर्ने । सहानुभूति देखाउनुलाई राम्रो मानिदैन ।

**सातौं चरण : प्रोत्साहित गर्ने ।** बालकको सानोभन्दा सानो सकारात्मक परिवर्तनलाई उत्साहित गर्नुपर्छ र उसको अगाडि विरोध गर्ने वा उसको गल्ती तथा कमजोरी देखाउने कार्यलाई न्यून गर्ने वा सकभर गर्नुहुँदैन ।



# बालदुर्व्यवहारमा अदालती प्रक्रिया

८

## १. मुद्दाको अनुसन्धान र अधिकारक्षेत्र

अदालती प्रक्रिया कानुनी राजको एउटा महत्वपूर्ण पक्ष हो। बालदुर्व्यवहारका घटनामा अपराधको प्रकृतिअनुसार छुट्टाछुट्टै किसिमका कानुनी कारबाही गरिन्छन्। सामान्यरूपमा अदालत भन्नेबित्तिक्कै हामी न्यायालयलाई मात्र बुझ्दछौँ, तर विशेष अर्थमा कानुनले मुद्दा हेर्न पाउने गरी अधिकार दिएका प्रशासनिक निकायलाई समेत अदालत नै भनिन्छ। यसलाई कानुनी भाषामा 'अधिकारक्षेत्र' भनिन्छ। अधिकारक्षेत्रबाहिर गएर गरेको कामले कानुनी मान्यता पाउँदैन। प्रचलित नेपाल कानुनमा बालदुर्व्यवहारका विषय हेर्न निम्नानुसारका अदालत र विशेष अदालत (अर्धन्यायिक निकायसमेत) तोकिएका छन् :

**जिल्ला अदालत :** बालदुर्व्यवहारका अपराधमा सामान्य कुटपिट, सम्पत्तिसम्बन्धी, गालीबेइज्जतीजस्ता विषयमा सुरु कारबाही गर्ने काम सम्बन्धित जिल्ला अदालतको कार्यक्षेत्रभित्र पर्दछन्। फिरादपत्रमार्फत् मुद्दाको कारबाही अगाडि बढ्छ।

**श्रम कार्यालय :** बालदुर्व्यवहारका घटनामध्ये बालश्रमसँग सम्बन्धित अपराधको सुरु कारबाही गर्ने काम सम्बन्धित जिल्लाको श्रम कार्यालयको कार्यक्षेत्रभित्र पर्दछ। उजुरीपत्रमार्फत् मुद्दाको कारबाही अगाडि बढ्छ।

**जिल्ला प्रशासन कार्यालय :** बालदुर्व्यवहारका घटनामध्ये जबर्जस्ती करणी, करणीको उद्योग, मानव बेचबिखन, अपाङ्ग संरक्षण र कल्याण तथा ठगीमा नपर्ने मुद्दा जस्तै :- सार्वजनिक अपराध र अन्य कानुनले नसमेटेका बालसंरक्षणका विरुद्धका कामकारबाहीका लागि तत्काल गर्नुपर्ने ठाडो उजुरी पनि जिल्ला प्रशासन कार्यालयले हेर्दछ ।

**जिल्ला प्रहरी कार्यालय :** बालदुर्व्यवहारका घटनामध्ये जबर्जस्ती करणी, करणीको उद्योग, मानव बेचविखन, अपाङ्ग संरक्षण र कल्याण तथा ठगीमा पर्ने मुद्दाका र सार्वजनिक अपराधको अनुसन्धानको कामकारबाहीका लागि जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालयमा दिइन्छ । प्रहरीको काम यस्ता अपराधको अनुसन्धान गरी जिल्ला न्यायाधिवक्तामार्फत् मुद्दा सम्बन्धित अधिकारप्राप्त निकायमा पठाउनु हो ।

## २. अदालती प्रक्रियाः

कानुनी राज्यप्रणाली आधुनिक लोकतान्त्रिक व्यवस्थाको आधारशीला हो । कसैले पनि कानुन तोड्नुहुँदैन । यदि तोडिहालेमा जस्ले पायो उसैले, जसरी मनलाग्यो त्यसैगरी दण्डसजाय गर्ने हो भने त्यो समाजमा भिडतन्त्र हावी हुन जान्छ । अपराधीलाई दण्डसजाय दिँदा ढिलाइ भए वा कार्यविधि जटिल भए त्यसलाई सच्याउन दबाब दिनुपर्छ तर मौजुदा कानुनलाई चुनौती दिनु वा अन्यथा भन्नुको वैधानिक विकल्प हुँदैन । कानुनी राज्यमा कानुनको प्रयोग र ब्याख्या गर्ने काम अदालत वा प्रचलित कानुनले कानुनी अधिकार प्रयोग गर्न तोकिदिएको निकायले कानुनबमोजिम गर्दछ । मुद्दा हेर्न अधिकारप्राप्त अदालतले निम्न कार्यविधि पूरा गर्दछन्:

**म्याद थप :** अनुसन्धानका लागि पक्राउ परेका अभियुक्तलाई प्रहरी हिरासतमा राख्न अदालतले म्याद थप गरिदिनुपर्दछ । म्याद थपमा लैजाँदा कुन कानुनअन्तर्गतको आरोप लगाइन लागेको हा स्पष्ट हुनुपर्दछ । अन्यथा अदालतले म्याद थप गर्दैन । आरोपको अवस्था हेरी एक पटकका लागि ७ दिनका दरले काम हेरी तीन पटकसम्म म्याद थप गरिदिन सक्छ । म्याद थप नगरी थुनामा राख्न पाइदैन, राखेमा गैरकानुनी हुन्छ ।

**अदालतमा हुने बयान :** म्याद थपको क्रम र अनुसन्धान सकिएपछि अदालतले अभियुक्तको स्वतन्त्र बयान लिन्छ । सुरुमा प्रहरीको नियन्त्रणमा हुँदा सरकारी वकिल (जिल्ला न्यायाधिवक्ता)समक्ष लिइएको बयान दबाब वा करकापमा गर/गराएको

भए अभियुक्तले अदालतमा आफ्नो स्वतन्त्र बयानदिन्छन् । सबुद प्रमाणबाट समर्थन नभएको प्रहरी बयान प्रमाणमा नलिने कानुनी व्यवस्था छ । ( न्याय प्रशासन ऐन, २०४८को दफा १८)

**थुनछेकको आदेश :** अभियुक्त यसपछि थुनामा, धरौटी तारिखमा वा शुद्ध तारिखमा रही केकसरी मुद्दाको पुर्पक्ष गर्न पाउने हो, सोबारेको आदेश हुन्छ । यो मुद्दाको न्यायिक सम्परीक्षणको चरण हो । अनुसन्धानका क्रममा सङ्कलित सबुद प्रमाणहरूको न्यायिक विधिअन्तर्गत परीक्षण गरिन्छ ।

**साक्षी र प्रमाण बुझ्ने :** मुद्दाको पुर्पक्षको चरणमा पक्ष-विपक्षका साक्षी र मुद्दाका प्रमाणको पुनः परीक्षण गरिन्छ । यसबाट फैसलामा सघाउ पुग्दछ ।

**फैसला :** यस अवस्थामा आफ्नो कानुन व्यवसायीबाट बहस गराइन्छ । बालबालिकाको मुद्दामा कानुन व्यवसायी नभएमा मुद्दाको सुनुवाइ हुँदैन । बुझिएसम्मका प्रमाण र साक्षीका आधारमा प्रचलित कानुनअनुसारको दण्डसजाय दिइन्छ वा सफाइ दिइन्छ ।

**पुनरावेदन :** फैसला चित्त नबुझेमा मात्र सम्बन्धित पक्षले पुनरावेदन अदालतमा म्यादभित्र पुनरावेदन गर्न सक्छन् ।

**'दोहोऱ्याइ पाँऊ' :** सुरु फैसलालाई पुनरावेदन अदालतले सदर गरेको फैसलामा पुनरावेदन लाग्दैन । खास अवस्थामा न्याय प्रशासन ऐन,२०४८को दफा १२ (१) र (२) अनुसार 'दोहोऱ्याई पाँऊ'को निवेदन दिइन्छ । अनुमति मिले मुद्दा दोहोरिन्छ ।



# गोपनीयता

९

गोपनीयता बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकालाई आफ्नो नैतिक, सामाजिक तथा सामाजिक सुरक्षाका लागि आवश्यक गोपनीयता कायम गर्न पाउँ अधिकार छ। गोपनीयता बालबालिकाको संरक्षणको एक प्रमुख पक्ष पनि हो। कतिपय अवस्थामा पीडित तथा प्रभावित बालबालिका वा उसको परिवारको जानकारी, तस्वीर तथा उसँग सम्बन्धित सूचनाहरू प्रवाह हुँदा सम्बन्धित बालबालिकाकालाई सम्बन्धित अपराध गर्नेहरूबाट असुरक्षा हुनुको साथसाथै उसको वर्तमान र भविष्यमा पनि व्यक्तिगत जीवनमा सामाजिक लाञ्छनालगायतका समस्याहरू आउन सक्छन् । त्यसैले पीडित तथा प्रभावित बालबालिबाको गोपनीयतको अधिकारको संरक्षण गर्न हामी सधै सचेत र संवेदनशील हुन जरुरी छ । यसका लागि नेपाल सरकारले विशेष प्रकृतिका मुद्दाहरूमा गोपनीयता कायम राख्ने कार्यविधिसमेत लागू गरिसकेको छ। उक्त कार्यविधिको पूर्ण पाठ यहाँ उल्लेख गरिएको छ।

## विशेष प्रकृतिका मुद्दाहरूमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका २०६४

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) द्वारा प्रदत्त अधिकारअर्न्तगत सर्वोच्च अदालतको अर्न्तनिहित अधिकार प्रयोग गरी यो कार्यविधि निर्देशिका जारी भएको हो ।

## दफा २. परिभाषा

यस निर्देशिकामा मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौनदुर्व्यवहार, मानव बेचबिखन, जिउ मास्ने-बेच्ने, हाडनाता करणी एंवम् महिलाविरुद्धको हिंसालगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू र बालअदालत वा इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू र HIV / AIDS बाट प्रभावित वा सङ्क्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरूलाई गोपनीयता कायम गरिनुपर्ने विशेष मुद्दाहरूको रूपमा परिभाषित गरिएको छ ।

व्यक्तिगत परिचयात्मक विवरण भन्नाले सम्बन्धित पीडितको नाम, थर, वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण विवरणहरूलाई जनाउँछ ।

## दफा ३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिनुपर्ने ।

३.१ . अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण कामकारबाहीका क्रममा र फैसला कार्यान्वयनका पश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय लगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नुपर्नेछ ।

३.२ उपदफा १. बमोजिम गोप्य राखिएको परिचयात्मक विवरणलाई फिरादपत्र, प्रतिउत्तरपत्र, उजुरी निवेदन, प्रतिवेदन, पुनरावेदन पत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशनलगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नुपर्नेछ ।

३.३ उपदफा १ बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पार्नेछैन ।

३.४ मुद्दाहरूको कारबाहीको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानुन व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारीलगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नुहुँदैन ।

३.५ यस निर्देशिकाबमोजिम गोप्य राखिएका विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नुपर्नेछ ।

## दफा ४.

गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला गर्न सकिने । गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यक देखिएको हदसम्म खुल्ला गर्न अनुमति दिन सकिनेछ :

४.१ कानुनबमोजिम खुल्ला गर्न आवश्यक ठहऱ्याई गोप्य राख्नुपर्ने अधिकारीले अनुमति दिएमा ।

४.२ स्वच्छ न्यायिक संरक्षणका लागि आवश्यक देखिएमा ।

४.३ व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरुरी नभएको भनी लिखित निवेदन दिएमा ।

## दफा ५. गोपनीयता कायम गर्ने प्रक्रिया :

५.१ दफा ३ बमोजिम गोप्य राखिएका परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवं सिलबन्दी गरी गोप्य राखिएको विवरणलाई सङ्केत गर्न छुट्टै परिचयात्मक नाम वा सङ्ख्या वा चिन्ह दिनुपर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नुपर्नेछ ।

५.२ यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नुपर्ने भएमा सोलाई सिलबन्दी गरी सोको व्यवहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नुपर्नेछ ।

५.३ गोप्य राखिएका विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलले छुट्टै लगत खडा गर्ने, सङ्केत चिन्ह दिने र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

५.४ कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सोबमोजिम गोप्य राख्ने वा नराख्ने भन्ने बारेमा सम्बन्धित अधिकारीले निर्णय गरेबमोजिम हुनेछ । यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नुपर्ने भए त्यसको कारणसहितको पर्चा खडा गर्नुपर्नेछ ।

## दफा ६. परिचय :

६.१ मुद्दाको अनुसन्धान वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई सङ्केत गर्न दिएको नाम, सङ्ख्या वा चिन्हद्वारा नै गरिनेछ । निजको दस्तखतसमेत सोही सङ्केत, नाम, सङ्ख्या वा चिन्हबाट गर्नुपर्नेछ ।

६.२ यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिलाई निजको सङ्केत, नाम, सङ्ख्या वा चिन्ह उल्लेख भएको परिचयपत्र दिनुपर्नेछ ।

## दफा ७. म्याद, सूचना र पत्राचार :

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा, वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको सङ्केत, नाम, सङ्ख्या वा चिन्हबाट गर्नुपर्नेछ । सोसम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रूपले खुल्ला नहुने व्यवस्था मिलाई सिलबन्दी गरिएको विवरण खोली जानकारी दिनुपर्नेछ र काम सकिएपछि पुनः सिलबन्दी गरी राख्नुपर्नेछ ।

## दफा ८. सूचना प्रकाशनमा बन्देज :

यस निर्देशिकाबमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्नुहुँदैन ।

## दफा ९. गोपनीयता भङ्ग गरेमा कारबाही हुने ।

९.१ यस निर्देशिकाविपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उलङ्घन गरेको मानी अदालतको अवहेलनामा कारबाही चलाइनेछ ।

९.२ बन्द इजलासको कारबाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुल्ला गर्न पाइनेछैन । सोविपरीत कुनै काम गरेमा उपदफा १बमोजिम हुने कारबाहीको अतिरिक्त अनुशासनसम्बन्धी विभागीय कारबाहीसमेत गर्न सकिनेछ ।

## दफा १०. उजुरी गर्ने निकाय :

यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारबाही गरिपाऊँ' भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनुपर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय-प्रमुखसमक्ष र कार्यालय-प्रमुखको हकमा एक तह सम्बन्धित निकायमा उजुरी दिनुपर्नेछ । यसरी पर्न आएको उजुरीका सम्बन्धमा ७ दिनभित्र टुङ्गो लगाइसक्नुपर्नेछ ।

## दफा ११. निर्देशिकाको पालना :

यो निर्देशिकाबमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदालत, एवं सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## दफा १२. निर्देशिकाको कार्यान्यवनसम्बन्धी व्यवस्था :

१२.१ यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नुपर्नेछ ।

१२.२ यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकिल कार्यालयको सूचना-पार्टीमा टाँसिने छ ।

१२.३ यो निर्देशिका कार्यान्वियन गर्दा बाधाअड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधाअड्काउ फुकाई निकासा दिनुपर्नेछ ।

१२.४ यो निर्देशिकाबमोजिमका प्रावधानहरू हाल चालु अवस्थामा रहेका मुद्दाहरूमा समेत अबको कामकारबाहीमा अनुशरण गर्नुपर्ने छ ।

## दफा १३. प्रचलित कानुनबमोजिम हुने :

यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ ।



# बालयौन दुर्व्यवहारको रोकथाम

१०

*कुनै पनि अपराध भइसकेपछि त्यसको अनुसन्धान गर्ने कुराभन्दा पनि अपराधका कार्यहरूमा नै कमी ल्याउन आवश्यक रोकथामका उपायहरू गर्नु अझ बढी प्रभावकारी कार्य हो । नेपाल सरकारका नीतिनियम तथा कानुनहरू र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिमहासन्धिहरूले पनि बालदुर्व्यवहारका अपराध हुनबाट रोकथाम गर्नमा विशेष जोड दिएका छन् ।*

## बेइजिङ्ग घोषणपत्र १९९५

### रणनीतिक उद्देश्य ठ-७

**२८३. सरकारले आवश्यकताअनुसार अन्तर्राष्ट्रिय र गैह्रसरकारी संस्थाहरूले गर्ने :**

क) काममा हुने बालिकाविरुद्धको सबैखाले हिंसाबाट बालिकालाई बचाउन सहयोगी तथा तालिम कार्यक्रमलगायतका कार्यक्रमहरू सञ्चालन तथा नियम-कानुनहरूको उचित कार्यान्वयनको लागि प्रभावकारी कदम चाल्ने र शैक्षिक तथा अन्य संस्थामा हुने बालिकाहरूविरुद्धको यौनदुर्व्यवहारलाई हटाउन आवश्यक मापदण्ड निर्धारण गर्ने ।

ख) घर तथा समाजमा सबैखाले शारीरिक र मानसिक हिंसा, शोषण तथा दुर्व्यवहारबाट बालिकाहरूलाई बचाउन आवश्यक कानुनी, प्रशासनिक, शैक्षिक र सामाजिक मापदण्ड निर्धारण गर्ने ।

ग) हिंसाबाट पीडित बालिकाहरूलाई सहयोगी कार्यक्रमहरू सञ्चालन गर्ने र टेवा पुऱ्याउने तथा उपचार र पुनर्स्थापनामा संलग्नहरूलाई लैङ्गिक संवेदनशील तालिम सञ्चालन गर्ने ।

घ) बालिकाहरूलाई सबैखाले हिंसाहरूबाट संरक्षण गर्न नियम-कानुनहरूलाई लागू गर्ने र उमेरमा आधारित सुरक्षा कार्यक्रमहरू र हिंसाबाट पीडितहरूलाई उपचार, सामाजिक र मानसिक सहयोग सेवा उपलब्ध गराउने ।

**बालबालिकाको लागि सुहाँउदो विश्व घोषणापत्र २००१**

मानव बेचबिखन, ओसारपसार, शारीरिक एवं यौनशोषण,अपहरण तथा आर्थिक शोषण, अझ निकृष्ट तहमा विश्वका सबै क्षेत्रका बालबालिकाहरूले दैनिक रूपमा भोग्नुपरेको समस्या हो । यसमध्ये पनि घरेलु हिंसा र यौनहिंसा महिला र बालबालिकाको लागि गम्भीर समस्या हो ।

**४३. सबैखाले दुर्व्यवहार, घृणा, शोषण र हिंसाबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो । बालबालिकाविरुद्ध सबैखाले हिंसाको समाजले अन्त्य गर्नुपर्दछ । त्यसको लागि हामी सङ्कल्प गर्दछौं :**

(क) सबैखाले दुर्व्यवहार, घृणा, शोषण र हिंसाबाट बालबालिकालाई संरक्षण गर्ने ;

(ख) सशस्त्र सङ्घर्षको प्रभावबाट बालबालिकालाई संरक्षण गर्ने र अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार-कानुनका निर्देशनहरूको पालनालाई सुनिश्चित गर्ने ;

(ग) बालबालिकालाई पेडोफेलियालगायत यौनशोषण, बेचबिखन र अपहरणबाट संरक्षण गर्ने ;

**बुंदा नं ४४**

२. सबै राष्ट्रहरूलाई सबैखाले दुर्व्यवहार, घृणा, हिंसा र शोषणबाट, चाहे त्यो घरमा, विद्यालयमा वा अन्य संस्थामा, कार्यक्षेत्रमा वा समुदायमा जहाँसुकै होस्, संरक्षण गर्न नीति र कार्यक्रमहरूमा सुधार गर्न तथा कार्यन्वयन गर्न र कानुनहरूको निर्माण ,अनुमोदन र लागू गर्न प्रोत्साहित गर्ने ।

४. बालबालिकाविरुद्ध अपराध गर्नेहरूलाई कानुनको दायराभित्र ल्याउने र त्यस्ता अपराधको लागि सजाय गरेर दण्डहीनताको अन्त्य गर्ने ।

६. बालबालिकालाई हिंसा , दुर्व्यवहार र शोषणबाट संरक्षण गर्न असफल हुदाँको परिणाम र खतराबारे चेतना जगाउने ।

७. पुनर्स्थापित गराउने र बालअधिकारको पूर्ण संरक्षणलाई ख्याल गर्दै बालबालिकाको लागि उपयोगी हुने गरी बचाउ, सहयोगी र स्याहारको साथसाथै न्यायप्रणालीको स्थापना र प्रवर्द्धन गर्ने र बालबालिकाहरूलाई समुदायमा पुनर्एकीकरणलाई प्रवर्द्धन गर्न विशेष रूपले प्रशिक्षित कर्मचारीहरू उपलब्ध गराउने ।

८. बालबालिकालाई यातना र अन्य निर्दयी, अमानवीय वा बेइज्जतीपूर्ण व्यवहार वा सजायबाट संरक्षण गर्ने । हामी सबै राष्ट्रका सरकारहरूलाई, अफ्न बिशेषतः ती राष्ट्रहरू जहाँ मृत्युदण्डको सजाय विद्यमान छ, अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरू, बालअधिकारसम्बन्धी महासन्धिको धारा ३७ र ४० तथा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ६ र १४ सँग विशेष सम्बन्धित गरेर आफ्ना कार्यहरू गर्न आह्वान गर्दछौं ।

९. परम्परागत रूढीवादी कार्यहरू, जस्तै :– बालविवाह र योनीच्छेदन, जसले बालअधिकार र महिलाअधिकारको हनन् गर्दछ, को अन्त्य गर्ने ।

## बालबालिकाको बेचबिखन र यौनशोषणको अन्त्य गर्ने

४०. बालबालिकाहरू तथा उनीहरूको अङ्गको बेचविखन, अश्लील चित्रण, वेश्यावृत्ति र पेडोफेलियालगायत यौनशोषण तथा दुर्व्यवहारको अन्त्य गर्न र यसको बजारविरुद्ध लड्न प्रमुखताका साथ राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सहकार्य गर्ने ।

४१. बालबालिकाको ओसारपसार र इन्टरनेटमा प्रयोगलगायतका बाल-यौनशोषण र दुर्व्यवहारको खतरा, परिवेश र अवैधानिकताको बारेमा चेतना जगाउने ।

४५. सबै तहमा उचित ढङ्गले सबै सम्बन्धित अन्तर्राष्ट्रिय मान्यताहरूको आधारमा बालबालिकाको परिवारभित्र वा व्यापारिक उद्देश्यका साथ हुने यौनशोषण र दुर्व्यवहार, बाल-वेश्यावृत्ति, पेडोफिलिया, अश्लील चित्रण, बाल-यौनपर्यटन, ओसारपसार, बेचबिखन र उनीहरूको अङ्गको बिक्री तथा बँधुवा श्रम वा अन्य जुनकुनै पनि शोषणलाई अपराधिक संज्ञा दिन आवशयक कार्य गर्ने । यसो

गर्दा पीडितहरूलाई न्याय प्रदान गर्दा न्यायप्रणालीले बालबालिकाको सर्वोत्तम हितलाई पहिलो प्राथमिकता दिनेछन् ।

४७. बालबालिकाको बेचबिखन, बाल-वेश्यावृत्ति, बाल अश्लील चित्रण, बाल-यौनपर्यटन, पेडोफिलिया र बालबालिका तथा किशोरकिशोरीहरूका विरुद्ध अन्य हिंसा तथा दुर्व्यवहारको उद्देश्यसाथ इन्टरनेटलगायत सूचना-प्रविधिको अपराधिक प्रयोगसँग जुध्न सरकारी, अन्तर्सरकारी, गैह्रसरकारी संस्थाहरू तथा निजी क्षेत्रबीच पारस्परिक सहयोग अभिवृद्धिलगायत आवश्यक उपायहरू लागू गर्ने ।

## बालबालिकाको बेचबिखन, बाल-वेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासंन्धिको इच्छाधीन आलेख २०००

### धारा ९ (२)

पक्षराष्ट्रहरूले यो इच्छाधीन आलेखमा उल्लेख भएका कसुरहरूको हानिकारक असरहरू र सोको सुरक्षात्मक उपायहरूको बारेमा सबै प्रकारका उपयुक्त तरिकाहरू, शिक्षा र तालिम एवं सूचनाको माध्यमबाट बालबालिकाहरूसहित ठूलो सङ्ख्यामा चेतना अभिवृद्धि गर्नेछन् । पक्ष राष्ट्रहरूले यो धाराबमोजिमको उत्तरदायित्व पूरा गर्दा त्यस्ता सूचना र शिक्षा एवं तालिम कार्यक्रमहरू, अन्तर्राष्ट्रिय तहका समुदाय, खासगरी बालबालिकाहरू र पीडित बालबालिकाहरूको सहभागिता गराउन उत्साहित गराउनेछन् ।

**यी सबै नीतिहरूको व्यवहारिक कार्यान्वयन गर्नका लागि प्रहरी निकायले गर्न सक्ने महत्वपूर्ण कार्य भनैको सक्रिय प्रहरी-कार्य (Proactive Policing) नै हो । सक्रिय प्रहरी-कार्य भन्नाले निम्न कुराहरू पर्दछन् :**

**क)** **सामुदायिक प्रहरी सेवाको विस्तार :** स्थानीय नागरिकहरूसँगको सहकार्यमा नै सामाजिक अपराधहरूलाई न्यूनीकरण गर्न सामुदायिक प्रहरीको स्थापना र सबलीकरणकौ कार्यलाई आफ्नो तह र क्षमताले भ्याएसम्म अगाडि बढाउनुपर्दछ ।

**ख)** **जनताको सहभागिता गराउने :** प्रहरीले गर्ने अपराध नियन्त्रण र रोकथामका कार्यहरूमा स्थानीय नागरिक समुदाय तथा युवाको सक्रिय सहभागिता गराउनेतर्फ ध्यान दिनुपर्दछ । यसका लागि विभिन्न सन्दर्भ र अवसरहरूमा प्रहरी निकाय र स्थानीय नागरिक समूहहरूको सहकार्य हुनु जरुरी छ ।

ग) **सूचना सङ्कलन :** प्रहरी निकायहरूले आफ्नो कार्यक्षेत्रमा रहेका सामाजिक समस्याहरू, शङ्कित व्यक्तिहरू तथा उनीहरूको क्रियाकलापका बारेमा नियमित सूचना सङ्कलन र अद्यावधिक गरिरहनुपर्दछ ।

घ) **गस्ती :** प्रहरी निकायले नियमित रूपमा आफ्नो कार्यक्षेत्रका सबै स्थानमा पुग्ने गरी गस्ती गरिरहनुपर्दछ । यसरी गस्तीमा जाँदा नियमित प्रक्रियाका कामहरूसाथसाथै असामान्य परिस्थिति, नयाँ मानिस वा समूह वा गतिविधिहरूको बारेमा विशेष ध्यान दिनुपर्दछ ।

ङ **चेतना अभिवृद्धिमूलक कार्यक्रमहरू सञ्चालन गर्ने :** प्रहरी निकायहरूले नियमित रूपमा बालअधिकार र बालबालिकाविरुद्ध हुने अपराध, बचाउका उपाय तथा उपलब्ध प्रहरी र सामाजिक सेवाहरूको बारेमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । यसका लागि निम्न प्रक्रियाहरू अवलम्बन गर्नुपर्दछ :

- लक्षित समूहको पहिचान (बालबालिका, अभिभावक, समाजसेवी, स्वास्थ्य कार्यकर्ता, शिक्षक)
- कार्यक्रमको चयन ( सडक नाटक, र्‍याली, गोष्ठी रेडियो कार्यक्रम, अन्तर्क्रिया T.V.Programme)
- स्कुल सम्पर्क कार्यक्रम (नियमित समयमा, शिक्षकहरूसँग समन्वय गरी कक्षागत वा उमेरगत समूह विभाजन गर्ने र उमेरअनुसारको सूचना/शिक्षा प्रवाह गर्ने )
- प्रकाशनहरू (पम्प्लेट, ब्यानर, पोस्टर, जानकारी पुस्तिका) उत्पादन र वितरण गर्ने
- प्रहरी कर्मचारीहरूका लागि क्षमता अभिवृद्धिमूलक तालिमहरू सञ्चालन गर्ने
- सङ्घसंस्था तथा प्रहरी निकायहरूबीच समन्वय र सहकार्य प्रवर्द्धन गर्नका लागि संयुक्त बैठक, गोष्ठी तथा तालिम कार्यशालाहरूको आयोजना गर्ने ।

च) **सफल अनुसन्धानमा केन्द्रित हुने :** सफल अनुसन्धान आफैँ पनि अपराध नियन्त्रण र रोकथामको लागि एउटा महत्वपूर्ण कार्य हो । सफल अनुसन्धान र यसको आवश्यक प्रचारप्रसारले एकातर्फ जोखिममा रहेका बालबालिकाहरूलाई सुरक्षाकौ अनुभूति प्रदान गर्दछ र आत्मविश्वास बढाउँदछ भने अर्कोतर्फ सम्भावित अपराधीहरूलाई सजायको डरले गर्दा पटकपटक अपराध गर्नबाट जोगिन सक्दछ । यसले गर्दा जनविश्वास र जनसहभागितामा पनि बढोत्तरी हुन्छ ।

छ) **तथ्याङ्क सङ्कलन तथा विश्लेषण र प्रचारप्रसार** :सूचनाहरूको सङ्कलन, विश्लेषण र त्यसको नियमित आवश्यक प्रचारप्रसारले सम्बन्धित निकाय र आम नागरिकहरूलाई अपराधी र अपराध गर्ने तरिकाको बारेमा जानकारी प्राप्त हुनुको साथै पीडित समूहको पहिचान गर्न र त्यसअनुरूपको सुहाउँदो कार्यक्रम, नीति-नियमहरूको प्रतिपादन गर्न पनि सकिन्छ । साथै बालबालिका तथा नागरिकहरूले बचाउका उपायहरू पनि अवलम्बन गर्न सक्छन् ।

# आफैलाई जाँचौं

८ वर्षको राम सधैं साँझपख घरपछाडिको चउरमा खेल्न जान्थ्यो । एक दिन श्यामे भन्ने अधबैसे मानिसले फिल्म देखाउँछु भनी फकाएर आफ्नो कोठामा लगेछ । त्यहाँ उसलाई चकलेट खान दिएपछि उसले 'कार्टुन फिल्म हेर्छौं' भनी अश्लील चलचित्र देखाउन थाल्यो । रामले नमानेपछि उसलाई 'तिमीले पनि बदमासी गरेको छौं । अब म तिम्रो आमालाई सबै कुरा भन्दिन्छु' भनी तर्साएर ऊसँग गुदद्वार-मैथुन गर्छ । राम रुँदै घर जान्छ र आमाले रामको कट्टुमा रगत लागेको देखेर शङ्का लागी के भयो भनी स्वास्थ्य केन्द्र लग्छिन् । स्वास्थ्य केन्द्रमा स्वास्थ्य सहायकले 'सामुदायिक प्रहरी दाइलाई पनि खबर गर्नुपर्छ' भनेपछि मुद्दा सामुदायिकमार्फत् जिल्ला प्रहरी कार्यालयमा पुग्छ । श्यामलाई प्रहरीले पक्राउ गर्छ । श्याम चल्तापुर्जा राजनैतिक पार्टीको कार्यकर्ता हुन्छ । उसलाई छोड्नको लागि पार्टी कार्यकर्ताहरूले प्रहरी कार्यालय घेराउ गर्न आइपुग्छन् । सञ्चारकर्मी उक्त घटनाको रिपोर्टिङ्ग गर्न प्रहरी कार्यालयबाहिर आइपुगेका छन् । त्यसैगरी अन्य पार्टीका कार्यकर्ता र पीडित बालकको अभिभावक पक्ष पनि दोषीमाथि कारबाही हुनुपर्ने माग-दाबी गर्दै प्रहरी कार्यालय घेराउ गर्न आइपुगेका छन् ।

**प्रश्न १. माथिको अपराधमा सामुदायिक प्रहरीको हैसियतले तपाईंको भूमिका के हुन सक्छ ?**

**प्रश्न २. जिल्लाले तपाईंको कमान्डमा अनुसन्धान टोली खटाएको छ । अनुसन्धानको लागि घटनास्थल पुग्नुभयो । त्यस घटनास्थलमा प्राप्त हुनसक्ने सबुद प्रमाण केके हुन सक्छ र कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

**प्रश्न ३. बालकको सहायताको लागि कस्ता-कस्ता निकायहरू सहायक हुन सक्छन् ? समन्वय कसरी गर्नुहुन्छ ?**

**प्रश्न ४. उत्तेजित भिडलाई कसरी सम्हाल्नुहुन्छ ? मिडियालाई कसरी प्रयोग गर्नुहुन्छ ?**

**प्रश्न ५. बाल-यौनदुर्व्यवहार रोकथाममा प्रहरीको कस्तो भूमिका हुन सक्छ ?**

## आफैलाई जाँचौं : प्रश्नावली

१. नेपाली कानुनअनुसार बालबालिका भनेका ..................

क. १६ वर्षसम्मका ख. १० वर्षसम्मका मात्रै

ग. १४ वर्षसम्मका मात्र घ. माथिका सबै

२. बालदुर्व्यवहार भनेको .............

क. बेवास्ता गर्नु ख. कुटपिट गर्नु

ग. गालीगलौज घ. बालबालिकामाथि हुने यौनकार्य

३. बाल-यौनदुर्व्यवहार भन्नाले........

क. बलात्कार गर्नु ख. अश्लील प्रदर्शन

ग. अश्लील भाषाको प्रयोग घ. गोप्य अङ्ग छुने, चलाउने

ङ. माथिका सबै

४. संसारभर बाल-यौनदुर्व्यवहारको दर निम्नबमोजिम छ .........

क. प्रत्येक १० मा १ ख. प्रत्येक २० मा १

ग. प्रत्येक २ मा १ घ. प्रत्येक ५ मा १

५. यौनदुर्व्यवहारकर्ता प्राय .....

क. अपरिचित व्यक्ति ख. परिचित व्यक्ति

ग. अन्य घ. जो-कोही पनि

६. बाल-यौनदुर्व्यवहार कहाँ-कहाँ हुन सक्छ ?

क. विद्यालयमा ख. घरमा

ग. बाहिर घ. जहाँ पनि

७. बाल-यौनदुर्व्यवहारको मुद्दामा प्रहरीको भूमिका के हुन्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

८. पीडित बालबालिकासँग कुरा गर्दा केके कुरामा सावधानी अपनाउनुपर्ला ?

.............................................................................................................................................

.............................................................................................................................................

९. बाल-यौनदुर्व्यवहारको मुद्दामा अनुसन्धान गर्दा प्रहरीले पीडितप्रति कस्तो व्यवहार गर्नुपर्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

१०. बाल-यौनदुर्व्यवहारको घटनामा अन्य व्यक्ति वा संस्थासँग समन्वय गर्नुपर्छ कि पर्दैन ? पर्छ वा पर्दैन भने किन र कसरी गर्न सकिन्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

# सुझावपत्र

१. यस पुस्तकमा तपाईंलाई सबैभन्दा जानकारीमूलक र उपयोगी लागेका कुनै ३ वटा विषयहरू उल्लेख गरिदिनुहोस् ।

२. यस पुस्तकमा भए पनि खासै जानकारीमूलक नभएका कुनै २ वटा विषयहरू उल्लेख गरिदिनुहोस् ।

३. यस पुस्तकको कुन-कुन जानकारी तपाईंको व्यवसायिक कार्यक्षेत्रमा बढी प्रभावकारी र उपयोगी साबित भएको छ ?

४. यसमा समावेश गरिएका विषयवस्तुहरू र त्यसको भाषा-सम्पादन कस्तो लाग्यो ?

५. यस पुस्तकमा थप समावेश गर्नुपर्ने विषयहरू केके हुन सक्छन् ?

६. बालबालिकालाई हिंसा, दुर्व्यवहारबाट संरक्षण गर्न भविष्यमा नेपाल प्रहरी र सङ्घसंस्थाहरूले थप के गर्नुपर्दछ होला ?

## सुझाव पठाउने ठेगाना :

**केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्र**
नेपाल प्रहरी, अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँ
फोन : ०१ ४४१४७४५, ४४११२१०
पो.ब.नं.: ४०७
इमेल : wccell@nepalpolice.gov.np

## सिविस

(समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका), काठमाडौँ, नेपाल
फोन : ०१ ४४७४६४५, २०६१२१३
फ्याक्स : ०१ ४४७४६४५, ४४७९९६५
पो.ब.नं. : २१४३३
इमेल : info@cwish.org.np
www.cwish.org.np

# महिला तथा बालबालिका सेवा निर्देशनालय मातहतका महिला तथा बालबालिका सेवा केन्द्रका फोन नम्बरहरू

**उपत्यका**

| कार्यालयको नाम | फोन नं |
|---|---|
| प्र.प्र.का.संचार महाशाखा | ०१-४४१२७८० |
| प्रहरी कन्ट्रोल, रानीपोखरी | १०० |
| ट्राफिक कन्ट्रोल, रामशाहपथ | १०३ |

| कार्यालयको नाम | फोन नं. |
|---|---|
| महिला तथा बालबालिका सेवा निर्देशनालय | ०१-४४४०५८२ |
| केन्द्रिय प्रहरी महिला तथा बालबालिका सेवा केन्द्र | ०१-४४१४७४५०१ ४४११२१०, Ext ४२२ |
| बा.बा.समन्वय केन्द्र, भृकुटी मण्डप | ०१-४२२६००६/१०४ |
| म.न.प्र.आयुक्तको कार्यालय, म.तथा बा.बा.से.के., रानीपोखरी । | ०१-४२२५९८९ /४२३१४६६ |
| म.न.प्र.प.काठमाण्डौ, म.तथा बा.बा.से.के., कालिमाटी । | ०१-४२८६९६९ |
| म.न.प्र.प.ललितपुर, म.तथा बा.बा.से.के. जावलाखेल । | ०१-५५२१३५० |
| म.न.प्र.प.भक्तपुर, म.तथा बा.बा.से.के. । | ०१-६६१४८२१, ६६१३२१७ |
| म.न.प्र.बृत महाराजगंज, म.तथा बा.बा.से.के. । | ०१-४३७२१४१ |
| म.न.प्र.बृत बालाजु, म.तथा बा.बा.से.के. । | ०१-४३५०९८१ |
| म.न.प्र.बृत बौद्ध, म.तथा बा.बा.से.के. । | ०१-४४७०५४५ |

| | |
|---|---|
| म.न.प्र.बृत कालिमाटी, म.तथा बा.बा.से.के. । | ०१-४२७०५३६ |
| म.न.प्र.बृत नयाँ बानेश्वर, म.तथा बा.बा.से.के. । | ०१-२२९२०८० |
| म.न.प्र.बृत चापागाउँ, म.तथा बा.बा.से.के. । | ०१-५५२१३५० |
| म.न.प्र.ठिमी, म.तथा बा.बा.से.के. । | ०१-६६३१०७२ |

**क्षेत्रिय प्रहरी कार्यालय**

| कार्यालयको नाम | फोन नं. |
|---|---|
| पूर्व क्षेत्रिय प्रहरी कार्यालय, बिराटनगर । | ०२१-४३५३७५, ५२७९०० |
| मध्य क्षेत्रिय प्रहरी कार्यालय, हेटौडा । | ०५७- ५२११९९ |
| पश्चिम क्षेत्रिय प्रहरी कार्यालय, पोखरा । | ०६१- ५२०२४१ |
| मध्य पश्चिम क्षेत्रिय प्रहरी कार्यालय, सुर्खेत । | ०८३- ५२०८११ |
| सुदुर पश्चिम क्षेत्रिय प्रहरी कार्यालय, दिपायल । | ०९४- ४४०३४० |

अंचल प्रहरी कार्यालय

| कार्यालयको नाम | फोन नं. |
|---|---|
| अंचल प्रहरी कार्यालय, मेची । | ०२३- ४५५००५ |
| अंचल प्रहरी कार्यालय, कोशी । | ०२५-५२०००५ |
| अंचल प्रहरी कार्यालय, सगरमाथा । | ०३१-५२००४५ |
| अंचल प्रहरी कार्यालय, जनकपुर । | ०४१-५२००६५ |
| अंचल प्रहरी कार्यालय, नारायणी । | ०५१-५२२२५० |
| अंचल प्रहरी कार्यालय, बागमती । | ०१-२२३०११ |
| अंचल प्रहरी कार्यालय, गण्डकी । | ०६१- ४६३४५५ |
| अंचल प्रहरी कार्यालय, धौलागरी । | ०६८- ०१०९ |
| अंचल प्रहरी कार्यालय, लुम्बीनी । | ०७१- २०१११ |
| अंचल प्रहरी कार्यालय, कर्णाली । | ०८७- ००४० |

| | |
|---|---|
| अंचल प्रहरी कार्यालय, भेरी । | ०८१- ५५०७७७ |
| अंचल प्रहरी कार्यालय, राप्ती । | ०८२- ५२०१९९ |
| अंचल प्रहरी कार्यालय, सेती । | ०९१- ११०३ |
| अंचल प्रहरी कार्यालय, महाकली । | ०९९- ११५५ |

**जिल्ला प्रहरी कार्यालयहरु**

पुर्व क्षेत्र

| अंचल | जिल्ला | फोन नं. |
|---|---|---|
| **मेची** | **अं.प्र.का.मेची** | ०२३- ४५५००५ |
| | जि.प्र.का.ताप्लेजुङ | ०२४- ४६०१९९ |
| | जि.प्र.का.पाचथर | ०२४- ५२०१००/५२०१९९ |
| | जि.प्र.का.इलाम | ०२७- ५२०१०० |
| | जि.प्र.का.झापा | ०२३- ४५५१०० |
| **कोशी** | **अं.प्र.का.कोशी** | ०२५-५२०००५ |
| | जि.प्र.का.मोरङ्ग | ०२१- ५२३९०१/५२७९०० |
| | जि.प्र.का.सुनसरी | ०२५- ५६०१०० |
| | जि.प्र.का.तेह्रथुम | ०२६- ४६०१९९ |
| | जि.प्र.का.भोजपुर | ०२९- ४२०१५० |
| | जि.प्र.का.धनकुटा | ०२६-५२०१०० |
| | जि.प्र.का.संखुवासभा | ०२९- ५६०११५ |
| **सगरमाथा** | **अं.प्र.का.सगरमाथा** | ०३१-५२००४५ |
| | जि.प्र.का.ओखलढुङ्गा | ०३७-५२०१९९ |
| | जि.प्र.का.सोलु | ०१९-६२६००४ |
| | जि.प्र.का.सप्तरी | ०३१- ५२००५५/१०० |

| | | |
|---|---|---|
| | जि.प्र.का.सिराहा | ०३३- ५२०००५ |
| | जि.प्र.का.उदयपुर | ०३६- ४२०१९९ |
| | जि.प्र.का.खोटाङ्ग | ०३६-४२०१९९ |

मध्य क्षेत्र

| अंचल | **जिल्ला** | फोन नं. |
|---|---|---|
| जनकपुर | **अं.प्र.का.जनकपुर** | ०४१-५२००६५ |
| | जि.प्र.का.धनुषा | ०४१-५२००५५ |
| | जि.प्र.का.महोत्तरी | ०४४-५२०१९९ |
| | जि.प्र.का.सर्लाही | ०४६- ५२००९९ |
| | जि.प्र.का.सिन्धुली | ०४७- ५२०१९९ |
| | जि.प्र.का.रामेछाप | ०४८- ५४००९९ |
| | जि.प्र.का.दोल्खा | ०४९-४२०१९९/४२००४७ |
| नारायणी | **अं.प्र.का.नारायणी** | ०५१-५२२२५० |
| | जि.प्र.का.रौतहट | ०५५-५२००९९ |
| | जि.प्र.का.वारा | ०५३- ५५०१९९/५५०१०० |
| | जि.प्र.का.पर्सा | ०५१-५२३२५१ |
| | जि.प्र.का.मकवानपुर | ०५७-५२०३९९/५२००९९ |
| | जि.प्र.का.चितवन | ०५६- ५२०१५५/५२०१७७ |
| बागमती | **अं.प्र.का.वागमति** | ०१-२२३०११ |
| | जि.प्र.का.काभ्रे | ०११- ४९०१०० |
| | जि.प्र.का.नुवाकोट | ०१०- ५६०१९९ |
| | जि.प्र.का.रसुवा | ०१०- ५३४०१९९ |
| | जि.प्र.का.धदीङ | ०१०- ५२०१९९ |
| | जि.प्र.का.सिन्धुपाल्चोक | ०११- ४८९१०० |

पश्चिम क्षेत्र

| अंचल | जिल्ला | फोन नं. |
|---|---|---|
| गण्डकी | **अं.प्र.का.गण्डकी** | ०६१- ४६३४५५ |
| | जि.प्र.का.मनाङ | ०१९- ४४२०१६ |
| | जि.प्र.का.गोरखा | ०६४- ४२०१९९ |
| | जि.प्र.का.लमजुङ्ग | ०६६-५२०१९९ |
| | जि.प्र.का.कास्की | ०६१-५२००३३, ५२७३५५, ५३७१००, ५४२१००, १०० |
| | जि.प्र.का.स्याङजा | ०६३- ४२०१९९ |
| | जि.प्र.का.तंनहु | ०६५- ५६०१९९ |
| धौलागरी | **अं.प्र.का.धौलागीरी** | ०६८- ०१०९ |
| | जि.प्र.का.मुस्ताङ | ०६९- ४४००९९ |
| | जि.प्र.का.वाग्लुङ | ०६८- ५२०१९९/१०० |
| | जि.प्र.का.म्याग्दी | ०६९- ५२०१९९/५२०२९९ |
| | जि.प्र.का.पर्वत | ०६७- ४२०१९९/४२०२३६ |
| लुम्बीनी | **अं.प्र.का.लुम्वीनी** | ०७१- २०१११ |
| | जि.प्र.का.रुपन्देही | ०७१- ५२०१९९/५२११००/ ५२२१५९/ ५२४००७/ ५२३३९९, /५२७१९९ |
| | जि.प्र.का.नवलपरासी | ०७८- ५२०१९९/५२०१००० |
| | जि.प्र.का.कपीलवस्तु | ०७६- ५६००९९ |
| | जि.प्र.का.अर्घाखाची | ०१९- ४४८००२ |
| | जि.प्र.का.पाल्पा | ०७५- ५२०२५५,१००,५२०१५५ |
| | जि.प्र.का.गुल्मी | ०७९- ५२०१९९ |

मध्य पश्चिम क्षेत्र

| अंचल | जिल्ला | फोन नं. |
|---|---|---|
| **कर्णाली** | **अं.प्र.का.कर्णाली** | ०८७- ००४० |
| | जि.प्र.का.हुम्ला | ०८७- ६८००९९ |
| | जि.प्र.का.जुम्ला | ०१९-५२०१३३ |
| | जि.प्र.का.कालीकोट | ०१९- ४५२०१० |
| | जि.प्र.का.मुगु | ०८७-४५००२२ |
| | जि.प्र.का.डोल्पा | ०८७- ५५००५४ |
| **भेरी** | **अं.प्र.का.भेरी** | ०८१- ५५०७७७ |
| | जि.प्र.का.दैलेख | ०८९- ४२०१२५ |
| | जि.प्र.का.जाजरकोट | ०१९- ६५४५०३ |
| | जि.प्र.का.वांके | ०८१- ५२०२११/१०० |
| | जि.प्र.का.सुर्खेत | ०८३- ५२०१९९ |
| | जि.प्र.का.वर्दिया | ०८४- ५२०१९९ |
| **राप्ती** | **अं.प्र.का.राप्ती** | ०८२- ५२०१९९ |
| | जि.प्र.का.रुकुम | ०१९-६५७००० |
| | जि.प्र.का.सल्यान | ०८८- ५२००९९ |
| | जि.प्र.का.प्युठान | ०८६- ४२००४९ |
| | जि.प्र.का.रोल्पा | ०१९- ४५७५०६ |
| | जि.प्र.का.दाङ्ग | ०८२- ५६०१९९ |

सुदुर पश्चिम क्षेत्र

| अंचल | जिल्ला | फोन नं. |
|---|---|---|
| **सेति** | **अं.प्र.का.सेति** | ०९१- ११०३ |
| | जि.प्र.का.वभ्काङ्ग | ०९२- ६९०३५५ |
| | जि.प्र.का.वाजुरा | ०९७- ५४०३१२ |
| | जि.प्र.का.डोटी | ०९४- ४४२०२०५ |
| | जि.प्र.का.अछाम | ०९७- ५२९१०० |
| | जि.प्र.का.कैलाली | ०९१- ५२११५० |
| **महाकाली** | **अं.प्र.का  महाकाली** | ०९९- ११५५ |
| | जि.प्र.का.दार्चुला | ०१९- ४२०१९९ |
| | जि.प्र.का.बैतडी | ०९५- ५२०१९९ |
| | जि.प्र.का.डडेल्धुरा | ०१९- ४२०१९९ |
| | जि.प्र.का.कन्चनपुर | ०९९- ५२१२२०० |